वर्ष १३ । अङ्क २४७ । काठमाडौं । बुधवार, १३ असार २०७५ । Wednesday, 27 June 2018 । पृष्ठ ८+४ । मूल्य रू. १०

@abhiyannationaldaily
@arthik_abhiyan

ग्राहक प्रति
NEW BUSINESS AGE (P) LTD.

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक
www.abhiyan.com.np



'बुटवल प्रदर्शनी केन्द्र'का लागि ग्लोबल टेण्डर ३
जानकारी चाहियो ! ४
बजार १२ सय विन्दुभन्दा तल ७
जर्मनीलाई रोक्ने प्रयासमा दक्षिण कोरिया ११




नेपालका प्रतिष्ठित
व्यावसायिक घराना
आईएमई समूह पृष्ठ १०

नेप्से परिसूचक




सुन (१० ग्राम)




अमेरिकी डलर




# मरीच तस्करी प्रकरणका अनुत्तरित प्रश्न

**ओमप्रकाश खनाल**

वीरगञ्ज

छाला निकासीको आवरणमा भारततर्फ मरीच तस्करी गरेको आरोपमा उद्योगी सञ्जय अग्रवाल करीब १ हप्तादेखि राजस्व अनुसन्धान विभागको हिरासतमा छन् । विभागले मागेको ३ करोड ७६ लाख ८० हजार रुपैयाँ धरौटी जुटाउन नसकेपछि उद्योगी अग्रवाललाई नक्खु कारागारमा राखिएको छ । 'गम्भीर प्रकृतिको' अपराध भन्दै यसको अनुसन्धानमा विभाग आफैले हात हालेको छ । अहिलेसम्म ग्लोबल लेदर टेनिङ इण्डष्ट्रिज प्रालिका सञ्चालक अग्रवालसहित अन्य २ जनालाई अनुसन्धानले हिरासतमा लिएको छ । भन्सार एजेण्टका प्रतिनिधि दिलीप श्रीवास्तव र ट्रक चालक भारतीय नागरिक धर्मेन्द्रकुमार पनि हिरासतमा छन् ।

गत जेठ २१ गते वीरगञ्ज मुख्य नाकाबाटै भारततर्फ लैजान लागिएको १२ मेट्रिकटन मरीच सीमानजीकै बरामद भएसँगै अनुसन्धान तीव्र पारिएको थियो । तर, यो प्रकरणका कतिपय नसुल्झिएका यस्ता प्रश्न छन्, जसले आशङ्काको दायरालाई फराकिलो पारिदिएको छ ।



बरामद मरीचको फाइल तस्वीर

उद्योगको आवरणमा तस्करीको आरोप लागेका व्यवसायी अग्रवाल धरौटी जोहो गर्न नसक्दा थुनामा छन् । अनुसन्धान विभागले बदनियत राखेर बढी धरौटी मागेको गुनासो उनका आफन्त र निकट व्यक्तिहरूले गरेका छन् । 'व्यवसायी, एजेण्ट र चालकलाई मात्र थुनेर प्रकरणमा संलग्न अन्य पक्षलाई जोगाउन खोजेजस्तो देखियो,' उनीहरूको आरोप छ । धरौटीको वैधानिक प्रावधान जेजस्तो भए पनि यो आरोप अनुसन्धानको पारदर्शितामाथि गम्भीर प्रश्न भने हो ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक दीर्घराज मैनाली अनुसन्धान सकिएपछि सबै सत्यतथ्यबाहिर आउने दाबी गर्छन् । राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन-२०५२ को व्यवस्थाअनुसार धरौटी मागिएको उनको भनाइ छ । 'प्रहरीले पठाएको बिगोलाई आधार मानेर धरौटी तोकिन्छ । त्यसमा हामीले कमबेस गर्नै मिल्दैन,' उनले आर्थिक अभियानसित भने ।

» बाँकी पृष्ठ ५ मा

# भारतमा भन्दा नेपालमा पेट्रोल सस्तो

## सबैभन्दा सस्तो भेनेजुयलामा

काठमाडौं (अस) । भारतको तुलनामा नेपालमा पेट्रोल करीब ११ रुपैयाँ सस्तो छ । नेपालीले एक लिटर पेट्रोलका लागि १ सय १० रुपैयाँ तिरिरहेका छन् ।

**विभिन्न देशमा पेट्रोलको मूल्य**

| देश | मूल्य नेरू (करीब) |
|---|---|
| भेनेजुएला | १ |
| अफगानिस्तान | ७६ |
| पाकिस्तान | ८३ |
| श्रीलङ्का | १०२ |
| भुटान | १०३ |
| नेपाल | ११० |
| बङ्गलादेश | ११५ |
| माल्दिभ्स | १२६ |
| भारत | १२१ |
| हङकङ | २३२ |
| विश्वको औसत | १२८ |

स्रोत : ग्लोबल पेट्रोल प्राइस डट कम

भारतमा भने यो दर १ सय २१ रुपैयाँ रहेको छ । पेट्रोलको खुद्रा मूल्यका आधारमा भने नेपाल दक्षिण एशियामा नेपाल पाँचौं स्थानमा छ । विश्वमा सबैभन्दा सस्तो पेट्रोल भेनेजुएलामा पाइन्छ । त्यहाँ आम जनताले प्रतिलिटर पेट्रोलका लागि १ रुपैयाँ मात्रै तिर्छन् । पेट्रोल सबैभन्दा महँगो भएको देश भने हङकङ हो । त्यहाँ १ लिटर पेट्रोलका लागि २ सय ३२ रुपैयाँ तिर्नुपर्छ । हङकङले प्रत्येक साता पेट्रोलको मूल्य तोक्छ । माथि तालिकामा दिइएको मूल्य भारतको असार १२ गतेको हो भने अन्यको असार ४ गतेको हो । (यहाँ पेट्रोलको भाउ १ डलरबराबर १ सय ९ रुपैयाँ ३० पैसा नेपाली रुपैयाँ मानेर हिसाब गरिएको छ ।)

आर्थिक अभियान दैनिक
गुनासो वा सुझावका लागि
ग्राहक हटलाइन
४१०१५८३
वा
nubiz<space>cir नाम, ठेगाना र सम्पर्क नम्बर टाइप गरी 32233 मा SMS गर्नुहोस् ।

# व्यवसायी उत्तम अग्रवालसँग राजस्व अनुसन्धानले लियो बयान

**अभियान संवाददाता**

वीरगञ्ज

मरीच तस्करी प्रकरणमा राजस्व अनुसन्धान विभागले वीरगञ्जका व्यवसायी उत्तम अग्रवालसित बयान लिएको छ । विभागले अग्रवालसित मङ्गलवार बयान लिएको हो । वीरगञ्ज उद्योग वाणिज्य सङ्घले भने व्यवसायी पक्राउको विरोध गरेको छ । मरीच तस्करीको घटनाबारे बुझ्नुपर्ने भएकाले अग्रवालसित बयान लिइएको विभागका अनुसन्धान अधिकृत ध्रुव पोखरेलले बताए । 'उनीसँग बयान लिएका छौं । अन्य विषयमा बुझ्न भोलि पनि बोलाइएको छ,' पोखरेलले मङ्गलवार साँझ आर्थिक अभियानसित भने ।

राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैयाको टोलीले अग्रवाललाई सोमवार साँझ वीरगञ्जबाट नियन्त्रणमा लिएको थियो । राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैयाले उनलाई मङ्गलवार विभागमा उपस्थित गराएको हो । उत्तम वीरगञ्ज नाकाबाट छाला निकासी भन्दै मरीच तस्करी गरेको आरोपमा राजस्व अनुसन्धान विभागको हिरासतमा रहेका उद्योगी सञ्जय अग्रवालका भाइ हुन् ।

### उद्योगी व्यापारीलाई प्रताडित गरिएको वीउवासङ्घको आरोप

यसैबीच सङ्घले विज्ञप्ति निकालेर राजस्व अनुसन्धान विभागले व्यवसायी अग्रवाललाई कानूनविपरीत पक्राउ गरेको भन्दै गम्भीर ध्यानाकर्षण भएको बताएको छ । अनुसन्धानको सिलसिलामा केही कुरा बुझ्नुपर्ने भएकाले २४ घण्टाभित्र विभागमा सम्पर्क राख्ने बेहोराको पत्र थमाएर व्यवसायी अग्रवाललाई पक्राउ गर्नु गैरकानूनी भएको आरोप सङ्घका अध्यक्ष ओमप्रकाश शर्माले लगाए ।

राजस्व अनुसन्धानले कानूनी अधिकारको ख्याल नराखी पक्राउ पुर्जीविनै व्यवसायीलाई पक्राउ गरेको सङ्घको विज्ञप्तिमा उल्लेख छ । पछिल्ला केही दिनयता काठमाडौं, वीरगञ्जलगायत शहरमा नियामक निकायले अनुसन्धान र छानविनका नाममा उद्योगी व्यापारीलाई प्रताडित गरेको सङ्घले आरोप लगाएको छ ।

» बाँकी पृष्ठ ५ मा

व्यङ्ग्यार्थ

■ रोहन




नामहरू चैं सरसफाइ नगर, रोजगारी नगर, सुरक्षा नगर अनि विकास नगर रे !




# कोटेश्वरको भयावह जाम

**तुफान घिमिरे**

काठमाडौं

अत्यधिक सवारी चापका कारण काठमाडौं उपत्यकाका मुख्यमुख्य चोकमा ट्राफिक जामको समस्या दिनानुदिन बढ्दो छ । तर, यी जाममध्येको सबैभन्दा पीडादायी र भयावह जाम यतिबेला कोटेश्वर नाकामा हुँदै आएको छ । कोटेश्वर चोकदेखि २ किमी परको गठ्ठाघरसम्म दैनिक घण्टौंको जामका कारण आम सर्वसाधारण आजित बन्न थालेका छन् । काठमाडौंमा दैनिक कामकाजकै लागि आउने सरकारी तथा निजी कर्मचारी, विभिन्न पेशा व्यवसायमा रहेका व्यक्ति र गन्तव्यमा हिँडेका सर्वसाधारणका लागि कोटेश्वरको जाम मानसिक तनावको कारण बन्न पुगेको छ । सधैंको ढिलाइका कारण विभिन्न कार्यालयमा काम गर्नेहरूको अवस्था दयनीय बन्न पुगेको छ । भक्तपुरआसपास कोठाभाडामा बस्नेहरू अहिले चक्रपथभित्रका स्थानमा कोठा सर्न थालेका छन् ।



तस्वीर सौजन्य : विश्व पोखरेल

देशकै पहिलो ६ लेनको फराकिलो सडक, दायाँबायाँ सर्भिस ट्र्याक खोल्दा पनि जामको समस्या हट्न नसक्दा सार्वजनिक सवारीसाधनमा कोचिएर आउने यात्रु मात्रै होइन, निजी सवारीसाधन, एम्बुलेन्सका बिरामी, त्रिभुवन विमानस्थलमा समयमा पुग्नुपर्ने यात्रुदेखि गन्तव्यमा हिँडेका आम मानिस पीडा भोग्न बाध्य छन् । जामकै कारण हजारौं मानिसको उत्पादक समय खेर गइरहेको छ भने अर्कोतिर २ किमी सडकमा घण्टौं लाइन लागेका सवारीसाधनले खपत गरेको पेट्रोलियम पदार्थका कारण हुने घाटा राज्यका लागि नै चुनौतीपूर्ण देखिएको छ ।

दैनिक जामका कारण सर्वसाधारणले भोग्नुपरेको समस्यालाई राज्य तहमा बसेका सरोकारवाला निकायले थाहा नपाएको भने होइन । केही दिन अगाडिमात्रै भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले कोटेश्वरको जामको स्थलगत अनुगमन गरी जाम हटाउन सम्बन्धित निकायलाई निर्देशन दिएका थिए । तर, जाम हटाउन तत्कालीन र दीर्घकालीन समाधानका उपाय अपनाउन ढिलाइका कारण सम्बद्ध सरकारी निकाय सर्वसाधारणको दोषारोपणको भागी भएको छ ।

» बाँकी पृष्ठ ५ मा

# अण्डामा बिचौलियाको बिगबिगी

अभियान संवाददाता
चितवन

अण्डामा बिचौलियाको बिगबिगीका कारण कृषक एवम् उपभोक्ता मारमा परेका छन् । नेपाल अण्डा उत्पादक सङ्घले तोकेको मूल्यभन्दा चर्को मूल्य तिरेर उपभोक्ताले अण्डा उपभोग गर्नु परेको छ ।

सङ्घले ठूलो अण्डा प्रतिफार्मको मूल्य २ सय ७० रुपैयाँ र सानो अण्डाको प्रतिक्रेट १ सय ५० रुपैयाँ कायम गरेको छ । तर, बिचौलियाले सानो अण्डा प्रतिक्रेट २ सय ७० रुपैयाँमा बेच्ने गरेका छन् भने ठूलो अण्डा ४ सय ५० रुपैयाँसम्ममा बेच्ने गरेका छन् । अण्डा अत्पादक सङ्घ केन्द्रीय अध्यक्ष त्रिलोचन कँडेलले कृषक र उपभोक्ताबीचको अन्तरलाई हेर्दा बिचोलियाले निकै मुनाफा पाउने गरेको बताए । बजारलाई नियन्त्रण गर्न नसक्दा उपभोक्ता मारमा परेको कँडेलको भनाइ छ ।



जिल्लामा नियमित अनुगमन हुने गरेको भए पनि अनुगमन खासै प्रभावकारी नभएको उनको गुनासो छ ।

अण्डा प्रतिगोटा पाँचदेखि नौ रुपैयाँ परे पनि उपभोक्तासम्म पुग्दा १५ रुपैयाँ पर्ने गरेको छ । अण्डा उत्पादक कृषकबाट उपभोक्तासम्म आइपुग्दा पाँचौं तह पार गरी आउने भएकाले मूल्यमा वृद्धि भएको हुन सक्ने दाउन्ने ट्रेडर्सका विनोद पोखेलले जानकारी दिए । पोखेलका अनुसार कृषकको फार्मबाट सप्लायर्स, सप्लायर्सबाट सेल्स डिष्ट्रिब्युटर्स हुँदै होलसेलर, सेल्समेन, पसल र उपभोक्तामा पुग्छ ।

सानो र ठूलो अण्डाको मूल्य फरकफरक भए पनि बिचौलियाले सानो र ठूलो अण्डा एकै ठाउँमा मिसाएर बेच्ने गरेको उपभोक्ताको गुनासो छ । सङ्घको तथ्याङ्कअनुसार नेपालमा १५ हजारभन्दा बढी अण्डा उत्पादक कृषक रहेका छन् र दैनिक करीब २८ लाख गोटा अण्डा उत्पादन हुँदै आएको छ ।



तस्वीर : रासस

**चीनको सीमाक्षेत्र मुस्ताङको कोरलामा असार २ गतेदेखि जारी नेपाल–चीन व्यापार मेला । मेलामा चीनमा उत्पादित लत्ताकपडा, पेयपदार्थ, चाउचाउ, साबुन तथा फर्निचरलगायत सामग्री र नेपाली उत्पादन चाउचाउ, हस्तकला, चाँदीका भाडा, गलैंचा पस्मिना र यार्सागुम्बालगायत व्यापार हुने गरेको छ ।**

## पर्वतमा एक वडा एक नमूना कृषि फार्म अभियान

फलेवास । पर्वतको फलेवास नगरपालिकाले एक वडा एक नमूना कृषि तथा पशु फार्म स्थापनाको अभियान थालेको छ । फलेवास नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकाका ११ वटै वडामा कृषि तथा पशु फार्म स्थापना गर्न बजेट विनियोजन गरेको छ । नगरपालिकाको तेस्रो नगरपरिषद्मा प्रस्तुत भएको बजेटमा कृषि फार्म राख्न १० रोपनी र पशु फार्मका लागि कम्तीमा ५० पशु अटाउने फार्म अघि सारेको नगरप्रमुख पदमपाणि शर्माले बताए ।

नगरपालिकाले भाँडाकुँडा तथा घरेलु सामग्री उत्पादन गर्ने उद्योग स्थापनासमेत गर्ने भएको छ । त्यस्तै, एक घर एक खानेपानीको धारा निर्माण अभियानलाई थप प्रभावकारी बनाउने भएको छ ।

यस्तै तीनवटा चक्रपथ निर्माण गर्नसमेत नगरपरिषद्ले बजेट विनियोजन गरेको छ । नगरपालिकाका बाहिरी क्षेत्र समेटेर बाहिरी चक्रपथ, भित्री सडकको सञ्जाल जोडेर भित्री तथा फलेवास क्षेत्रका देवीस्थान, खानीगाउँ र मुडिकुवा जोड्ने मुख्य चक्रपथ निर्माण गर्न बजेट विनियोजन गरिएको शर्माले जानकारी दिए । फलेवासले आगामी आवका लागि चालू खर्चतर्फ ३३ करोड ५ लाख ५१ हजार तथा पूँजीगततर्फ १३ करोड ७१ लाख ४४ हजार रुपैयाँ विनियोजन गरेको छ । *रासस*

## १२ करोड लगानीमा राप्तीमा पहिलो फनपार्क



घोराही (अस) । दाङको दक्षिण अम्राईमा राप्तीकै पहिलो मनोरञ्जन उद्यान 'फनपार्क' स्थापना गरिएको छ । निजी क्षेत्रको रू. १२ करोड लगानीमा स्थापना गरिएको फनपार्क आगामी वर्षभित्र सञ्चालनमा आउने अपेक्षा गरिएको छ । पार्कको ३५ प्रतिशत निर्माण कार्य पूरा भइसकेको छ । फनपार्कमा एकीकृत रूपमा पार्टीप्यालेस, सभाहल, वाटर पर्क, गेम जोन, लजिङ तथा फुडिङ, होटेल तथा रेष्टुराँ सञ्चालन गरिने सञ्चालक समितिका सदस्य अभियान बस्नेतले जानकारी दिए । फनपार्कमा स्वीमिङ पुलको व्यवस्था गरिएको छ । यसअघि दाङमा दुईओटा होटलले मात्र स्वीमिङ पुल सञ्चालनमा ल्याएका थिए । फनपार्कमा आन्तरिक तथा बाहच पर्यटकका लागि स्थानीय परिकारको व्यवस्थासमेत गरिने बस्नेतले बताए । दाङ जिल्ला उद्योग वाणिज्य सङ्घका सदस्य महेन्द्र बुढाथोकीले पछिल्लो समय दाङमा होटल तथा मनोरञ्जनको क्षेत्रमा लगानी बढेको बताए । दाङमा यस्ता फनपार्कमा अझै लगानी हुन जरुरी भएको उनको भनाइ छ ।

## टमाटर खेतीबाट वार्षिक १५ लाख आम्दानी

सिन्धुली (अस) । झापाका कमल भट्टराईले सिन्धुलीको कमलामाई नगरपालिका–८ मा भाडामा जमीन लिई टमाटार खेती गर्दै आएका छन् । उनले टमाटर खेतीबाट वार्षिक १५ लाखसम्म आम्दानी गर्ने गरेका छन् । ४३ वर्षीय भट्टराईले कमलामाई–८ को माईस्थान, करकरे र हर्दियामा ११ बिघा जमीनमा बेमौसमी टमाटर खेती गरी उक्त आम्दानी गर्न सफल भएका हुन् ।

उनी वर्षमा दुई सिजन टमाटर उत्पादन गर्छन् । एक सिजनमा ६ देखि ८ लाख रुपैयाँसम्मको



टमाटर बिक्री गर्न सफल भएको उनले बताए । दैनिक १५ सय देखि २ हजार किलो टमाटर सिन्धुली सदरमुकाममै बिक्री गर्ने गरेको र बाँकी दुई साना गाडी टमाटर लालबन्दी र ढल्केवरका व्यापारीलाई बिक्री गर्ने गरेको भट्टराईले जानकारी गराए । उनले टमाटर खेती शुरू गरेको ५ वर्ष भयो । परिवारका सदस्य र केही कामदार राखेर उनले टमाटर खेती गरेका छन् । मेहनत गरे जुनसुकै कृषि व्यावसायबाट फाइदा लिन सकिने र सफलता मिल्ने उनको विश्वास छ । कमलामाई नगरपालिकाले टमाटर खेतीको विकासका लागि रू. १ लाखबराबरको पानी तान्ने मेशिन, पाइपलगायत सामगी अनुदानमा दिएको भट्टराईले बताए । टमाटर खेतीलाई अझै व्यवस्थित गर्न बिरुवा उत्पादनका लागि हाइटेक नर्सरी गृह आवश्यक रहेको उनको भनाइ छ ।

## पर्यटकीय गन्तव्यको पहिचानमा सरकार

### १ सय नयाँ गन्तव्यको खोजी गरिने

काठमाडौं । आगामी आर्थिक वर्षमा सरकारले देशभर १ सय पर्यटकीय गन्तव्यको विकास गर्ने कार्य शुरू गर्ने भएको छ । पर्यटन प्रवर्द्धनका लागि योजनाबद्ध कार्यक्रम लागू गर्ने नीति लिएको सरकारले नेपाल भ्रमण वर्ष सन् २०२० लाई समेत केन्द्रमा राखी उक्त कार्यक्रम लागू गर्न लागेको हो ।

प्रतिनिधिसभाको मङ्गलवारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विनियोजन विधेयकमाथि सांसदले उठाएको प्रश्नको जवाफ दिँदै मन्त्री रवीन्द्र अधिकारीले हरेक प्रदेशमा कम्तीमा १० गन्तव्य हुने गरी १ सय गन्तव्यको पहिचान र प्रवर्द्धनको कार्य आगामी आवदेखि शुरू गरिने जानकारी दिए ।

नेपाल भ्रमण वर्षलाई सफल बनाउन पूरातात्त्विक सम्पदाको पुनर्निर्माण चाँडो सम्पन्न गरी आन्तरिकतर्फ घरबास कार्यक्रम 'होम स्टे', धार्मिक पर्यटन प्रवर्द्धन तथा छिमेकी मुलुक भारत र चीन लक्षित प्रवर्द्धनका गतिविधिलाई तीव्रता दिइएको सो अवसरमा उनले बताए । मुलुकको एक मात्र अन्तरराष्ट्रिय विमानस्थलको चाप न्यूनीकरण गरी सेवालाई गुणस्तरीय बनाउन विमानस्थल दैनिक २१ घण्टा सञ्चालनमा रहेको बताए ।

सोअवसरमाउनलेनिर्माणाधीन गौतमबुद्ध विमानस्थलको काम १ वर्षभित्र सम्पन्न गरिने, ३ वर्षभित्र पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माण गरिने तथा बाराको निजगढमा दोस्रो अन्तरराष्ट्रिय विमानस्थल निर्माण कार्य शीघ्र अघि बढाइने बताए ।

नेपाललाई विश्वकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजनाअन्तर्गत



सम्पदा पुनर्निर्माण, नयाँ गन्तव्य प्रवर्द्धन, पर्यटकीय पूर्वाधार विकासलाई प्राथमिकताका साथ अघि बढाइएको, पर्यटकीय क्षेत्र रारा, खप्तड क्षेत्रआदिको प्रवर्द्धनका लागि योजनाबद्ध कार्यक्रम अघि बढाइएको उनको भनाइ थियो । पर्यटकीय पूर्वाधार विकासमा जोड दिएको सरकारले सातओटै प्रदेशमा एउटा महत्त्वपूर्ण विमानस्थल निर्माण गर्ने गरी योजना अघि बढाएको छ ।

सरकारले आगामी आवका लागि पर्यटन प्रवर्द्धन तथा विस्तारमा ५ अर्ब २० करोड ३४ लाख र हवाई क्षेत्रको विकासका लागि १९ अर्ब ३५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

**३ महिनाभित्र नेपालगञ्ज–नयाादिल्ली उडान**

पर्यटनमन्त्री अधिकारीले अबको ३ महीनाभित्र नेपालगञ्जबाट भारतको नयाँदिल्ली सीधा उडान शुरू हुने बताएका छन् । यसबाहेक विराटनगर, जनकपुरलगायत गन्तव्यबाट समेत भारतका विभिन्न शहरमा सीधा उडान सञ्चालनको पहल भइरहेको पनि उनको भनाइ थियो । त्यस्तै, नेपाल वायु सेवा निगमको विमानलाई चीनका विभिन्न गन्तव्यमा उडान गर्न पहल भइरहेकोसमेत उनले जानकारी दिए । *रासस*

## १० विद्यालयलाई १० थान स्मार्ट टीभी

म्याग्दी (अस) । जिल्लाको अन्नपूर्ण गाउँपालिकाले १० ओटा माध्यमिक विद्यालयलाई टेलिटिचिङ सञ्चालनका लागि स्मार्ट टीभी वितरण गरेको छ । गाउँपालिका अध्यक्ष डमबहादुर पुनले सोमवार पोखरेबगरमा भएको एक कार्यक्रमबीच वडाअध्यक्ष र विद्यालयका प्रधानाध्यापकलाई स्मार्ट टीभी तथा आईसीटी सामग्री वितरण गरेका हुन् ।

गाउँपालिकाको आर्थिक सहयोग, राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनको प्राविधिक सहयोग र गाउँपालिकास्तरीय शिक्षक महासङ्घ कार्यसमितिको समन्वयमा मावि तहका विद्यालयमा उच्च गतिको इण्टरनेट जडान गरी स्मार्ट टीभीमार्फत टेलिटिचिङ शुरू गर्ने तयारी तीव्र पारिएको छ । आगामी साउनदेखि नै विद्यालयमा टेलिटिचिङ शुरू गर्न स्मार्ट टीभी वितरण तथा प्राविधिक जडानको काम भएको बताउँदै हरेक विद्यालयले प्रविधियुक्त कक्षाकोठाको व्यवस्थापनका लागि जनशक्ति परिचालन गरी टेलिटिचिङ प्रभावकारी बनाउन अध्यक्ष पुनले आग्रह गरे ।

कम्पनी ऐन २०६३ तथा बीमा ऐन २०४९ अन्तर्गत संस्थापित
प्रभु इन्स्योरेन्स लिमिटेड
prabhu INSURANCE protecting your future.
केन्द्रीय कार्यालय : तीनकुने, काठमाण्डौं नेपाल,
फोन नं.: ५१९९२२०, ५१९९२२६, फ्याक्स नं. :५१९९२४७
Email : info@prabhuinsurance.com, URL:www.prabhuinsurance.com
को
**मिति २०७५/०२/१३ गते सम्म कायम साविक शेयरधनीहरूका लागि एक शेयर बराबर शुल्य दशमलव चार छ (१ : ०.४६) शेयरको अनुपातमा मिति २०७५/०३/०८ गतेदेखि हकप्रद निष्काशन भैरहेको**
**हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद**
**मिति २०७५ श्रावण १० गते (बैकिङ्ग समय) सम्म मात्र**
अन्य विस्तृत जानकारीको लागि **मिति २०७५/०२/२१ गतेको "आर्थिक अभियान"** दैनिकमा प्रकाशित बैंकको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै निष्काशन बैंक तथा बिक्री प्रबन्धकको वेभसाइटमा पनि हेर्न सक्नु हुनेछ ।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७,
फ्याक्सः४२२२८०२, E-mail:info@prabhucapital.com
Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)

**सूचि दर्ता सम्बन्धि सूचना**
**सुचना प्रकाशित मिति २०७५।०३।१३**
आ.व. २०७५/०७६ को लागि यस विकास बैंकलाई तपसीलमा उल्लेख गरिए बमोजिमका सेवा तथा सामाग्री आपूर्ति गर्न चाहने फर्म तथा उद्योगहरुबाट फर्म दर्ताको प्रमाण-पत्र, मु.अ.क. दर्ता प्रमाण-पत्र, आयकर चुक्ता प्रमाण-पत्र तथा अन्य प्रमाण-पत्रको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मिति देखि आषाढ २७ गते भित्र सुचि दर्ता फारम सहितको निवेदन (बैंकले दिएको ढाँचामा) र निवेदन दस्तुर रु. १००/- (एक सय) यस बैंकको बनेपा शाखामा रहेको खाता नं. ९७७१४३१०१ वा प्रभु बैंक लि. को खाता नं. ०१९११६००२२७०२४००००० ३ मा बुझाएको सक्कलै भौचर सहित कुरियर मार्फत वा कार्यलयमा उपस्थित भई सुची दर्ता गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूची दर्ता गर्दा स्वीकृत प्राप्त कार्यका लागि मात्र आवेदन दिन पनि अनुरोध गदछौं ।
**तपसील**
१) फोटोकपी पेपर, नेपाली कागज र अन्य मसलन्द तथा स्टेशनरीका सामानहरु आपुर्तीका लागी ।
२) स्टेशनरी छपाई सम्बन्धी कार्यहरु (चेक, चेक कभर, स्टेटमेण्ट पेपर, खाता खोल्ने फाराम, क्यालेण्डर लगायत अन्य छपाई) ।
३) कम्प्यूटर, ल्यापटप, प्रिन्टर, CCTV, फ्याक्स, फोटोकपी मेसिन, UPS, जेनेरेटर, एयर कन्डिस्नर (AC), स्टेपलाइजर, नोट काउटिङ्ग मेसिन, नेटवर्किङ्गका लागि बिभिन्न Device हरु र अन्य IT Accessories आपुर्तीका लागी ।
४) Electronic Clearing Syste सम्बन्धी Scanner, Printer तथा Software हरुको आपुर्ति एवं मर्मत सेवा ।
५) सवारी साधनको स्पेयर पार्टस, टायर आपुर्ति एवं मर्मत सेवा ।
६) कम्प्यूटर, प्रिन्टर तथा अन्य इलेक्ट्रीकल तथा इलेक्ट्रोनिक सामान मर्मतका लागि ।
७ मेटल फर्निचर (फाइलिङ, क्याविनेट , सफे, भल्ट रुम औजारहरु, फायर प्रुफ क्याविनेट) तथा काठका फर्निचरका सामग्रीहरु आपुर्ती तथा मर्मत सम्भार कार्यहरु समेत ।
८) कार्यालय रंग रोगन तथा मर्मत संभार, प्लम्बिङ्ग र अफिस सरसफाई सेवा ।
९ बीमा तथा सुरक्षा गार्ड सम्बन्धी सेवा ।
१० कार्यालय सजावट, निर्माण तथा पुननिर्माण सेवा ।
११ सुचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यहरु ।
१२ विज्ञापन छपाइ तथा डिजाइन सेवा ।
१३ ग्लोबोर्ड, होर्डिङ्ग बोर्ड तथा साईन बोर्ड आपुर्ति तथा मर्मत सम्बन्धी कार्यहरु ।
१४ कर्मचारी पोशाक कपडा तथा अन्य बैंकिङ सम्बन्धी आवश्यक सेवाहरु ।
***नोटः*** मर्मत तथा सम्भारको लागि यस विकास बैंकको सम्पूर्ण शाखाहरुमा गई कार्य गर्नुपर्नेछ ।
यस सम्बन्धी थप जानकारीको लागी सामान्य प्रशासन बिभागमा सम्पर्क गर्न सकिनेछ साथै सुचि दर्ता फारम यस बैंकको वेबसाईट www.sindhubank.com.np बाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।
Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
कर्पोरेट कार्यालय, बनेपा, काभ्रे, फोन नं. ०११-६६२३४०/४१
E-mail: info@sindhubank.com.np

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
**नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np
को
**विशेष साधारण सभाबारे सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७५/०३/०६ गते)
यस कम्पनीको संचालक समितिको मिति २०७५/०३/०३ मा बसेको ७० औं बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न बिषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०७५ /०३/२१ गते बिहीबार (तदनुसार जुलाई ०५, २०१८) ।
समय : दिनको ४:०० बजे ।
स्थान : नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं ।
**छलफलका बिषयहरूः**
**क) प्रस्ताव :**
(१) कम्पनीको आ.व. २०७४/७५ को आठौं वार्षिक साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकद्वारा राजिनामा गरिएकाले कम्पनीको आ.व. २०७४/७५ को लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
(२) विविध ।
सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**

प्रतिलिपि अधिकारको पालना गरौं । कुनै पनि रचना, कलाकृति, गीत संगीत चलचित्र, कम्प्युटर सफ्टवेयर आदिमा धनीको (रचनाकार, सर्जक, निर्माता, उत्पादक) एकाधिकार रहन्छ । धनीको स्वीकृति बीना उत्पादन, पुनःउत्पादन, प्रकाशन प्रसारण विक्री वितरण, डाउनलोड आदि कार्य गरेमा कानुन बमोजिम जरिवाना र कैद सजाय हुन्छ। कानुन बमोजिम कसुरसँग सम्बन्धित माल जफत एवं क्षतिपूर्ति समते तिर्नुपर्ने हुन्छ। तसर्थ त्यस्तो कार्यको थालनी धनीको स्वीकृति लिएर मात्र गरौं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



तस्वीर : रासस

**अकबरे खुर्सानी बेच्नका लागि तयार गर्दै नुवाकोटको बेलकोटगढी–२, कुमरीका किसान गोविन्दप्रसाद तिमल्सिना । उनले घरबाटै प्रतिकिलो ८० देखि १ सय रुपैयाँसम्ममा खुर्सानी विक्री गर्दै आएका छन् ।**

# ‘बुटवल प्रदर्शनी केन्द्र’का लागि ग्लोबल टेण्डर

## ६ महीनामा टेण्डर प्रक्रिया सकी २७ महीनामै निर्माण पूरा गर्ने लक्ष्य

**बीपी गौतम**
रूपन्देही

बुटवलमण्डपमा निर्माण हुने अन्तरराष्ट्रिय स्तरको उच्च प्रविधियुक्त ‘बुटवल प्रदर्शनी केन्द्र’ निर्माणका लागि मङ्गलवार ग्लोबल टेण्डर आह्वान भएको छ । शहरी विकास मन्त्रालय, शहरी विकास र भवन निर्माण विभागअन्तर्गतको बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन एकाइले बोलपत्र आह्वान गरेको हो ।

६ महीनाभित्र प्रक्रिया सक्ने गरी बोलपत्रको काम शुरू गरिएको परियोजना प्रमुख शिखर लामाले जानकारी दिए । शुरू भएको २७ महीनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको प्रमुख लामाको भनाइ छ ।

साढे १६ बिगाहा क्षेत्रफल रहेको बुटवलमण्डपमा अहिले अन्तरराष्ट्रिय प्रदर्शनी स्थल (सभाहल) निर्माणको काम चलिरहेको छ । आकाशबाट हेर्दा नेपाली राष्ट्रिय झण्डा आकारमा यो प्रदर्शनी स्थलको निर्माण हुनेछ । मण्डपमै रहेको बाँकी ६ बिगाहा क्षेत्रमा व्यवस्थित प्रदर्शनी केन्द्र बनाइनेछ ।

बुटवलमण्डपमा काठमाडौंको भृकुटीमण्डपजस्तै भित्र खुला भएको ठूलो भवन हुनेछ । प्रदर्शनीका लागि विभिन्न व्यवस्थित क्षेत्र पनि बन्नेछन् । सोही प्रदर्शनी केन्द्रमै चिल्डेन पार्क, व्यवस्थित पार्किङ क्षेत्रसहित हरियालीयुक्त वातावरण तयार हुने बताइएको छ ।

विष्णुप्रसाद पौडेल अर्थमन्त्री बनेका बेला बुटवलमा अन्तरराष्ट्रिय सम्मेलन केन्द्र र प्रदर्शनी केन्द्रलगायत निर्माणको सङ्कल्प गरिएको थियो । सरकारले गत माघमा मुलुकका सातै प्रदेशमा अन्तरराष्ट्रिय व्यापार प्रदर्शनी केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो ।

सङ्गठनलगायत संस्थाले अस्थायी संरचना निर्माण गर्दै मेला महोत्सव गर्दै आएका छन् ।

उद्योग सङ्घका अध्यक्ष गणेश अधिकारीले प्रक्रिया शुरू हुनु खुशीको कुरा रहेको भन्दै ग्लोबल टेण्डरमा सामेल हुने कम्पनीलाई अग्रिम शुभकामना दिए । व्यापार




व्यवस्थित प्रदर्शनी केन्द्र निर्माणसँगै बुटवलमण्डपमा अस्थायी संरचना बनाई प्रदर्शनी तथा मेला महोत्सव सञ्चालन हुँदा खेर जाने रकम बचत हुने अपेक्षा व्यवसायीको छ । रूपन्देही उद्योग सङ्घ, रूपन्देही व्यापार सङ्घ, बुटवल उद्योग वाणिज्य सङ्घ, उद्योग व्यापार सङ्घका अध्यक्ष पदम श्रेष्ठले बुटवलम व्यवस्थित प्रदर्शनी केन्द्रको खाँचो रहेको बेला शुरू भएको प्रक्रियाले उत्साह जागेको बताए । उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमबहादुर हमालले अन्तरराष्ट्रिय प्रदर्शनी स्थलको निर्माणले आर्थिक सबलीकरणमा समेत मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

## बैङ्किङ गतिविधि

### सिटिजन्सका सेवाग्राहीलाई नर्भिकमा छूट

काठमाडौं (अस) । सिटिजन्स बैङ्कले आफ्ना ग्राहकलाई उपचारमा सहुलियत दिने उद्देश्यले नर्भिक इण्टरनेशनल हस्पिटलसँग सहकार्य गरेको छ । उक्त सहकार्यात्मक सम्झौतापछि सिटिजन्सका ग्राहक तथा कर्मचारीले नर्भिक हस्पिटलमा उपचार गराउँदा छूट प्राप्त गर्न सक्नेछन् । बैङ्कका नायव प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा अस्पतालका कार्यकारी निर्देशक राजेन्द्रबहादुर सिंहले सोसम्बनधी सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौतासँगै बैङ्कका कार्डबाहक ग्राहक तथा कर्मचारीले नर्भिक हस्पिटलमा उपचार गराउँदा विभिन्न सेवामा छूट प्राप्त गर्न सक्नेछन् ।

### कृषि विकास र रेण्डा बिजबीच सहकार्य



काठमाडौं (अस) । कृषि विकास बैङ्क र रेण्डा बिज सर्भिस कम्पनीबीच सहकार्यात्मक सहमति भएको छ । कृषि विकास बैङ्कले प्रयोगमा ल्याइरहेको समग्र सूचना प्रविधिबारेमा जाँचबुझ तथा लेखापरीक्षणका लागि दुई संस्थाबीच सम्झौता भएको हो । बैङ्कका सामान्य सेवा विभागका प्रमुख दीर्घबहादुर अर्याल र रेण्डा बिजका म्यानेजिङ पार्टनर भरत रिजालले सोसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् । सहमतिपछि बैङ्कको हाल प्रयोगमा रहेको सीबीएसलगायत समग्र सूचना प्रविधिको परीक्षण, थप सुरक्षाका लागि अपनाउनुपर्ने सावधानी र थप सुरक्षित एवम् गुणस्तरीय सेवा प्रदान गर्न बैङ्कले लिनुपर्ने नीतिगत व्यवस्थाको परीक्षणसमेत हुने बताइएको छ ।

### जनताको सेवा विस्तार

काठमाडौं (अस) । जनता बैङ्कले सबै तह र वर्गसम्म वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले एक नयाँ शाखा र ६ शाखारहित बैङ्किङ सेवा सञ्चालन गरेको छ । सेवा विस्तारका क्रममा बैङ्कले जाजरकोटको छेडागाड नगरपालिका-५, थलहमा शाखा सञ्चालन गरेको छ । यसैगरी, बैङ्कले बाँकेको बानियभार, कैलालीको चिसापानी र स्याउले बजार तथा कञ्चनपुरको जिमुवा र चाँदनीमा शाखा रहित बैङ्किङ सेवाबाट कारोवार सञ्चालन गरेको एक विज्ञप्ति प्रकाशित गरी जानकारी दिएको छ । थप सेवा सञ्चालनले स्थानीय तहका व्यवसायी तथा सर्वसाधारणलाई वित्तीय कारोबार गर्न सहज हुने बैङ्कको विश्वास छ । स्थानीय तहमा छरिएर रहेको बचत परिचालन गरी सोही क्षेत्रका उद्योग व्यवसायमा टेवा पुऱ्याउने उद्देश्यले शाखा सञ्चालन गरिएको बैङ्कको भनाइ छ ।

योसमेत गरी जनता बैङ्कले देशभर १ सय १९ शाखा ४७ शाखा रहित बैङ्किङ, दुई सीमित बैङ्किङ एकाइ, दुई एक्सटेन्शन काउण्टर तथा ६९ एटीएममार्फत सेवा प्रदान गरिरहेको छ ।

### कुमारी र आईएमई जनरल इन्स्योरेन्सबीच बैङ्कासुरेन्स सम्झौता

काठमाडौं (अस) । कुमारी बैङ्क र आइएमई जनरल इन्स्योरेन्सबीच बैङ्कासुरेन्स सेवा प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । बैङ्क र इन्स्योरेन्सबीच मङ्गलवार आयोजित एक कार्यक्रमबीच सोसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको हो । बैङ्कका वरिष्ठ नायब कार्यकारी अधिकृत अनुजमणि तिमिल्सिना र आईएमई जनरल इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले सोसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् । सहमतिसँगै बैङ्कका ग्राहकले आईएमई जनरल इन्स्योरेन्सले प्रदान गर्ने बीमा सेवासम्बन्धी सबै सुविधा बैङ्कका सबै शाखाबाट लिन सक्ने बताइएको छ ।

### ‘हाइसेन्स भाइबर स्टिकर्स फर वर्ल्ड कप २०१८’ को विजेता चयन



काठमाडौं (अस) । नेपालको लागि हाइसेन्स ब्राण्डको आधिकारिक वितरक नवीन डिष्ट्रिब्युटर्सले सञ्चालन गरेको ‘हाइसेन्स भाइबर स्टिकर्स फर वर्ल्ड कप २०१८’को पहिलो विजेतन चयन गरेको छ ।

फूटबल विश्वकप २०१८ लाई लक्षित गरी हाइसेन्सले सञ्चालन गरेको योजनाअन्तर्गत कपिल लुइँटेलले उपहारस्वरूप टीभी प्राप्त गरेका हुन् । उनलाई नवीन डिष्ट्रिब्युटर्सका प्रबन्ध निर्देशक आशिष टिव्रेबाल तथा साउथ एशिया भाइबरका पार्टनरशिप मेनेजर नीतिन त्यागीले उपहार प्रदान गरेका हुन् । कम्पनीले ल्याएको योजना अन्तर्गत हाइसेन्स भाइबर स्टिकर डाउनलोड गर्ने ग्राहकले हरेक हप्ता एलईडी टीभी र बम्पर पुरस्कारमा स्मार्ट टीभीसँगै आकर्षक हाइसेन्स गुडिज प्राप्त गर्नेछन् ।

### एलआईसी र घोडीघोडा लघुवित्तबीच बैङ्कासुरेन्स सम्झौता



धनगढी (अस) । प्रदेश नम्वर ७ मा कर्पोरेट कार्यालय रहेको घोडीघोडा लघुवित्त वित्तीय संस्था र लाइफ इन्स्योरेन्स कर्पोरेशन (एलआईसी नेपाल)बीच बैङ्कासुरेन्स सेवा प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । मङ्गलवार धनगढीमा आयोजित एक कार्यक्रमबीच दुई संस्थाबीच उक्त सम्झौता भएको हो ।

घोडीघोडाका प्रमुख कार्यकारी अधिकृत कुन्नुनारायण चौधरी र एलआईसी नेपालका प्रमुख कार्यकारी अधिकृत अभिजित घोष दस्तिदारले सोसम्बन्धी सहमति पत्रमा हस्तार गरेका हुन् । सहमतिसँगै बैङ्कका ग्राहकले एलआईसीले प्रदान गर्ने बीमा सेवासम्बन्धी सबै सुविधा लघुवित्तका सबै शाखाबाट लिन सक्ने बताइएको छ ।

### विदेशबाट फर्केर तरकारी खेती



म्याग्दी (अस) । म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोट अम्बोटका ४८ वर्षीय हरिलाल घिमिरे विदेशबाट फर्केर तरकारी खेतीमा आकर्षित भएका छन् । स ा उ दी म ा मासिक २० हजार पनि कमाइ गर्न नसकी १० वर्ष बिताएर गाउँ फर्किएका घिमिरेले २०५६ सालदेखि व्यावसायिक तरकारी खेती गर्दै आएका हुन् । ३० वर्षअघि विदेश जान ६० हजार ऋण नपाएर छटपटिएका उनले अहिले तरकारी खेतीबाटै मासिक ६० हजारभन्दा बढी आम्दानी गर्दै आएका छन् । ७ रोपनी जग्गामा विभिन्न मौसमी तथा बेमौसमी तरकारी खेती गरेका उनले वार्षिक ६ लाख रुपैयाँभन्दा बढी कमाइ हुने गरेको बताए ।

# गर्मीसँगै रेफ्रिजेरेटरको विक्री बढ्यो

## बजारमा १० हजारदेखि डेढ लाखसम्मका फ्रिज

**अभियान संवाददाता**
काठमाडौं

आधुनिक जीवनशैली र बदलिँदै गएको सामाजिक संरचनासँगै रेफ्रिजेरटरको माग बढेको छ । गर्मी मौसममा रेफ्रिजेरटरको विक्री २० प्रतिशतसम्मले बढ्ने व्यवसायीको भनाइ छ । विशेषगरी खानालाई स्वस्थ र ताजा राख्न रेफ्रिजेरेटर प्रयोग गरिन्छ ।

नेपाली बजारमा १० हजारदेखि १ लाख ५० हजार रुपैयाँसम्मका रेफ्रिजेरेटर उपलब्ध छन् । अहिले ‘सिक्स सेन्स फ्रोष्ट कण्ट्रोल’ प्रविधि भएको रेफ्रिजेरेटरसमेत भित्रिएको छ । सिक्स सेन्स फ्रोष्ट कण्ट्रोल भएको रेफ्रिजेरेटरमा लोडशेडिङको समयमा १७ घण्टासम्मको ब्याकअप रहने बताइएको छ । घरायशी प्रयोजनमा बढी प्रयोग हुने रेफ्रिजेरेटर व्यावसायिक प्रयोजनमा पनि उत्तिकै प्रयोग हुन थालेको छ । रेफ्रिजेरेटरको विक्री वर्षभर नै हुने गर्छ । गर्मी मौसममा रेफ्रिजेरटरको प्रयोग तुलनात्मक रूपमा बढी हुन्छ ।

अहिले वार्षिक २ अर्ब रुपैयाँबराबरको रेफ्रिजेरेटरको व्यवसाय हुन्छ । बजारमा दुई दर्जनभन्दा बढी ब्राण्डका रेफ्रिजेरेटर उपलब्ध छन् । सामसुङ, सान्यो, वर्लपूल, हिटाची, तोसिबा, गोदरेज, हायर, यासुदा र एलजी नाम चलेका केही ब्राण्ड हुन् । त्यस्तै, हिम इलेक्ट्रोनिक्सले ‘हिमस्टार’ र सीजी इलेक्ट्रोनिक्सले ‘सीजी’ ब्राण्डमा रेफ्रिजेरेटर उत्पादन गर्छन् । तर, यी दुवै रेफ्रिजेरटरको उत्पादन नेपालमा हुँदैन । विदेशीको तुलनामा नेपाली ब्राण्डका रेफ्रिजेरेटरको बजारहिस्सा भने अपेक्षित रूपमा बढ्न नसकेको सम्बद्ध व्यवसायीहरू बताउँछन् । रेफ्रिजेरटरको माग निरन्तर बढे पनि नेपालमा उत्पादन भने हुन सकेको छैन ।



बजारमा सिङ्गल, डबल र साइड बाई साइड डोर भएका रेफ्रिजेरेटर उपलब्ध छन् । यस्ता रेफ्रिजेरेटर ५ स्टार रेटिङअन्तर्गत पर्छन् । ५ स्टार पाएका रेफ्रिजेरटरले तुलानात्मक रूपमा कम विद्युत् खपत गर्ने व्यवसायीहरूको भनाइ छ ।

रेफ्रिजेरटरको प्रयोग गाउँमा पनि उत्तिकै हुन थालेको छ । विभिन्न खाद्यसामग्रीलाई ताजा राख्न रेफ्रिजेरटरले सहयोग गर्ने भएका कारण मानिसको आकर्षण बढेको व्यवसायीहरू बताउँछन् । मोटरबाटो पुगेका ठाउँमा खुलेका किराना पसलमा तुलनात्मक रूपमा सबैभन्दा बढी रेफ्रिजेरेटरको प्रयोग हुन थालेको छ । अहिले राजधानीमा करीब ३० प्रतिशत मात्र रेफ्रिजेरटरको व्यापार हुने व्यवसायीहरू बताउँछन् । त्यसैले पनि रेफ्रिजेरटरको प्रयोग ग्रामीण इलाकामा बढेको छ ।

रेफ्रिजेरटरमा २ वर्षसम्मको वारेण्टी उपलब्ध गराइएको छ । प्रायः सबै कम्पनीका रेफ्रिजेरटरमा २ वर्षसम्मको वारेण्टी रहेको सम्बद्ध व्यवसायीहरूको भनाइ छ ।

# क्यानले ४९ विद्यार्थीलाई छात्रवृत्ति दिने

विराटनगर (अस) । कम्प्यूटर एशोसिएशन नेपाल महासङ्घ (क्यान)ले सूचना प्रविधि अध्ययनका लागि यस वर्ष ४९ जना विद्यार्थीलाई १ करोड ८३ लाख रुपैयाँबराबरको छात्रवृत्ति प्रदान गर्ने भएको छ । सूचना प्रविधि विषयको अध्ययन ग्रामीण क्षेत्रसम्म पुगोस् भन्ने उद्देश्यले गरीब तथा जेहेनदार विद्यार्थीलाई क्यानले ‘नेशनल आईसीटी स्कलसिप-२०७५’ छात्रवृत्ति प्रदान गर्ने भएको हो ।

क्यान तथा लर्ड बुद्ध एजुकेशन फाउण्डेशनद्वारा विराटनगरमा शनिवार पत्रकार सम्मेलन गरी सातओटै प्रदेशबाट छनोट भएका जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जानकारी दिइयो । प्रत्येक प्रदेशबाट सातजना छात्राहरूलाई छात्रवृत्तिअन्तर्गत काठमाडौंमा रहेको लर्ड बुद्ध एजुकेशन फाउण्डेशनमा स्नातक तहअन्तर्गत बीएससी आईटी विषयमा अध्ययन गराइनेछ । ‘फिमेल मेरिट आईसीटी स्कलरशिप’बाट चार जना तथा ‘आईसीटी मेरिट स्कलरशिप’बाट तीनजना गरी प्रत्येक प्रदेशबाट ७/७ गरी ४९ जनाले १ करोड ८३ लाख ३६ हजार ५ सय रुपैयाँबराबरको छात्रवृत्ति प्राप्त गर्नेछन् । छात्रवृत्ति प्रदान गर्न क्यान महासङ्घले जिल्ला, प्रदेश र केन्द्रीय स्तरको छात्रवृत्ति छनोट समितिसमेत गठन गर्नेछ भने समितिले कक्षा १० र कक्षा १२ को प्राप्त अङ्क, स्थायी ठेगाना, आर्थिक अवस्था र स्थानीय सरकारको सिफारिशलगायत आधारमा छनोट गर्नेछ ।

**‘फिमेल मेरिट आईसीटी स्कलरशिप‘बाट चार जना तथा ‘आईसीटी मेरिट स्कलरशिप‘बाट तीनजना गरी प्रत्येक प्रदेशबाट ७/७ गरी ४९ जनाले १ करोड ८३ लाख ३६ हजार ५ सय रूपैयाँबराबरको छात्रवृत्ति प्राप्त गर्नेछन् ।**

लर्ड बुद्ध एजुकेशनका पङ्कज जलानले आगामी वर्ष छात्रवृत्तिका लागि विद्यार्थी सङ्ख्या थप गर्ने बताए । कार्यक्रममा प्रदेश-१ का अध्यक्ष देवकुमार सुब्बाले सूचना प्रविधि विषयलाई विद्यालयस्तरीय पाठयक्रममा राख्नुपर्ने तथा सूचना प्रविधि विषयको अध्ययनको शुल्क महँगो भएकाले कम गर्नुपर्नेमा जोड दिए ।

प्रविधि खासमा केही होइन । सबैभन्दा महत्त्वपूर्ण कुरा तपाईंले मानिसमाथि विश्वास राख्नुपर्छ । उनीहरू असल र छरिता छन् अनि उनीहरूलाई उपकरणहरू दिनुभयो, त्यसबाट उनीहरू अचम्मका कामहरू गर्नेछन् ।

– स्टीभ जब्स

## सम्पादकीय

# करमा दर्ता नहुने सहकारी

देशभरि ३५ हजार ५ सयभन्दा बढी सहकारी संस्था सहकारी विभागमा दर्ता भए पनि २६ हजार ४ सयले मात्रै स्थायी लेखा नम्बर (पान) लिएका छन् । दर्तामध्ये २५ प्रतिशत सहकारीमात्रै करमा दर्ता नहुनु भनेको राज्यले करबापत पाउने राजस्वमा कमी आउनु हो । करमा दर्ता नभएका सहकारीलाई दर्ता गराउनेतर्फ प्रयास गर्नुको साटो कर प्रशासन भने करमा दर्ता भइसकेका र नियमित कर तिर्दै आएका करदातालाई विभिन्न सानोतिनो त्रुटिमा पनि दशौं हजार जरीवाना ठटाएर कर असुली बढाउने ध्याउन्नमा छ ।

सहकारी विभागका अनुसार बहुउद्देश्यीय बचत तथा ऋण, कृषि, स्वास्थ्य, उपभोक्तालगायत थुप्रैखाले सहकारी दर्ता भएका छन् । काठमाडौं उपत्यकामा मात्रै ५ हजार ५ सयभन्दा बढी सहकारी सञ्चालनमा छन् । सहकारी भनिए पनि उपत्यकामा अधिकांश सहकारी वित्तीय संस्थाका रूपमा सञ्चालित छन् । कुनैकुनै सहकारीको कारोबार त विकास बैङ्कको भन्दा ठूलो छ । यसरी वित्तीय कारोबार गर्ने सहकारीहरूसमेत करमा दर्ता भएका छैनन् । दर्ता भएका सहकारीमध्ये पनि अधिकांशले कर तिरेका छैनन् । कर कार्यालयले नै यो तथ्य स्वीकारेको पाइन्छ । तर, उसले करमा दर्ता हुन र दर्ता भएकाबाट कर उठाउन पहल गरेको छैन । सहकारी करमा दर्ता नहुँदा ती सहकारीबाट उठ्न सक्ने राजस्व गुमाएको मात्र छैन, सहकारीहरूलाई सामान बेच्ने कम्पनीहरूले पनि भ्याट बिल काट्न नपर्दा राजस्वमा दोहोरो घाटा हुने गरेको छ । सङ्घीयता धान्न स्रोत कमी भयो भन्दै हिंड्ने अर्थमन्त्रीले सहकारीहरू करको दायरामा नआएको थाहा पाएर पनि तिनलाई समेट्ने कुनै प्रयास गरेको पाइएन । हुन त अर्थमन्त्री स्वयम्कै लगानी पनि सहकारीमा थेरै भएको तथ्य उनले सार्वजनिक गरेको सम्पत्ति विवरणले देखाएको छ । यसबाट सरकार आफैं सहकारीप्रति उदार बनेर करको दायरामा ल्याउन नखोजेको आरोप लाग्ने ठाउँ छ । त्यसो त सहकारी प्रणालीका छुट्टै प्रशंसनीय विशेषता हुन्छन् र सहकारी सिद्धान्तअनुरूप चल्ने सहकारी संस्थालाई प्रवर्द्धन पनि गरिनुपर्छ । नेपालको संविधानले नै सरकारी, निजी र सहकारी गरी तीनखुट्टे अर्थनीतिको व्यवस्था गरेको छ । र, वर्तमान सरकार चलाउने राजनीतिक दलको सहकारी मोह निकै बलियो

**सहकारी करमा दर्ता नहुँदा ती सहकारीबाट उठ्न सक्ने राजस्व गुमाएको मात्र छैन, सहकारीहरूलाई सामान बेच्ने कम्पनीहरूले पनि भ्याट बिल काट्न नपर्दा राजस्वमा दोहोरो घाटा हुने गरेको छ ।**

छ । त्यस कारण वर्तमान सरकारले सहकारीलाई प्रवर्द्धन गर्न खोज्नु स्वाभाविकै हो । हो, संविधानको प्रावधान र सरकारको प्राथमिकता सहकारी नै हो भने ऐन, नियममा उल्लेख गरेर नै कर छूट दिन सकिन्छ । अनौपचारिक अर्थतन्त्र मौलायो भनिरहने अनि अर्थतन्त्रको ठूलो अंश ओगटेको सहकारीलाई औपचारिक अर्थतन्त्रमा ल्याउन पछि हट्ने सरकारको द्वैध चरित्र रहस्यमय छ ।

सहकारीमै दर्ता नभएका सहकारीको सङ्ख्या पनि हजारौं रहेको अनुमान छ । खास गरी गाउँघरतिर बचत परिचालन गर्न खोलिएका सहकारी, विभिन्न कार्यालयका कर्मचारीहरू मिलेर खोलिएका सहकारीहरू सहकारी विभागमा दर्ता नभई सञ्चालनमा आएका छन् । राष्ट्र बैङ्क वा अन्य निकायबाट सहकारीका लागि सहुलियतको रकम प्राप्त गर्न भनेर दर्ता गरिएका सहकारी पनि सञ्चालनमा छन् । यस्ता सहकारीलाई आयकरमा दर्ता गर्दा कर्मचारी बढी लाग्ने, तिनको फाइल खडा गर्न गाह्रो हुने तर करचाहिँ नाममात्रको हुने भन्दै कर कार्यालयले उनीहरूलाई दर्ता गर्न प्रोत्साहित गरेको छैन । कुनै पनि कम्पनी कम्पनी कार्यालयमा दर्ता हुन करमा समेत दर्ता हुनुपर्ने प्रावधान छ । यस्तै प्रावधान सहकारीका लागि पनि छ । यसलाई कडाइका साथ लागू गर्ने हो भने सबै दर्तावाला सहकारी करको दायरामा आउँछन् । विपन्न वर्ग लक्षित सहकारीहरूलाई करमा छूट दिन सकिन्छ । तर, त्यसको स्पष्ट परिभाषा हुनुपर्‍यो । सहकारीबाट उल्लेख्य रूपमा देशको आर्थिक विकास भएको केही देशको उदाहरण दिँदै नेपालमा सहकारीलाई प्राथमिता दिइएको छ । तर, यहाँको थुप्रै सहकारी वित्तीय संस्थाका रूपमा कार्यरत छन् । तिनीहरूलाई करमा दर्ता गराउन कर कार्यालयले चासो दिएको छैन । करमा दर्ता अनिवार्य नहुँदा सहकारी कर छलीको राम्रो उपाय बनेको छ । त्यस्तै करमा दर्ता भएर पनि कर नतिरेका सहकारीलाई विभागले कुनै कारबाही नगरी कर छलीलाई नै प्रोत्साहन गरेको छ । हिसाबकिताब राख्न गाह्रो हुन्छ भन्दै पन्छनु गलत पनि हो, किनभने हरेक सहकारीले कुनै न कुनै रूपमा आफ्नो हिसाबकिताब राखेका हुन्छन् । त्यसैलाई आधार मानेर कर लगाउन खासै समस्या हुँदैन ।

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

### श्रम ऐन संशोधन प्रक्रिया सुरु मजदूर आयोग गठन हुने

सरकारले मजदुर आयोग गठनसम्बन्धी आवश्यक तयारी सुरु गरेको छ ।

कात्तिक २७ को मन्त्रिस्तरीय निर्णयले आयोगसम्बन्धी कानुन निर्माण गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सहसचिव विष्णुप्रसाद लम्सालको संयोजकत्वमा कार्यदल गठन गरिसकेको छ । कार्यदलमा नेपाल उद्योग वाणिज्य महासंघका पाँच जना र विभिन्न ट्रेड युनियनका पाँच जना प्रतिनिधि पनि समावेश गरिएको बताइएको छ । कार्यदलको समयावधि तीन महिनाको छ ।

विशेष गरी औद्योगिक प्रतिष्ठानहरुमा श्रमिक समस्या दिनदिनै बढ्दै जान थालेपछि मजदुर आयोगको माग निकै अघिदेखि हुँदै आएको थियो । नेपालको आन्तरिक संविधानले यस्तो आयोगको गठन गरिने स्पष्ट व्यवस्था गरेको छ । मन्त्रालयका श्रम सल्लाहकार तेज रावलले आयोगको कार्य क्षेत्र मजदुरका समस्या, विवाद आदि हुने बताए । यसै बीच १५ वर्षपछि श्रम ऐनलाई संशोधन गर्न प्रक्रिया अघि बढाइएको छ । यस क्रममा मन्त्रालयले विधेयकको मस्यौदा तयारी गर्न सुरु गरेको छ ।

पछिल्लो पटक २०४९मा ऐन संशोधन गरिएको थियो । श्रम तथा यातायात व्यवस्था मन्त्री रमेश लेखकका अनुसार नयाँ ऐनमा श्रमजार सुधार सम्बन्धी सम्पूर्ण प्याकेजहरु पर्नेछन् ।

वर्ष ३, अंक ११, २०६४ मंसिर ३-९

# जानकारी चाहियो !

**बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कानूनको वास्तुकार, संरक्षक, परिपालक भनेको नेपाल राष्ट्र बैङ्क नै हो, त्यसैले यो कानूनको गुणदोषको भागीदार पनि नेपाल राष्ट्र बैङ्क नै हो, नेपाल राष्ट्र बैङ्क यसबाट पन्छिन सक्दैन ।**

विसं २०७४ अभूतपूर्व रह्यो । अभूतपूर्व यस मानेमा कि यस वर्ष २ अढाइ दशकदेखि थाती रहेका धेरै विषय निक्योल भए, तीन तहको निर्वाचन सम्पन्न भयो । देशले स्थायी सरकार पायो र सरकार आफ्नो एकमात्र लक्ष्य देशको आर्थिक समृद्धितर्फ अग्रसर भएको सूचना सम्प्रेषण गरी रहेको छ । आर्थिक समृद्धिको नारा जति कर्णप्रिय लाग्छ, व्यावहारिक रूपमा त्यति नै कटु पनि हुन्छ । राज्यका सबै अङ्ग र प्रत्यङ्गका साथै सिङ्गो समाजले पनि आर्थिक समृद्धिको नारालाई आत्मसात गर्दै तदनुरूप दैनन्दिनको व्यवहारमा रूपान्तरण गरेको अवस्थामा मात्र यो नाराले केही समयपछि सार्थकता देखाउला । अन्यथा, यो नारा पनि विगत ६/७ दशकदेखि गुन्जिँदै आएका अनेकन नारामा थप एक नारामा मात्र सीमित हुने कुरामा कुनै सन्देह छैन ।

संयोग वा सल्लाह केले हो, आर्थिक समृद्धिका निमित्त अति आवश्यक पूर्वाधारमध्येको एक बैङ्क तथा वित्तीय क्षेत्रको संस्थापना, सञ्चालन, व्यवस्थापन, नियमन आदि गर्ने पुरानो कानूनलाई प्रतिस्थापन गर्दै नयाँ कानून 'बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३' भने आर्थिक समृद्धिको नाराभन्दा ८-९ महीना अगाडि नै आयो । कुन्नि किन हो, २०७४ वैशाख १० मा महामहिम राष्ट्रपतिबाट प्रमाणीकरण भएको र सोही मितिदेखि लागू हुने गरी सोही मितिको राजपत्रमा प्रकाशित भएको भए तापनि प्रायः सबै ऐनको नामका पछाडि प्रत्यय स्वरूप जोडिएर आउने वर्ष (विक्रम संवत् भने) बिदा लिइसकेको वर्ष '२०७३' पर्न गएको छ, यो शायद मुद्रा राक्षसकै कमाल होला ।

जेहोस्, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कानूनको वास्तुकार, संरक्षक, परिपालक भनेको नेपाल राष्ट्र बैङ्क नै हो, त्यसैले यो कानूनको गुणदोषको भागीदार पनि नेपाल राष्ट्र बैङ्क नै हो, नेपाल राष्ट्र बैङ्क यसबाट पन्छिन सक्दैन । नयाँ कानून आउँदा नयाँ कुरा लिएर आउनु स्वाभाविकै हो । त्यस्तै यो बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले पनि अनेकन नयाँ कुरा पस्किएको छ, जसमध्ये, बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिका सदस्यहरूको सङ्ख्या पनि एक हो । साविक २०६३ सालको ऐनमा बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिमा रहन सक्ने सदस्यहरू सङ्ख्याको माथिल्लो हद नौ जनासम्म रहेकोमा नयाँ ऐनमा त्यसलाई झारेर सात जनामा ल्याइयो । ऐनको वास्तुकारले विधायकहरूको चित्त बुझाउन सफल भएकाले नै शायद यो परिवर्तन आउन



**नयाँ कानून आउँदा नयाँ कुरा लिएर आउनु स्वाभाविकै हो, त्यस्तै यो 'बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३' ले पनि अनेकन नयाँ कुरा पस्किएको छ ।**

**- विनय रेग्मी**

सकेको होला । तर, नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाको भण्डारचाहिँ चार गुनाले वृद्धि गर्न लगाउनु, अर्कोतर्फ भण्डारेको सङ्ख्याचाहिँ कटौती गर्नुमा कुन सिद्धान्तले समर्थन गर्छ अलि बुझ्न सकिएन । शायद मौलिक नेपाली 'मोनार्कियल' सिद्धान्त हो कि ?

कुरो यत्तिकैमा सकिँदैन, नयाँ ऐन लागू भएको ४४औं दिन २०७४/२/२२ गतेका दिन नेपाल राष्ट्र बैङ्कले एउटा सूचना जारी गर्‍यो । नयाँ ऐनमा धेरै नयाँ कुरा समेटिएको भए पनि यो सूचनाले एउटै विषय सञ्चालक समितिका सदस्यहरूको सङ्ख्या घटाउनेमा मात्र केन्द्रित थियो । सूचनामा 'बैङ्क तथा वित्तीय संस्थासम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्थाबमोजिम बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिमा कम्तीमा ५ र बढीमा ७ जना सञ्चालक हुनेगरी संस्थापक शेयरसमूह र सर्वसाधारण शेयरसमूहबाट शेयर स्वामित्व अनुपातका आधारमा प्रतिनिधित्व हुनुपर्ने भएकाले बैङ्क तथा वित्तीय संस्थाले यथाशीघ्र साधारण/विशेष साधारणसभा बोलाई आआफ्नो प्रबन्धपत्र तथा नियमावली संशोधन/समायोजन/परिमार्जन गरी प्रचलित कानूनअनुरूप सञ्चालक समिति गठन गर्ने व्यवस्था मिलाउने निर्णय भएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ' भन्ने बेहोरा उल्लेख थियो ।

यो सूचनाको अध्ययनपछि केही प्रश्न स्वतः उब्जिन्छन् । पहिलो, नयाँ ऐनले धेरै नयाँ विषय समेटेकोमा ऐनको परिपालनाका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले जारी गरेको उल्लिखित सूचना किन एउटा विषयमा मात्र केन्द्रित रह्यो, के बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिको दुई जना सदस्य नै समग्र समस्याको पोको हो त ? त्यहाँ अन्य कुनै समस्या नै छैन ? दोस्रो, के नेपालका बैङ्क तथा वित्तीय संस्थाका पदाधिकारीहरू नेपालको ऐन, कानून अझ आफै आबद्ध संस्थाको सञ्चालन, व्यवस्थापन नियमन आदिसँग प्रत्यक्ष सरोकार राख्ने कानूनमा समष्टिगत परिवर्तन हुँदासमेत कुनै सरोकार वा जानकारी राख्दैनन् ? तेस्रो, के सम्बन्धित निकायहरूले नयाँ कानूनको पालना गर्ने कुरामा नेपाल राष्ट्र बैङ्कलाई विश्वास नभएकाले नेपाल सरकारको औपचारिक एवम् आधिकारिक सूचनापत्रमा प्रकाशित भएको विषयलाई पुनः नेपाल राष्ट्र बैङ्कको सूचनामार्फत घचघच्याउनुपर्ने हो ? त्यसो हो भने सूचनाको पालना नभएको अवस्थामा हुन सक्ने सजायका सम्बन्धमा सूचना किन मौन बस्यो ? चौथो, कि यो सूचना कसैको आँखामा बिझेको कसिँगरलाई पखाल्न वा केही तावेदारहरूको दैनन्दिनि सहजीकरणका निमित्तमात्र ल्याइएको हो ? आशा गरौं समयचक्र विकसित हुँदै गर्दा यी प्रश्नको उत्तर पनि पाइएला ।

**नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाको भण्डारचाहिँ चार गुनाले वृद्धि गर्न लगाउनु, अर्कोतर्फ भण्डारेको सङ्ख्याचाहिँ कटौती गर्नुमा कुन सिद्धान्तले समर्थन गर्छ अलि बुझ्न सकिएन ।**

अर्कोतर्फ, नयाँ ऐन आएको १५ महीना बितिसकेको छ भने नेपाल राष्ट्र बैङ्कले उल्लिखित सूचना जारी गरेको पनि १२ महीना बितिसकेको छ । यस अवधिमा न त उल्लिखित सूचनाको अनुगमन सूचना (फलो अप नोटिस) पढ्न पाइयो, न नेपाल राष्ट्र बैङ्कले दत्तचित्तका साथ शीघ्रातिशीघ्र लागू गर्न खोजेको विषयमा भएको कुनै प्रगति विवरण नै पाइयो ।

उल्लिखित सूचना यो आलेख तयार पार्दाका दिनसम्म पनि नेपाल राष्ट्र बैङ्कको वेबसाइटमा सार्वजनिक जानकारीका निमित्त उपलब्ध भएकाले नेपाल राष्ट्र बैङ्कले कम्तीमा पनि कतिओटा बैङ्क वित्तीय संस्थाले साधारण वा विशेष साधारणसभा बोलाई नयाँ कानूनअनुरूप सञ्चालक समितिका सदस्यहरूको सङ्ख्या समायोजन गर्नुपर्ने थियो । कतिओटा बैङ्क तथा वित्त संस्थाले सूचनाको परिपालना गरे र कतिओटाले गर्न बाँकी छ सार्वजनिक सूचनामार्फत जानकारी गराओस् । यो सूचना प्रवाह गर्नु नेपाल राष्ट्र बैङ्कको कर्तव्य पनि हो । कारण जुन संस्थाले प्रचलित कानूनको पालना गर्दैन, तालुकदारको कानूनसम्मत आदेश मान्दैन, त्यस्ता संस्थासँग सर्वसाधारणले किन कारोबार गर्ने ? र, नेपाल राष्ट्र बैङ्क अधिकार सम्पन्न हुँदाहुँदै पनि आफ्नै आदेशको अवहेलना भएको कसरी टुलुटुलु हेरेर बस्न सकेको ? यस्तो अवस्थामा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले आत्मसात गरेको 'मुलुकको समग्र बैङ्किङ तथा वित्तीय प्रणाली प्रतिसर्वसाधारणको विश्वसनीयताको अभिवृद्धि तथा निक्षेपकर्ताको हकहितको संरक्षण र संवर्द्धन' तालुक अड्डाका बडे साहबहरूको भाषणमा नै सीमित हुनुभन्दा बढी के नै आशा गर्न सकिन्छ र !

साथै, नेपाल राष्ट्र बैङ्कलाई यो पनि हेक्का रहोस् कि यो देशमा 'सूचनाको हकसम्बन्धी ऐन, २०६४' नाम गरेको एउटा ऐन छ, त्यो ऐन परिपालना गर्नुपर्ने निकायहरूका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कलाई कुनै छूट दिएको पनि छैन । त्यसमा भएको व्यवस्थाअनुरूप माथि माग गरिएको जानकारीलगायत ऐनले व्यवस्था गरेका विषयसम्बन्धी सूचनाहरू त्रैमासिक रूपमा सार्वजनिक जानकारीका निमित्त प्रकाशन गर्नु नेपाल राष्ट्र बैङ्कको कर्तव्य पनि हो ।

बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ प्रकाशित भएको ९ दिनपछि (२०७४ वैशाख १९ मा) नै कम्पनी ऐन २०६३ को पहिलो संशोधन राजपत्रमा प्रकाशित भयो र संशोधनका केही बुँदामध्ये 'महिला शेयरधनी रहेको पब्लिक कम्पनीको सञ्चालक समितिमा कम्तीमा एक जना महिला सञ्चालक हुनुपर्नेछ' भन्ने संशोधित व्यवस्था बैङ्क वा वित्त संस्थामा कसले लागू गराउने हो कुन्नि ?

*लेखक पूर्वबैङ्कर तथा अधिवक्ता हुन् ।*

# विकासको संवाहक स्मार्ट प्रशासनतन्त्र

नेपाल सरकारले आर्थिक वर्ष (आव) २०७५।७६ को बजेटमा 'समृद्ध नेपाल सुखी नेपाली' बनाउने दीर्घकालीन उद्देश्यअनुरूप आर्थिक तथा सामाजिक विकासको मौलिक ढाँचा तयार गरेको छ । आर्थिक समृद्धिको न्यायपूर्ण वितरणमार्फत नागरिकका न्यूनतम खाद्यसुरक्षा, आधारभूत, स्वास्थ्य, शिक्षा, खानेपानीलगायत सुविधामा राज्य जिम्मेवार भएको कुरा गरेको छ । यसका साथै यस बजेटलाई सरकारले मुलुकमा व्याप्त गरीबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने र द्रुत आर्थिक विकासमा जोड दिने नीति लिएको दाबी गरेको छ । सरकारको बजेट आलोचनारहित बन्न भने सकेको छैन ।

बजेटका प्राथमिकतामा सबै नागरिकलाई काम र रोजगारीको अवसर सृजना गर्ने, उच्च आर्थिक दर प्राप्त गर्ने, कृषि, जलस्रोत र पर्यटनको क्षेत्रमा पूँजी, प्रविधि तथा अन्वेषणको विकास गर्ने, सडक, रेलमार्ग, सिँचाइ, विद्युत्लगायतका क्षेत्रमा विकास गर्ने र सार्वजनिक सेवाप्रवाहको गुणस्तर अभिवृद्धि गर्दै नागरिकलाई अनुभूति हुने प्रकारको सुशासन कायम गर्ने भनिएको छ । सरकारले अगाडि सारेको यो विकास योजनाका विषयहरू स्वागतयोग्य भए तापनि कार्यान्वयन पक्ष भने हेर्न बाँकी छ । योजना नभएर देश विकास नभएको होइन । बनेका योजनाहरूको कार्यान्वयन हुन नसकेकाले यसो भएको हो । सरकारका कार्य योजनाहरू क्रियान्वयन गर्ने निकाय प्रशासनतन्त्र हो । प्रशासनतन्त्रलाई स्थायी सरकार पनि भनिन्छ । यो स्थायी सरकार चुस्त, दुरुस्त तथा सेवामुखी बन्न नसकेकाले देशका पञ्चवर्षीय योजनाहरू अथवा तीनवर्षीय विकास योजनाहरू कहिल्यै पूरा हुन सकेका छैनन् । विकास निर्माणमा छुट्याइएको बजेट सधैं फ्रीज हुने गरेको छ । आव २०७४।७५ को विकास निर्माणको बजेट पनि खर्च हुन सकेको छैन । राज्यले बनाएका नीति, नियम र विनियमहरूको कार्यान्वयन र



**राज्यले सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, गुणस्तरीय तथा परिणाममुखी बनाउन सकेको छैन ।**

**- डा. देवीप्रसाद आचार्य**

पालना गर्ने गराउने प्रशासनिक संयन्त्र स्मार्ट नभएसम्म विकासको गति सुस्त रहिरहन्छ ।

राज्यले सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, गुणस्तरीय तथा परिणाममुखी बनाउन सकेको छैन । प्रशासनिक प्रक्रियाहरू सहज छैनन् । कर्मचारीतन्त्रमा लालफित्ताशाहीको प्रभाव व्याप्त छ । माथिको आदेश भन्ने र फाइलहरू अगाडि नबढाउने, ढिलासुस्ती गर्ने प्रवृत्ति अन्त्य हुन सकेको छैन । नेपालको प्रशासनतन्त्रमा परम्परावादी कार्यशैली हावी छ । ससाना विषयमा पनि टिप्पणी उठाउने, अनावश्यक रूपमा फाइलहरू घुमाउने, आवश्यक नपर्ने प्रशासनिक शाखा र प्रशाखाहरूको रायसल्लाह लिनुपर्नेजस्ता कुराहरूले प्रशासनतन्त्रको काममा ढिलासुस्ती हुने गरेको छ । यसर्थ राज्यले प्रशासनिक प्रक्रियालाई छिटोछरितो र सेवामुखी बनाउन प्रशासनिक प्रक्रियालाई वैज्ञानिक बनाउन आवश्यक छ ।

देशको विकासका योजना, परियोजना तथा आयोजनाहरूको फाइल स्वीकृत गराउनुपर्ने आदि प्रशासन सेवामा सेवाग्राहीको असन्तुष्टि छ । कर्मचारीहरूले कार्यालय समयभित्र नै घूस लिने गरेका समाचारहरू आउने गरेका छन् । सानो तथा एकैछिनमा हुन सक्ने काममा पनि निबन्धकार भैरव अर्यालको जयभोलि निबन्धमा भनिएझैं भोलिको भाखा लिएर फर्कनुपर्ने जनगुनासो छ । कर्मचारीहरू सेवाग्राहीसँग रिसाउने झर्किने, पूरा सूचना नभन्ने तथा सताउनेजस्ता कार्यको अन्त्य नभएको सेवाग्राहीको दुःखेसो छ ।

जबसम्म राज्यले मुलुकको प्रशासनतन्त्रलाई जनउत्तरदायी, सेवामुखी, प्रतिस्पर्धी तथा छिटोछरितो बनाउन सक्दैन तबसम्म प्रशासनतन्त्र स्मार्ट हुन सक्दैन । लोकसेवाको परीक्षा उत्तीर्ण सक्षम प्रमाणपत्रधारी राष्ट्रसेवकहरू हँसिला, मिजासिला, जनसेवामुखी र इमानदार हुन आवश्यक हुन्छ । तर, जनताको सेवासँग प्रत्यक्ष जोडिएका ठाउँहरूमा कार्यरत कर्मचारीहरूमा छिटोछरितो काम गरिदिने संस्कृति देखिँदैन । प्रशासनिक प्रक्रियागत झन्झटहरूले प्रशासनतन्त्र सेवामूलक बन्न सकेको छैन । यसर्थ राज्यले देशको प्रशासनतन्त्रलाई समयानुकूल रूपान्तरण गरी स्मार्ट बनाउनुपर्छ ।

कर्मचारीहरूमा 'सरकारी काम कहिले जाला घाम'को मनोविज्ञानले काम गरेको छ । कुनै पनि विकास निर्माणका कार्य समयमा सम्पन्न हुन सकेका छैनन् । राम्रा मान्छेभन्दा हाम्रा मान्छे भन्ने संस्कृति गएको छैन । दण्डहीनताले प्रश्रय पाउँदा भ्रष्टाचार रोकिएको छैन । यसरी हेर्दा देशको राजनीतिक प्रणाली बदलिए पनि कर्मचारीतन्त्रको प्रवृत्ति बदलिएको छैन । यस अर्थमा राज्यले देशमा तीव्र आर्थिक प्रगति र सुशासनको प्रत्याभूतिका लागि प्रशासनतन्त्रका विकृति र विसङ्गतिहरू हटाउन आवश्यक देखिन्छ ।

सुशासन विकास निर्माणको मेरूदण्ड हो । राज्यले सुशासन र विधिको शासन कायम गर्न नसक्दा दण्डहीनता बढेको हो । राज्यले मुलुकलाई विधिको शासनमा हाँक्न कानूनको साहारा लिनुपर्छ । कठोर निर्णय क्षमता र इच्छाशक्तिको अभावमा राज्य विधिको शासनमा हिँड्न सक्दैन । दृष्टान्त, विधिको शासनमा विश्वास गरेर देश निर्माण गर्न सफल सिङ्गापुरका राजनेता लिक्वान युले आफ्नै सहकर्मी मित्रलाई गैरजिम्मेवार काम गरेकाले सुधारगृहमा हालेर नागरिकलाई भनेका थिए कि उनलाई एउटा मित्रभन्दा सिङ्गापुरका सम्पूर्ण नागरिकको समृद्धि ठूलो कुरा हो । यसैगरी हाम्रो देशको वर्तमान अवस्थाले पनि लिक्वान यु मोडेलमा आधारित अर्जुन दृष्टि तथा भीष्म प्रतिज्ञासहित विकासको भिजन, मिशन र एक्शन भएको कार्यकारी प्रमुख खोजेको छ ।

अहिले राज्यको पुनःसंरचनाअन्तर्गत स्थानीय तहबाट नै नागरिकलाई सरकारी सेवा प्रदान गर्न गाउँ सरकारहरू बनेका छन् । स्थानीय तहलाई जनताको घरदैलोको सरकार भनिएको छ । स्थानीय तहलाई स्वायत्त बनाइएको छ । त्यसैले अहिलेको बदलिँदो परिस्थितिमा केन्द्रदेखि स्थानीय तहसम्मको प्रशासनतन्त्रलाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाउँदै कर्मचारीहरूको पुरानो चिन्तन र प्रवृतिमा रूपान्तरण गर्न आवश्यक ठानिन्छ ।

राज्यले प्रशासनतन्त्रको मनोबल उच्च राख्न भूमिका खेल्नुपर्छ । समयअनुसार कर्मचारीहरूको सेवासुविधा पनि बढाउँदै जानुपर्छ । कामका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनुपर्छ । यसो भएमा कर्मचारीको मनोबल बढ्न गई प्रशासनतन्त्र जनसेवा तथा विकासमैत्री हुन सक्छ । प्रशासनतन्त्र राज्यले बनाएका नीति, नियम र विनियमहरूको कार्यान्वयन गर्ने र गराउने संवाहकका रूपमा रहेकाले यसको सबलीकरण आजको आवश्यकता हो । यसर्थ राज्यले प्रशासनतन्त्रलाई समयसापेक्ष, सक्षम तथा स्मार्ट संयन्त्र बनाउन विलम्ब नगरोस् ।

*लेखक शिक्षाविद् हुन् ।*

## सामाजिक सञ्जाल



नेपालमा चिनियाँ चासो र भारतीय चासो केके हुन् भन्ने स्पष्टै छ । हामी उनीहरूको चासो र चिन्ताको सम्मान गर्दै राष्ट्रिय चासो, चिन्ता र आवश्यकताका विषयमा बहस र कार्यान्वयन गरौं न !

**- आनन्दराज बतास**



विद्युतीय कारोबार ऐन, इण्टरनेटका माध्यमहरूमा प्रकट गरिने सबै खाले अभिव्यक्ति र सूचना आदानप्रदान कार्यलाई नियमन गर्न बनेको होइन । मुलुकमा अरू धेरै कानून छन् । प्रहरीले संयम अपनाउनुपर्छ, जे जसले भने पनि नागरिकलाई वारेण्ट जारी गर्दै लखेट्ने होइन ।

**- तारानाथ दाहाल**



गरीब जनताले ज्वरो आउँदा सिटामोल पनि पाउँदैनन् । तर, पूर्वविशिष्टहरूलाई भने सुविधा बढाउँछन् । कठै मेरो देश ! गरीब जनताले मेरो सरकार भनेर अनुभूति गर्ने दिन कहिले आउने हो !

**- धनराज गुरूङ**



चीनका राष्ट्रपति सी जिनपिङ एक व्यावसायिक सफल अनुभवी इञ्जिनीयर पनि हुन्, हेक्का रहोस् । नेपाली कथित विज्ञ र 'महान्' नेताजस्ता हावामा बोल्ने र बोलीको ठेगान नहुने र पछि नपछुताउने जातका पनि उनी होइनन् है !

**- भीम उपाध्याय**

आदरणीय विज्ञ लेखकवर्ग, हामीले तपाईंको विषयविज्ञताका क्षेत्रमा अवधारणामूलक, समसामयिक र विचारोत्तेजक लेख तथा प्रतिक्रियाहरूलाई यथाशक्य स्थान दिनेछौं । लेखसँगै सङ्क्षिप्त परिचय र तस्वीरसमेत पठाउनुहुन अनुरोध छ ।

**लेखरचना तथा प्रतिक्रियाका लागि : editorial@abhiyan.com.np**

# कर्णालीमा वित्तीय साक्षरताको कमी

आकाशतारा बयक
सुर्खेत

मुलुकले सङ्घीयता प्रणाली अवलम्बन गरे पनि कर्णालीमा अझै पर्याप्त वित्तीय साक्षरता पुग्न सकेको छैन । भौतिक पूर्वाधारलगायतको विकास अभावसँगै सरकारी बेवास्ताले कर्णालीमा वित्तीय साक्षरतासमेत पुग्न नसकेको हो ।

सरकारले आफ्नै स्वामित्वका बैङ्कहरूलाई समेत कर्णालीमा आवश्कताअनुसार परिचालन गर्न सकेको छैन । कर्णाली प्रदेश वित्तीय पहुँच, बैङ्क शाखा, निक्षेप सङ्कलन, कर्जा उपयोगमात्र नभएर वित्तीय साक्षरतामा पनि सबैभन्दा पछि देखिएको हो । नेपाल राष्ट्र बैङ्कका अनुसार यो प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका कुल शाखाको जम्मा ३ दशमलव १ प्रतिशतमात्र छन् ।

यो प्रदेशमा बैङ्कका १ सय १३ ओटा शाखामध्ये वाणिज्य बैङ्कका १ सय ३, विकास बैङ्कका ८ र वित्त कम्पनीका २ ओटा छन् । यो क्षेत्रमा सञ्चालित प्रत्येक शाखाले औसतमा १३ हजार ८ सय ३३ जनालाई वित्तीय सेवा पुऱ्याउँदै आएका छन् । प्रतिशाखा आश्रित जनसङ्ख्याका आधारमा यो प्रदेश दोस्रोमा छ । यो प्रदेशले कुल निक्षेप सङ्कलन र कर्जा प्रवाहको १/१ प्रतिशत मात्र हिस्सा ओगटेको छ । यो प्रदेशमा ६९ ओटा मात्र स्थानीय तह छन् । तीमध्ये ३८ स्थानमा मात्र वाणिज्य बैङ्क पुगेका छन् ।

## यो प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका कुल शाखाको जम्मा ३ दशमलव १ प्रतिशतमात्र छन् ।

प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एउटा वाणिज्य बैङ्क पुऱ्याउने सरकारको लक्ष्यसमेत कर्णालीमा कार्यान्वयन भएको छैन । राष्ट्र बैङ्कले असार मसान्तभित्रै दुर्गम र अत्यावश्यक पूर्वाधार नपुगेको भनिएका स्थानमा नजाने बैङ्कलाई कारबाही गर्ने बताए पनि त्यो कर्णालीमा लागू हुन सकेन । यसअघि राष्ट्र बैङ्कले परिपत्र जारी गरी वाणिज्य बैङ्कहरूलाई तोकिएको समयभित्र आफ्नो भागमा परेको स्थानीय तहमा शाखा स्थापना गर्न निर्देशन दिए पनि अधिकांशले मानेका छैनन् ।

काँक्रेविहार विकास बैङ्कका पूर्व सीईओ कर्णबहादुर सिञ्जालीले विद्युत् प्रविधि, सञ्चार, यातायात र बजारलगायतको अभावले कर्णालीमा पर्याप्त बैङ्किङ सेवा पुग्न नसकेको बताए । उनले सम्बन्धित क्षेत्रका स्थानीय निकायसँगै प्रदेश सरकारलगायतले आवश्यक पूर्वाधारमा ध्यान पुऱ्याउन सके कर्णालीमा वित्तीय साक्षरता बढ्ने धारणा राखे ।

# ४ लाखमा खानेपानी आयोजना

अभियान संवाददाता
प्यूठान

हरेक वर्ष खानेपानीको अभाव झेल्दै आएका प्यूठान नगरपालिका-८, धर्मावतीका ३ ओटा बस्तीमा खानेपानी पुगेको छ । दूषित पानी पिउँदै आएका यहाँका बासिन्दाको टोलटोलमा खानेपानीका धारा पुगेको हो ।

खानेपानीका लागि धर्मावतीले ४ लाख रकम अनुदान दिएको थियो । सो रकमबाट मानागाउँ-भेडाबारी-तुरासापानी खानेपानी मर्मत आयोजना सम्पन्न भएसँगै स्थानीयवासीलाई खानेपानीमा सहज भएको छ । स्थानीय शिवा पण्डितले सुरक्षित र सफा पानी पिउन पाउने वातावरण बनेको बताइन् । एउटा टोलमा कतै ३/४ घर त कतै ५ घरसम्मले प्रयोग गर्ने गरी सामूहिक धारा जडान गरिएको र सामूहिक धाराबाट पाइप जडान गरी घरघरमै लैजाने गरेको उनले जानकारी दिइन् ।

## १ घर १ धारा वडा घोषणा गरी नमूना वडाको रूपमा विकास गर्ने तयारी

आयोजनाबाट मार्सिवाङ, भेडावारी र मानागाउँका १ सय ३३ घरधूरीका लागि नयाँ १४ ओटा धारा निर्माण र पुराना २२ धारा पुनर्निर्माण गरी सञ्चालन गरिएको हो । १ घर १ धारा वडा घोषणा गरी नमूना वडाको रूपमा विकास गर्न आफू लागिपरेको वडाध्यक्ष लिलापसिंह केसीले बताए । ४ सय घरधूरीमा धारा जडान भइसकेको र अब बाँकी १ हजार २ सय घरमा धारा जडान गर्नुपर्ने उनले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

### मरीच तस्करी...

ऐनले बिगो र बिगोको दोब्बर जरीवानासमेत खाम्ने गरी धरौटी माग्ने जिम्मा अनुसन्धान अधिकृतलाई दिएको छ । सामान्य प्रकारका राजस्व छलीका मुद्दा ऐन प्रदत्त र प्रत्यायोजित अधिकारबाट टुङ्गो लाग्नेमा यसलाई गम्भीर प्रकृतिको कर छलीमा राखी मुद्दा चलाउने तयारी विभागको छ ।

यो प्रकरणको अग्रभागमा अग्रवाल देखिए पनि पर्दापछाडि वीरगञ्जकै अन्य ठूला व्यवसायीको हात रहेको आशङ्का गरिएको छ । धरौटी बुझाउने हैसियत नभएर अग्रवाल थुनामा रहनुले पनि उनी एक्लैले यति ठूलो 'धन्धा' गर्न सक्दैनन् भन्ने तर्कलाई बल पुगेको छ । घटना बाहिर आएसँगै अनुसन्धानले अग्रवालको ग्लोबल लेदरसहित अन्य २ ओटा व्यावसायिक प्रतिष्ठानमा छापा मारेर कागजात लगेको थियो । अनुसन्धानले तस्करीका अन्य पहेलीलाई पनि बाहिर ल्याउन सक्छ वा यत्तिमै सीमित हुन्छ ? वीरगञ्जको व्यावसायिक क्षेत्रमा अहिले यो आम प्रश्न बनेको छ । अनुसन्धानसम्बद्ध स्रोतले मरीच आयात गर्ने व्यवसायी र कारोबारको विवरण सङ्कलन भइरहेको बतायो । स्रोतका अनुसार यस्ता व्यापारीसमेत अनुसन्धानको दायरामा छन् ।

अनुसन्धानले घटनामा सरोकार राख्ने सबै निकाय, सम्भावित व्यवसायी र व्यक्तिसमेतलाई अनुसन्धानको घेरामा राखे पनि अन्यलाई अहिलेसम्म बोलाएको छैन । भारतको कानपुरस्थित एक व्यापारिक प्रतिष्ठानलाई छाला पठाउन लागिएको विवरण उल्लेख गरिएको ग्लोबल लेदरको प्रज्ञापनपत्र देखाएर मरीच तस्करी भएको थियो । केरमेट गरेर ट्रक नम्बर सच्याइएको प्रज्ञापनमा भन्सारका अधिकृत उद्धव ढुङ्गानाको हस्ताक्षर छ। भन्सारका कर्मचारीको मिलेमतोविना यो तहसम्मको 'बदमासी' हुनै नसक्ने दाबी केही भन्सार कर्मचारीहरूकै छ । अहिलेसम्म भन्सारका कर्मचारीलाई अनुसन्धानले उपस्थित नगराएको वीरगञ्ज भन्सारका एक अधिकारीले बताए । घटना बाहिर आएलगत्तै अधिकृत ढुङ्गाना बिदामा हिँडेका थिए । यसले अनुसन्धानको पारदर्शितामा अर्को प्रश्न थपेको छ । कम्प्युटरबाट निकालिएको प्रज्ञापनमा केरमेट गरेर गाडी नम्बर सच्याउन नमिल्ने अधिकारीहरू बताउँछन् । गल्ती भएमा प्रक्रिया पूरा गरेरमात्रै सच्याउनुपर्छ । यसमा त्यस्तो प्रक्रिया पूरा नगरी भन्सारको छापमात्र लगाइएको छ ।

यूपी १५ डीटी २५ नम्बरलाई कलमले काटेर त्यसमाथि एचआर ५५ यू ४०६८ नम्बर चढाइएको छ । यो नम्बरको गाडीमा छाला निकासी भएको र मरीच बरामद भएको गाडीबारे आफूलाई जानकारी नभएको दाबी उद्योगीको छ । यूपी ७८ बीटी ३८०४ नम्बरको ट्रकमा मरीच बरामद भएको थियो । भन्सारको प्रज्ञापनमा २ ओटा ट्रकमा २५ मेट्रिकटन वेट ब्लु छाला रहेको उल्लेख छ । तर, बिलमा २० मेट्रिकटन छ । गाडीको तौल भने २६ मेट्रिकटनभन्दा बढी देखाइएको छ । भारततर्फको निकासीमा केरमेट भएको प्रज्ञापनपत्र त्यहाँको भन्सारले स्वीकार गर्दैन । कोलकातास्थित भारतीय क्वारेन्टाइनको स्वीकृतिपत्रमा केरमेट गरी सच्याइएको एचआर ५५ यू ४०६८ नम्बर उल्लेख छ । यसरी परस्परविरोधी कागजका आधारमा भन्सारका कर्मचारीले किन जाँचपास गरे ? यो अनुत्तरित छ ।

प्रज्ञापन केरमेट गरी मिलाइएको गाडी नम्बर भारततिर गएको अभिलेखसमेत नदेखिएको स्रोतले बतायो । यसले भन्सारको प्रज्ञापन र पेश भएका कागजात त्यसका आधारमा अपनाइएको प्रक्रियामाथि थप प्रश्न तेर्सिएको छ । महानिर्देशक मैनालीले यो अनुसन्धानलाई बृहत् र जटिल बताए पनि निचोडमा पुऱ्याइछाड्ने दाबी गरे ।

### व्यवसायी उत्तम अग्रवालसँग...

वीरगञ्ज भन्सारमा छाला निकासीको घोषणा गरेर भारततर्फ मरीच तस्करी गरेको आरोपमा ग्लोबल लेदर टेनिङ इण्डष्ट्रिज प्रालिका सञ्चालक सञ्जय अग्रवाल १ सातादेखि विभागको हिरासतमा छन् । विभागले मागेको धरौटी बुझाउन नसकेपछि उनलाई नक्खु कारागारमा राखिएको छ । गत २१ गते वीरगञ्ज नाकाबाट भारततिर लैजान लागिएको १२ मेट्रिकटन मरीच प्रहरीले बरामद गरेको थियो ।

### कोटेश्वरको...

सवारीको बढ्दो चाप र केही अन्य कारणले जाम हुनु स्वाभाविक हो । तर, एक उच्च प्रहरी अधिकारीको भनाइअनुसार कोटेश्वर क्षेत्रमा ट्राफिक जाम कम गर्न खटाइएका ट्राफिक प्रहरी जाम व्यवस्थापनमा कमजोर रहेका कारण जाम हट्न नसकेको बताउँछन् । दिनहुँ आलोचनाको शिकार हुनु परेकाले प्रहरी इञ्चार्जहरू एकातिर कोटेश्वर क्षेत्रमा सकेसम्म जान चाहँदैनन् भने खटाइएका कतिपय प्रहरी अधिकारी कम ज्ञान भएका र बाहिरी जिल्लामा काम गरेर सरुवा भई ल्याइएका कारण पनि जाम हटाउन सक्षम नरहेको बताइएको छ । यसका लागि जाम व्यवस्थापनमा उच्च ज्ञान रहेका र अनुभवी प्रहरी अधिकारीलाई तत्काल यो क्षेत्रमा पठाउन नसके कोटेश्वरको जामबाट तत्काल मुक्ति पाउन मुश्किल देखिन्छ ।

उपत्यकामा यो बाहेक कलङ्की, थापाथली, माइतीघर, त्रिपुरेश्वर, टेकु, कालीमाटी, सिंहदरबार, पुरानोबानेश्वर, नयाँबानेश्वर, चाबहिल, गौशाला, नारायणगोपाल चोकलगायत स्थान बढी हुने स्थानमा पर्छन् ।

### जाम हुनुका कारण

कलङ्कीदेखि कोटेश्वरसम्म विस्तार भएको ८ लेन सडकका कारण कलङ्कीबाट छुटेका र चक्रपथका गाडि तीव्र गतिमा कोटेश्वर पुग्दा सवारीको चाप थेग्न नसकेर जामको भयावह अवस्था आएको सडक विभागका महानिर्देशक रवीन्द्रनाथ श्रेष्ठले बताए । जाम व्यवस्थापन कार्यमा अब्बल मानिएका प्रहरी निरीक्षक सीताराम हाछेंथुका अनुसार ६ लेन सडक विस्तारपछि पछिल्ला वर्षमा भक्तपुर क्षेत्रमा बढ्दै गएको जनघनत्व र सवारीको चाप पनि जामको एउटा कारण हो । भक्तपुरमा हाउजिङको वृद्धि, बीपी राजमार्ग हुँदै आउने सवारीसाधनको चाप, सीतापाइला-कोटेश्वर खण्डमा बनेको ८ लेन सडकबाट तीव्र गतिमा कोटेश्वर पुग्ने सवारी, सार्वजनिक सवारीसाधनका रूपमा साना माइक्रोहरूको भीड, साँघुरा भित्री सडक, कोरिडोरको निर्माण नहुनुलगायत जाम हुनुका कारण हुन् । कोटेश्वर चोकको दुवैतर्फ सातदोबाटो, बनेपा, पनौती, भक्तपुरलगायत स्थानबाट आउने र जाने सार्वजनिक सवारीसाधनले ओराल्ने चढ्ने ठाउँको व्यवस्थापन नगर्दा पनि जाम बढेको हाछेंथुको भनाइ छ । थोरै ठाउँमा एकैपटक धेरै सवारीसाधन रोकिएर बस्दा हुने जामले असर पारेको उनले बताए ।

### जाम हटाउने उपाय

सडक विभागका महानिर्देशक श्रेष्ठले कोटेश्वरको जाम भयावह बनेकाले समाधानका लागि तत्कालीन र दीर्घकालीन योजना बनाइरहेको बताए । 'मन्त्रीज्यूले नै स्थलगत अवलोकन गरी जाम हटाउन निर्देशन दिनुभएको छ, हामी मनोहरा कोरिडोर खोल्नेदेखि भित्री सडक र अन्य वैकल्पिक उपाय खोजी गरिरहेका छौं,' उनले भने । तर, यो आर्थिक वर्षमा बजेट अभाव भएकाले अर्को आव शुरू हुनेबित्तिकै काम थाल्ने श्रेष्ठको भनाइ छ । उनी आफै धुलिखेलदेखि मन्त्रालय धाउनुपर्ने भएकाले कोटेश्वरको जामबाट पीडित छन् । जामबाट आफू स्वयं पीडित भए पनि यसलाई तत्काल हटाउन नसकिएको उनी स्वीकार गर्छन् । जापानी सहयोग नियोग (जाइका)ले गरेको एक अध्ययनले कोटेश्वरको जाम हटाउन सुरुङमार्ग बनाउने प्रस्ताव गरे पनि सरकारले निर्णय गर्न सकेको छैन । विमानस्थल मुनिबाट सुरुङमार्ग बनाउने बजेट विनियोजन हुँदासमेत सुरक्षा र आईकाओका कारण यो योजना थाँती रहेको उनको भनाइ छ । ट्राफिक प्रहरी निरीक्षक सीताराम हाछेंथुका अनुसार कोटेश्वरको जाम हटाउन सार्वजनिक सवारीसाधनले यात्रु उकाल्ने र ओराल्ने ठाउँ कोटेश्वर चोकबाट सार्नुपर्ने बताउँछन् । जडीबुटीबाट सातदोबाटो जाने सवारीसाधनलाई कोरिडोर वा अन्य विकल्प खोज्नु, जडीबुटी अगाडि रहेको पेट्रोलपम्पदेखि कोटेश्वर चोकमा रहेको ट्राफिक प्रहरी कार्यालय अगाडिको सडकपेटी र खाली स्थानलाई तत्काल भत्काएर सडक फराकिलो बनाउने, कोटेश्वर चोकमा बाटो काट्नका लागि पुरानो बसपार्कमा भएजस्तै अस्थायी फलामे पुल तत्काल बनाउनुपर्ने र ट्राफिक प्रहरीले जाम व्यवस्थापनमा विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।


## हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल बमोजिम विवरण भएका कम्पनीहरुका शेयरधनीहरुको मृत्यु भएको हुनाले निजका हकवालाको नाममा नामसारी गरी पाउँ भनी नाता प्रमाणित प्रमाण-पत्र सहित आवश्यक कागजातहरु पेश गरी निवेदन दिएको तथा शेयरधनीहरुको शेयर प्रमाण-पत्रहरु हराएको हुनाले सो को प्रतिलिपि प्रमाण-पत्र पाउँ भनी निवेदन पेश गरिएको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सप्रमाण शेयर रजिष्ट्रार, **सि.बि.आई.एल. क्यापिटल लि., बाटुलेघर, डिल्लीबजार, काठमाडौंमा**मा निवेदन दिनु हुन अनुरोध छ । अन्यथा उक्त मितिपछि निज हकवालाको नाममा नामसारी भई जाने तथा हराएको प्रमाण-पत्रको हकमा निवेदकहरुकै नाममा प्रतिलिपि प्रमाण-पत्र जारी हुने व्यहोराका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि. YOUR PARTNER FOR PROGRESS (नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन नं.: ४४२७८४२ फ्याक्स नं.: ४४२७०४४

**मृत्यु नामसारीको लागि निवेदन दिनेहरुको विवरणः**

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्रमाणपत्र नम्बर/हितग्राही खाता नं. | कित्ता | निवेदकको नाम र मृतकसंगको नाता: नाम | नाता |
|---|---|---|---|---|---|---|
| १. | बसन्त राम कार्की | २०७५/०१/०४ | ३१४८७५/२५७६६९/३५००९५ /४०३६६४/४२७७३६/४६३२१६ | १०४ | निर्मला कार्की | श्रीमती |
| २. | नन्द प्रधान | २०७५/०१/०४ | २५२७१३/३९९४०१/३१०३७५ | २४४५ | बिनोद मान प्रधान<br>उषा प्रधान(राजभण्डारी)<br>मुरारी मान प्रधान | छोरा<br>बुहारी<br>छोरा |
| ३. | दिनेश आचार्य | २०७५/०१/०६ | ९०४५/१३२७३३/१९९४८८/२६४१६१/ ३२०३७५/३५७४३०/४०७१४०/४३२१३२ | २२६ | सुश्रीता गौतम | श्रीमती |
| ४. | सुनिल श्रेष्ठ | २०७५/०१/०६ | १३०१२३००००१३२९९ | २६६ | सुमित्रा श्रेष्ठ | श्रीमती |
| ५. | डा.संजिव गुप्ता | २०७५/०१/०६ | १३०१०६००००२१२८१२ | ५४ | बबिता के.सी | श्रीमती |
| ६. | अनन्त राज पाण्डे | २०७५/०१/०९ | १३०१०६००००१६४५४१ | ३६ | सुभद्रा पाण्डे | श्रीमती |
| ७. | बिहारी लाल अग्रवाल | २०७५/०१/११ | २५२२३/९०५०७/१४६९२७/२१२१४७ /२७५९०६/३२७३१७/३६८३१०/ ४१२०२४/४३९६१८ | १५१ | सिताराम अग्रवाल (टिवडेवाल) | छोरा |
| ८. | नोहिन्द्र प्र.निरौला | २०७५/०१/११ | ३१७५९/९४८६९/२४९३२१/३०९०४८ ३४७५९९/३९८३७९/४२५९६६/४५९४३७ | १४५ | पबित्रा निरौला | श्रीमती |
| ९. | सुर्य बहादुर थापा | २०७५/०१/१२ | ४७९४३/१०५५८४/१६५९२९/२२८७८४ /२९१२०३/३८२२९६ | १०० | सुरज थापा | छोरा |
| १०. | युवनाथ उपाध्याय | २०७५/०१/१३ | ४६४४४/१०४६८३/१६४८१०/२२७८११ २९०३२२/३३५९७३/३८१५११/४४८३९४ | ६१ | कमला रिसाल | श्रीमती |
| ११. | नन्द प्रधान | २०७५/०१/१६ | ४५९९८८ | ३९३ | बिनोद मान प्रधान/<br>उषा प्रधान(राजभण्डारी)/<br>मुरारी मान प्रधान | छोरा/<br>बुहारी/<br>छोरा |
| १२. | विष्णु देवी थापा | २०७५/०१/२३ | १३०१३७००००२६६१८१ | ४४९ | रामजी थापा | छोरा |
| १३ | सोनी रिजाल गौतम | २०७५/०१/२४ | १६४९३/२६९७८५/२०५५५१/१३९५२० | २८ | सुरेश गौतम | श्रीमान |
| १४ | पुर्ण बहादुर श्रेष्ठ | २०७५/०१/२४ | १३०११२००/००१६०८९८ | २९९ | पुर्णदेवी श्रेष्ठ | श्रीमती |
| १५ | दिपु श्रेष्ठ | २०७५/०१/२८ | १३०१०७००००१३२४३ | ३५३ | सबिना बैद्य | श्रीमती |
| १६ | विमला जोशी | २०७५/०२/०३ | १९६०५६/२६०९३०/३१८४२०/३५४३८३ /४२०९३५ | २९ | पुष्प लाल जोशी | श्रीमान् |
| १७ | नन्दलाल देवान | २०७५/०२/०३ | २५२९९०/३१०६१५/३९९६१३/४६०१०० | ३३ | सरस्वती सुब्बा देवान | श्रीमान् |
| १८ | जयश्री श्रेष्ठ | २०७५/०२/०७ | १३०१२३००००४४७४१ | ११४ | मत्स्येन्द्र लाल श्रेष्ठ | श्रीमान् |
| १९ | सानु राज वैद्य | २०७५/०२/०८ | १३०११२०००००९७४२७ ५८६००/११२२३८/१७४२२४/२३५९५३ | ७६ | इन्द्र माया शाक्य | श्रीमती |
| २० | शंख नारायण श्रेष्ठ | २०७५/०२/०९ | /२९७७९९/३८८२८२/४५२९१३ | १५४ | विष्णु कुमारी श्रेष्ठ | श्रीमती |
| २१ | जानकी प्रताप सिंह प्रधान | २०७५/०२/१३ | १३०१५२००००००५९०९ | १११ | राधिका कुसुम सिंह प्रधान | श्रीमती |
| २२ | राजेन्द्र झा | २०७५/०२/१५ | १३०११७०००००४२४७८ | ३७३ | वीनीता खत्री | श्रीमती |

हकदावी सम्वन्धी (शेयर प्रमाण पत्र हराएको सम्वन्धमा) :

| सि.नं. | शेयरधनी नं. | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाण पत्र नं. | संख्या |
|---|---|---|---|---|
| १. | २२७१८ | पियूष बुद्धाचार्य, मोहरिया टोल, पोखरा | २२७१८/८८८४४/१४४८२९/२१०३१५ | १६७ |
| २. | ३६० | निली कृष्ण ताम्राकार | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि. (हाल सिटिजन्स बैंक लि) | १३४४३ |

**शेयर रजिष्ट्रारः**

CBIL Capital Ltd. सि वि आई एल क्यापिटल लि. Spreading Prosperity, Enriching Lives.
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोनः ४४१७७२३/४४१८६६७ फ्याक्सः ४२३९३०६
इमेलः info@cbilcapital.com वेभसाइटः www.cbilcapital.com

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited
(A class 'D' Financial Institution Licensed by Nepal Rastra Bank)
Naxal, Kathmandu, Nepal
Phone no.: 01-4413711, 4413840, 4413794, Email: info@nirdhan.com

## नाम परिवर्तन बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०२/३१ गते)

यस वित्तीय संस्थाको मिति २०७४।०९।२९ गते सम्पन्न १९ औं वार्षिक साधारण सभाको निर्णय तथा मिति २०७५।०२।२९ मा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त स्वीकृत पत्रको आधारमा यस वित्तीय संस्थाको साविक नाम निर्धन उत्थान बैंक लिमिटेड (Nirdhan Utthan Bank Limited) परिवर्तन भई निर्धन उत्थान लघुवित्त वित्त(ीय संस्था लिमिटेड र अंग्रेजीमा Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited रहेको साथै साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल/अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि समेत परिवर्तित नामको कम्पनीले सकार्ने व्योहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

## सूचना

यस कम्पनीबाट उत्पादित Mirinda Orange, Mountain Dew, र Pepsi १५०० मि.लि. PET को मूल्य २०७५ असार १३ गते (जुन २७, २०१८) बुधबारको दिनदेखि नेपालभरि लागू हुने गरी निम्नानुसार भएको सूचित गरिन्छ ।

| विवरण | Pepsi, Mirinda Orange, & Mountain Dew 1500ML PET |
|---|---|
| | प्रति कार्टन १२ बोतल |
| खुद्रा विक्रेता मूल्य (रु.) | १५८५ |
| खुद्रा विक्रेता कमिसन (रु.) | १५५ |
| उपभोक्ता मूल्य (रु.) | १७४० |
| उपभोक्ता मूल्य (रु.) (प्रति बोतल) | १४५ |

**वरुण बिभरेज नेपाल प्रा. लि.**
**सिनामंगल, काठमाडौं, पो.ब.नं.: २९६८**

## कुमारी बैंक लिमिटेड, शुक्रपथ, बुटवलको तपसिलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस कुमारी बैंक लिमिटेड (साविक पश्चिमाञ्चल फाईनान्स कं. लि. समेत)को शुक्रपथ बुटवल शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गर्नु भएको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**ऋणीको विवरण :**



गंगादत्त श्रेष्ठको नाति, सिद्धिमान श्रेष्ठको छोरा, स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स. घर भई हाल बुटवल उप-महानगरपालिका वडा नं ९ बस्ने **अर्जुन श्रेष्ठ** (ना.प्र.प.नं ३/१८०९, जारी मिति २०५१/०३/१६, जिल्ला प्रशासन कार्यालय रुपन्देही)

**व्यक्तिगत जमानीकर्ता :**



सिद्धिमान श्रेष्ठकी बुहारी, अर्जुन श्रेष्ठकी श्रीमती, स्याङ्गजा जिल्ला विचारी चौतारा गा.वि.स. वडा नं. ४ घर भई हाल काठमाण्डौं जिल्ला सितापाइला गा.वि.स. वडा नं. १ बस्ने **पार्वती के.सी.** (ना.प्र.प.नं. २२७७५, जारी मिति २०५२/०१/१३, जिल्ला प्रशासन कार्यालय स्याङ्जा)

**धितो सुरक्षणको विवरण :**

१. गंगादत्त श्रेष्ठको नाती, सिद्धिमान श्रेष्ठको छोरा, अर्जुन श्रेष्ठको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं ९ ख को कित्ता नं. ७४३७, ७४३९ र ७४४१ को क्षेत्रफल क्रमशः (०-१-१०१/२), (०-०-३१/४) र (०-०-३१/४) (बि.क.धु) जग्गा तथा सो जग्गामा भएको घर भवन तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. गंगादत्त श्रेष्ठको नाती, सिद्धिमान श्रेष्ठको छोरा, अर्जुन श्रेष्ठको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला साविक आनन्दवन गा.वि.स. वडा नं ३ ज को कित्ता नं. ३१८ को क्षेत्रफल (०-०-१८) (बि.क.धु) जग्गा तथा सो जग्गामा भएको घर भवन तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. सिद्धिमान श्रेष्ठकी बुहारी, अर्जुन श्रेष्ठकी श्रीमती, पार्वती के.सी. श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला सितापाइला गा.वि.स वडा नं १ को कित्ता नं १२० को क्षेत्रफल १७८.२० ब.मी. जग्गा तथा सो जग्गामा भएको घर भवन तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शुक्रपथ बुटवल, फोन नं. : ०७१-५४१६०९, फ्याक्स ०७१-५४३९२४

विकासवार्ता

# मौलापुरलाई प्रदेश नं २ कै नमूना नगर बनाउने योजना छ



**रिनाकुमारी साह**, नगरप्रमुख
मौलापुर नगरपालिकाका, रौतहट

**नगरको विकासका लागि कस्ता योजना छनोट भएका छन् ?**

मौलापुर नगरपालिकाले विशेषगरी सडकलाई नै प्राथमिकता दिएको छ । 'सडक सञ्जालको विस्तार, समग्र नगर विकासको आधार' भन्ने नारासहित प्रत्येक घरलाई व्यवस्थित सडकसँग जोड्ने लक्ष्य छ । यस नगरका टोल टोलमा सडक पुऱ्याउने र उक्त सडक मुख्य राजमार्गसँग जोड्ने योजना छ । त्यसका लागि ३ करोड बजेटसमेत छुट्ट्याइएको छ । नगरलाई नै धूँवामुक्त बनाउने लक्ष्य नगरपालिकाले लिएको छ । धूँवारहित नगर बनाउन प्रत्येक घरधुरीमा ग्यास सिलिण्डर तथा चुल्हो वितरण गर्न लागिएको छ । नगर क्षेत्रका करीब ४ हजार घरधुरीलाई ग्यास सिलिण्डर र चुल्हो बाँड्ने लक्ष्यअनुसार काम भइरहेको हो । त्यस्तै, खुला दिसामुक्त बनाउन विपन्न परिवारलाई आवश्यक सामग्री उपलब्ध गराई रौतहटको पहिलो खुला दिसामुक्त नगर घोषणा गर्न सफल भएका छौं । आगामी असार मसान्तभित्र साक्षर नगर घोषणा गर्ने योजना छ । त्यसका लागि प्रौढ शिक्षा अभियान प्रभावकारी रूपमा अघि बढाएका छौं । यस नगरमा बसपार्क, पोलिटेक्निक कलेज, मालपोत कार्यालयको भवन, शहरी विकासका लागि ल्याल्डपुलिङ निर्माणलगायत योजना पनि छनोटमा छन् ।

**यीमध्ये प्राथमिकताका योजना के के हुन् ?**

विशेष प्राथमिकताको योजना सडक नै हो । सडक भएपछि उत्पादित वस्तुको बजाररीकरणमा स्थानीय बासिन्दालाई सजिलो हुन्छ । त्यसैले, टोल टोलमा सडक निर्माण तथा स्तरोन्नतिको काम अघि बढाएका छौं । हरेक टोलमा पक्की सडक पुऱ्याउने योजनाअन्तर्गत काम भइरहेका छन् । टोल टोलबाट विकासको काम थालिएकाले गाउँ हुँदै समग्र नगर नै विकसित हुनेछ । यसबाहेक कृषि, स्वास्थ्य, शिक्षालगायत पूर्वाधार विकालाई पनि नगरपालिकाले महत्त्व दिएको छ ।

**तपाईं प्रदेश नं २ कै एक्लो महिला नगरप्रमुख हुनुहुन्छ । काम कारबाहीमा असहज महसूस गर्नुभएको त छैन ?**

नगरपालिकाको काममा समान्यबाहेक कुनै किसिमको असहजता भएको छैन । मुलुकमा महिला राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश जस्ता उच्च पदमा महिलाको नेतृत्व भएको अवस्थामा नगर प्रमुखको जिम्मेवारी महिलाले पाउनु आश्चर्य भएन । महिलाले पनि नेतृत्वदायी भूमिकामा रहेर काम गर्न सक्छन् भन्ने उदाहरण प्रशस्त छन् । नगरलाई प्रदेश नं २ कै नमूना बनाउने योजना छ । त्यसपछि नगरवासीले सबै क्षेत्रमा विकासको अनुभव गर्नेछन् ।

**नगरपालिकाको पञ्चवर्षीय योजना कस्ता छन् ?**

निकै राम्रो प्रश्न गर्नुभयो । 'मौलापुर नगरपालिकाको समृद्धिको आधार : कृषि, शिक्षा र भौतिक पूर्वाधार' मूल नाराका साथ विभिन्न योजना छनोट गरिएका छन् । यी योजनामार्फत नगरलाई समृद्ध नगर बनाउने लक्ष्य लिएको छ । खासगरी सडक सञ्जाललाई मुख्य राजमार्गसँग जोड्ने, गुणस्तरीय खानेपानीका लागि 'एक घर, एक धारा', 'स्वच्छ शहर, हमर नगर'को नारा अवलम्बन गर्दै प्रत्येक घरमा नाला र 'एक घर, एक रूख' कार्यक्रम सञ्चालन, सय शय्याको अस्पताल निर्माण, 'एक घर, एक रोजगार' मान्यताअनुसार प्रत्येक घरबाट एकजनालाई शीपमूलक व्यावसायिक शिक्षालगायत योजना छन् ।

**स्थानीय तहमा नीतिगत तथा व्यावहारिक समस्या पनि छन् कि ?**

स्थानीय तह सञ्चालनमा एकदमै समस्या छन् । कतिपय काम नीतिगत समस्याका कारण पनि हुन सकेको छैन । स्थानीय तहको सम्बन्धमा प्रदेश सरकारले गर्ने नीतिगत निर्णयले समस्या हुने गरेको छ । प्रदेश सरकारले पूर्णता पाएको भए तापनि प्रदेश सरकारसँग स्थानीय तहको समन्वय हुन सकेको छैन । धेरै कानून बाजिएका छन् । त्यसबारे पनि स्थानीय तहमा अन्योल छ । यता, स्थानीय तहमा सबै प्रकारका कार्यालय आउन थालेका छन् । ती कार्यालयको व्यवस्थापनमा पनि धेरै कठिनाइ छ । दरबन्दीअनुसार कर्मचारीको अभावले विकास निर्माणका काम चुस्त हुन सकेको छैन । यस्ता समस्याले नगरपालिकाको कार्य सम्पादनमा असर पारेका छन् ।

*प्रस्तुति : दीपेश पौडेल*

भूकम्पपछिको पुनर्निर्माण

# लमजुङमा प्राविधिक अभावले ढिलाइ

**निरज अधिकारी**
बेँशीशहर



सरकारले यही असार मसान्तभित्र सबै भूकम्पपीडितले अनुदानको दोस्रो किस्ता लिइसक्नुपर्ने निर्देशन दिएको छ । तर, लमजुङमा निजी आवास पुनर्निर्माणले गति लिन सकेको छैन । स्थानीय तहको निर्वाचनपछि निजी आवास पुनर्निर्माण तीव्र बन्ने अपेक्षा गरिए पनि प्राविधिकको अभावले जिल्लामा अपेक्षित उपलब्धि नभएको हो ।

भूकम्पबाट अतिप्रभावित (१४ जिल्ला)बाहेकका जिल्लामा निजी आवास पुनर्निर्माण कार्यक्रम ढिलो शुरू हुनु र प्राविधिकको कमीले कार्यप्रगति सुस्त भएको सरोकारवालाको भनाइ छ । भवन निर्माण डिभिजन कार्यालयले प्राविधिक अपुग भएको र पुनर्निर्माण प्राधिकरणमा माग गरिएको बताए पनि जिल्लामा पठाइएका प्राविधिक पनि काम छोडेर जाने गरेकाले समस्या थपिएको छ ।

जिल्लामा आवास पुनर्निर्माणको सरकारी अनुदान पाउन पनि समस्या भएको पीडितहरूले बताएका छन् । 'प्रतीक्षा गरेको लामो समयपछि पहिलो किस्ता त पाएँ, तर दोस्रो किस्ताको अत्तोपत्तो छैन,' दोर्दी गाउँपालिका, हरिगाउँका मेघजङ्ग गुरुङले भने । घर बनाउन थालेकाहरू कतिपयले दोस्रो किस्ता नपाउँदा सामग्री जुटाउनै नसकेको अर्का स्थानीय सोमबहादुर गुरुङले बताए ।

जिल्लामा निजी आवास पुनर्निर्माणका लागि हालसम्म १३ हजार ९ सय ५९ घरधुरीसँग अनुदान सम्झौता भएको छ । यसमध्ये १३ हजार ४ सय ७६ ले मात्र पहिलो किस्ता लिएका छन् । अनुदान सम्झौता भएर पनि ४ सय ८३ घरधुरीले पहिलो किस्ताको रकम नबुझेको जिल्ला समन्वय समितिका कार्यक्रम अधिकृत (फोकल पर्सन) शिव रेग्मीले बताए । उनका अनुसार हालसम्म २ हजार ९ सय ९१ घरधुरीले दोस्रो किस्ता र १६ घरधुरीले तेस्रो किस्ताको अनुदान पाएका छन् ।

जिल्लामा हाल ३९ जना प्राविधिक पुनर्निर्माणमा खटिएका छन् । एकै प्राविधिकले दुई/तीन वडा हेर्नुपर्ने बाध्यता छ । जिल्लाको भौगोलिक बनोटले पनि प्राविधिकलाई काम गर्न सहज नभएको प्राविधिकको गुनासो छ । जिल्लामा पुनर्निर्माणलाई गति दिन कम्तीमा १५ जना प्राविधिक थप्नुपर्ने जिल्ला समन्वय समितिका कार्यक्रम अधिकृत रेग्मीले बताए ।

# इलाम नगरका वडालाई ५० लाखको बजेट सिलिङ

इलाम (अस) । इलाम नगर पालिकाले आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट तथा नीति तथा कार्यक्रम तेस्रो नगर सभाबाट पारित गरेको छ । गत असार ७ देखि ११ गतेसम्म भएको नगर सभाले जम्मा प्रशासनिक खर्चसमेत गरी ७९ करोड ८० लाखको बजेट पारित गरेको हो । प्रदेश सरकारबाट सशर्त अनुदानमा उपलब्ध योजना तथा बजेट यसमा समावेश नगरिएको नगरले बताएको छ । नगरसभाले १२ ओटा वडालाई ५० लाखका दरले बजेट उपलब्ध गराएको छ । यस आर्थिक वर्षमा कुल ११ करोड प्रशासनिक खर्च हुने अनुमान गरिएको नगर प्रमुख महेश बस्नेतले जानकारी दिए । वडास्तरीय योजनामा सडक पर्खाल तथा मर्मतमा बढी बजेट खर्च हुने उनले बताए । वडास्तरीय योजनामा ७३ ओटा योजना भवन तथा निर्माणसम्बन्धी छन् ।

# बेनी–दरवाङ सडकको स्तरोन्नति सुस्त



म्याग्दी (अस) । पश्चिम म्याग्दी जोड्ने बेनी-दरबाङ सडक स्तरोन्नति र कालोपत्रको काममा ढिलासुस्ती भइरहेको छ । निर्माणको जिम्मा लिएको लामा समानान्तर जेभीले बजेट अभावको कारण देखाउँदै सडक विस्तारमा आलटाल गरेको छ ।

बेनी नगरपालिका हुँदै पश्चिम म्याग्दीको मङ्गला, मालिका, धवलागिरि गाउँपालिकाका साथै छिमेकी जिल्ला बागलुङ र रुकुम जोड्नेगरी सडकको काम थालिएको थियो । २४ किलोमिटर सडकखण्डअन्तर्गत पहिलो चरणमा १४ किलोमिटर सडक स्तरोन्नति गर्न सडक डिभिजन कार्यालय, बागलुङले ४४ करोड रुपैयाँको ठेक्का सम्झौता गरेको थियो ।

सम्झौता गरेयता सडकमा दैनिक १० देखि २० जना कामदार, दुईओटा मेशिन परिचालन गरिए पनि कामको प्रगति नभएपछि बेनी नगरपालिका, जिल्ला समन्वय समिति, तीनओटा गाउँपालिकाले सडक विभागलाई दबाब दिएका छन् । 'सडकमा भइरहेको काम सन्तोषजनक छैन । चर्को दबाबविना काम गर्ने अवस्था देखिँदैन,' जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्रबहादुर कटुवालले भने । उनका अनुसार ३० महीनामा सम्पन्न गर्ने सम्झौता गरिए पनि ठेकेदार कम्पनीले बजेट अभावलाई कारण देखाएको छ ।

सडक विस्तारबारे ३ साताअघि जिल्ला प्रशासनमा भएको छलफलमा सडकमा मजदूरसहित आवश्यक तयारी गरिएको डिभिजन कार्यालय बागलुङका प्रमुख थानेश्वर खत्रीले बताएका थिए । तर पनि अहिलेसम्म तयारीअनुसार काम भएको छैन । डिभिजनका कर्मचारी नै निर्माण व्यवसायीको कमीकमजोरी लुकाउने गरेकाले पनि सडक विस्तारमा समस्या भएको जनप्रतिनिधिको आरोप छ ।

यद्यपि, आयोजनास्थलमा भइरहेको काम सन्तोषजनक रहेको खत्रीले दाबी गरे । पश्चिम म्याग्दीको भविष्यसँग जोडिएको सडकखण्डअन्तर्गत ११ मिटर फराकिलो सडक ७ मिटर चौडाइमा कालोपत्र गर्न लागिएको छ । पहिलो चरणमा बेनीदेखि बाबियाचौरसम्म सडक कालोपत्र हुने सम्झौतामा उल्लेख छ । पश्चिम म्याग्दीसँगै बागलुङ र रुकुमका जनताको सुविधाका लागि यो सडक मध्यपहाडी लोकमार्गको वैकल्पिक प्रयोग गर्ने तयारी भइरहेको बताइएको छ । पहिले करीब साढे २ घण्टा लाग्ने यात्रा सडक स्तरोन्नतिपछि छोटिएर करीब ३५ मिनेटमा सीमित भएको छ ।

**सच्याइएको**

मिति २०७५ असार ११ गते यस आर्थिक अभियान राष्ट्रिय दैनिकको पृष्ठ ६ मा प्रकाशित भक्तपुर जिल्ला अदालतबाट जारी फाँट नं. २ को म्याद सूचनामा मुद्दा नं. ०७४-CP-०९३७ (लेनदेन) हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा सच्याइएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ ।

**नाम परिवर्तन भएको सूचना**

यस कम्पनीको मिति २०७५/०२/०४ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक नाम **डार्विन एजुकेशनल कन्सल्टेन्सी एण्ड एयर होस्टेज ट्रेनिङ एकेडेमी प्रा.लि.( प्रा.लि.नं.११५२५६)** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने अन्य ऋण, धन दायित्व एवं कर परिवर्तित नाम **डार्विन एजुकेशन फाउन्डेशन प्रा.लि.**ले सकार्ने ब्यहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मिति २०७३/०२/०६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद,
सानोठिमी, भक्तपुर
**स्तर निर्धारण महाशाखाको**
**श्री आई इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी (साविकको नाम) का.म.न.पा. ३५, कोटेश्वर, काठमाडौंको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७५/०३/१३**

यस परिषद्बाट छोटो अवधिको तालीम कार्यक्रम संचालनको लागि सम्बन्धन प्राप्त संस्था आई इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी (साविकको नाम) का.म.न.पा. ३५, कोटेश्वर, काठमाडौं ले नाम परिवर्तन गर्न यस परिषद् कार्यालयमा निवेदन दिएकोमा यस परिषद् कार्यालयको मिति २०७५/०३/०६ गते को निर्णय अनुसार उक्त संस्था प्रति कोही कसैको लेनदेन हकदावी, विरोध भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित हकदावी उजुरी गर्नु हुन सम्बन्धीत सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा संस्थाले माग गरे अनुसार कानूनी म्याद समाप्त भएपछि आई इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी (साविकको नाम) का.म.न.पा. ३५, कोटेश्वर, काठमाडौंको नाम परिवर्तन भई नयाँ नाम सेन्टर फर स्किल डेभलपमेन्ट एण्ड करियर काउन्सेलिङ प्रा.लि. का.म.न.पा. ३५, कोटेश्वर, काठमाडौं कायम भई जाने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,**
**सानोठिमी, भक्तपुर ।**
**फोन नं. ०१-६६३०४०८**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**डिभिजन सडक कार्यालय काठमाण्डौ-२,टेकु**
**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**सूचना प्रकाशन मिति: २०७५/०३/१३**

यस सडक कार्यालयवाट मिति २०७५/०१/२४ को अभियान दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम तपसिलका ठेक्काहरुमा पेश हुन आएका वोलपत्रहरु मूल्यांकनवाट न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही वोलपत्र भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७(३) को प्रयोजनार्थ दफा २७ को उपदफा २ वमोजिम सम्वन्धित सवै वोलपत्रदाताहरुलाई जानकारीको लागि वोलपत्र स्विकृतिको आशयको ७ दिने यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक(PS/VAT समेत) |
|---|---|---|
| DROKTM2 -3373204-2074/75-26 | M/S PR Construction Pvt. Ltd., Bhaktapur | 26,77,491.49 |

**वोधार्थ**:- सम्बन्धित सवै वोलपत्रदाताहरु

**डिभिजन प्रमुख**

**माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजना (२१६ मे.वा.) को २२० के.भी. विद्युत प्रसारण लाईनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा राय सुझाव सम्वन्धी सार्वजनिक सूचना**
प्रकाशित मिति: २०७५/०३/१३

रसुवा जिल्लाको उत्तरगया गाउँपालिकामा अवस्थित माथिल्लो त्रिशूली-१ जलविद्युत (२१६ मे.वा.) आयोजनाको टेक अफ यार्डबाट उत्तरगया गाउँपालिका वडा नं १ डाँडागाउँमा प्रस्तावित नेपाल विद्युत प्राधिकरणको चिलिमे-त्रिशूली २२० के. भी. प्रशारण लाइनको नजिक पर्ने टावर नं AP २८ सम्म करिब ११८४.५ मिटर लामो २२० के. भी. प्रसारण लाईन निर्माण गरिने छ । विद्युत प्रसारण लाईनको राईट अफ वे (Right of way) ३० मिटर हुनेछ । उक्त विद्युत प्रसारण लाईन निर्माण गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने भएकोकोले वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सूचना प्रकाशित गरिएको छ ।
**प्रभाव पर्नसक्ने क्षेत्र:** उत्तरगया गाउँपालिका वडा न. १
यो प्रस्ताव कार्यान्वयन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक प्रणाली र यिनका अवयवहरु तथा अन्तरसम्वन्धमा पर्नसक्ने प्रभावहरुका सम्वन्धमा सम्वन्धित गाउँपालिका तथा त्यस क्षेत्रका जिल्ला समन्वय समिति, विद्यालय, स्वास्थ्य केन्द्र तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी राय सुझाव दिनु हुन अनुरोध छ । राय सुझाव सम्वन्धित मन्त्रालयमा पनि दिन सकिनेछ ।

**राय सुझाव पठाउने ठेगाना:**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट प्रा. लि. नक्साल, काठमाण्डौ नेपाल<br>फोन न. ०१-४४१२२५७, ४४१२२२९<br>ईमेल: info@nwedc.com.np | ग्रीन ग्लोब इन्टरनेशनल प्रा. लि. काठमाण्डौ महानगरपालिका-३२, कोटेश्वर, काठमाण्डौ<br>फोन न. ०१-५१४९१११<br>ईमेल: info.greenglobes@gmail.com |

**यूनिभर्सल वाइन इन्डष्ट्रिज प्रा.लि.**
पनौती १०,काभ्रेपलाञ्चोक
**मूल्य सूची**

**यस उद्योगद्वारा उत्पादित वाइन नेपाल अधिराज्यभित्र मिति २०७५/०३/१३ देखि निम्न मूल्यमा विक्री वितरण गरिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा मू.अ. कर समेत समावेश गरिएको छ ।**

| ब्राण्डको नाम | अल्कोहल प्रतिशत | मि.लि. | ने. डिष्ट्रिव्युटर्स | कमिसन | डिष्ट्रिव्युटर्स | कमिसन | होलसेल | कमिसन | रिटेलर्स मूल्य | कमिसन | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | प्रति कार्टुन | प्रति वोतल |
| डिलाइट स्विट रेड (Delight Sweet Red) | ११.५० | ७५० | ४५७०/८९ | २९७/११ | ४८६८ | ३१६/४२ | ५१८४/४२ | २५९/२२ | ५४४३/६४ | ५४४/३६ | ५९८८ | ४९९ |
| डिलाइट स्विट ह्वाइट (Delight Sweet White) | ११.५० | ७५० | ४५७०/८९ | २९७/११ | ४८६८ | ३१६/४२ | ५१८४/४२ | २५९/२२ | ५४४३/६४ | ५४४/३६ | ५९८८ | ४९९ |
| हार्भेष्ट मून स्विट रेड (Harvest Moon Sweet Red) | ११.५० | ४००० | ७६३०/३६ | ४९५/९७ | ८१२६/३३ | ५२८/२१ | ८६५४/५४ | ४३२/७३ | ९०८७/२७ | ९०८/७३ | ९९९६ | २४९९ |
| हार्भेष्ट मून स्विट ह्वाइट (Harvest Moon Sweet White) | ११.५० | ४००० | ७६३०/३६ | ४९५/९७ | ८१२६/३३ | ५२८/२१ | ८६५४/५४ | ४३२/७३ | ९०८७/२७ | ९०८/७३ | ९९९६ | २४९९ |

# बजार १२ सय विन्दुभन्दा तल

अभियान संवाददाता
काठमाडौं

मङ्गलवार १ हजार २ सय १० दशलमव १८ विन्दुबाट शुरू भएको कारोबार १५ दशमलव २९ अङ्क घटेर १ हजार १ सय ९४ दशमलव ८० विन्दुमा पुगेर बन्द भएको छ । नेप्से पुनः ३ महीनाअघिको विन्दुनजीक पुगेको छ । कारोबार भएका ९ समूहको परिसूचक घटेपछि समग्र नेप्से परिसूचक १ दशमलव २६ प्रतिशत घटेको हो ।

बजार पुनः ३ महीनाअघिको विन्दुतर्फ लागेको हुँदा बजारले १ हजार १ सय ३० देखि १ हजार २ सयसम्म टेवा पाउन सक्ने अनुमान विश्लेषकहरूले गरेका छन् । यो खरीदकर्ता भित्रिने समय हो, तर बैङ्कहरूले लगानीकर्तालाई मार्जिन कल गर्न थालेपछि शेयर विक्री गर्ने लगानीकर्ता बढेकाले ओभर सप्लाई भएको ब्रोकरहरू बताउँछन् । बैङ्कहरूले बढाएको ब्याजदरका कारण पनि बजार बढ्न नसकेको लगानीकर्ताहरूको भनाइ छ ।

होटल समूहको परिसूचक २ दशमलव ८१ प्रतिशत, उत्पादन तथा प्रशोधनको २ दशमलव १६, लघुवित्तको २, बीमाको १ दशमलव २८, बैङ्किङको १ दशमलव २४, विकास बैङ्कको १ दशमलव शून्य ४, वित्तको परिसूचक शून्य दशमलव ८६ प्रतिशत घटेको छ । उक्त दिन १ सय ६० कम्पनीको ३ हजार ६ सय २३ पटक कारोबार भएको छ । यसमध्ये कुल रू. २३ करोड १० लाखबराबरको ६ लाख २१ हजार ७ सय ९६ कित्ता शेयरको कारोबार भएको छ ।

नेप्सेमा सर्वाधिक शेयर कारोबार हुने १० कम्पनीमध्ये नबिल बैङ्क लिमिटेडको प्रतिकित्ता रू. ७ सय २० मा रू. १ करोड ३१ लाखबराबरको संस्थापकतर्फको शेयर कारोबार भएको छ । सर्वाधिक शेयर कारोबार हुनेमा ९ ओटा वाणिज्य बैङ्क छन् । आरम्भ माइक्रोफाइनान्स कम्पनीको शेयरमूल्य ४ दशमलव ७९ प्रतिशत बढेको छ भने सप्तकोशी डेभलपमेण्ट बैङ्कको शेयरमूल्य ७ दशमलव ३७ प्रतिशत घटेको छ । कारोबार भएका कम्पनीमध्ये ९ कम्पनीको शेयरमूल्य बढेको छ भने १ सय ३९ कम्पनीको शेयरमूल्य घटेको छ । साथै, १२ कम्पनीको शेयरमूल्य स्थिर छ ।

यस दिन कारोबार रकम अघिल्लो कारोबार भएको दिनको तुलनामा २४ दशमलव ७५ प्रतिशत बढेको छ । कुल बजार पूँजीकरण १ दशमलव २६ प्रतिशत घटेर रू. १४ खर्ब १२ अर्ब पुगेको छ । यस दिन 'क' वर्गका कम्पनीहरूको कारोबार मापन सेन्सेटिभ इण्डेक्स १ दशमलव २२ प्रतिशत घटेर २ सय ५० दशमलव ८६ अङ्क पुगेको छ ।

त्यसैगरी, यस दिन नेप्सेको १४ दिने रिलेटिभ स्ट्रेन्थ इण्डेक्स ओभरसोल्ड अर्थात् २५ दशमलव ९३ स्केलमा छ । यसले बजारमा विक्री चाप बढेको देखाउँछ । नेप्सेको एडी रेशियो शून्य दशमलव शून्य ६ प्रतिशत छ । यसले बजार बियरिश प्रवृत्तिमा रहेको देखाउँछ ।

**होटल समूह** : यस समूहको परिसूचक २ दशमलव ८१ प्रतिशत घटेको छ । १ हजार ८ सय ४६ विन्दुबाट शुरू भएको कारोबार तेस्रो घण्टामा घटेर १ हजार ७ सय ९० विन्दुसम्म पुगेको थियो । अन्त्यमा ५२ अङ्क घटेर १ हजार ७ सय ९६ विन्दुमा पुगेर बजार बन्द भएको छ । यस समूहमा पर्ने तारागाउँ रिजेन्सी, ओरियण्टल होटल र सोल्टी होटलको शेयरमूल्य घटेपछि यस समूहको परिसूचक घटेको हो ।

| समूह | कारोबार रकम | परिसूचक | फरक % | |
|---|---|---|---|---|
| बैङ्किङ | ९४,८७१,४०० | १,०१०.२८ | ⬇ | १.२४ |
| होटल | ३,८४९,९६० | १,७९६.८१ | ⬇ | २.८१ |
| विकास बैङ्क | १०,३२७,७०० | १,३९५.३४ | ⬇ | १.०४ |
| जलविद्युत् | १०,७६४,९०० | १,४७५.०९ | ⬇ | ०.७५ |
| फाइनान्स | २,९३९,३१० | ६१०.४१ | ⬇ | ०.८६ |
| इन्स्योरेन्स | ४२,१७७,८०० | ६,०४०.८३ | ⬇ | १.२८ |
| उत्पादनमूलक | २,५४५,९६० | २,३०४.२२ | ⬇ | २.१६ |
| अन्य | ४,५९६,१९० | ७०४.४७ | ⬇ | ०.७५ |
| लघुवित्त | ३६,९१७,००० | १,५७५.३७ | ⬇ | २ |

**नेप्से पुनः ३ महीनाअघिको विन्दुनजीक पुगेको छ । कारोबार भएका ९ समूहको परिसूचक घटेपछि समग्र नेप्से परिसूचक १ दशमलव २६ प्रतिशत घटेको हो ।**

## शेयर बोलकबोल

| कम्पनीको नाम | संस्थापक शेयर | सर्वसाधारण शेयर | बोलपत्र पेश गर्ने मिति | विक्री प्रबन्धक |
|---|---|---|---|---|
| कर्णाली डेभलपमेण्ट बैङ्क | ५२३५७० कित्ता | १८४५८८ कित्तु | असार १७ - २४ | प्रभु क्यापिटल लिमिटेड |
| प्रभु बैङ्क | १५६०२०३ कित्ता | ६७१०६२ कित्ता | असार ११ - १८ | प्रभु क्यापिटल लिमिटेड |

## साधारणसभाबाट पारित लाभांश

| कम्पनीको नाम | वोनस शेयर | नगद लाभांश | हकप्रद शेयर | कैफियत |
|---|---|---|---|---|
| पोखरा फाइनान्स | ८.२६% | ०.४३५% | | असार ५ गतेको साधारणसभा |
| ललितपुर फाइनान्स लिमिटेड | | | १:१ | असार २ गतेको साधारणसभा |
| मिर्मिरे माइक्रोफाइनान्स डे.बैङ्क | ३०.८२% | | | जेठ २५ गतेको साधारणसभा |
| गण्डकी विकास बैङ्क | १९.३१०६% | | | जेठ २५ गतेको साधारणसभा |
| एशियन लाइफ इन्स्योरेन्स कम्पनी | ४% | रू. २५४३९७८.६५ | १:०.६० | जेठ १९ गतेको साधारणसभा |
| नेपाल कम्यूनिटी डे. बैङ्क | ८.६१% | ०.४५% | | जेठ १८ गतेको साधारणसभा |
| सिर्जना फाइनान्स | | | १०:६ | जेठ १२ गतेको साधारणसभा |
| बुटवल पावर कम्पनी | | २०% | | जेठ ८ गतेको साधारणसभा |
| महालक्ष्मी विकास बैङ्क | | ९% | | वैशाख २१ गतेको साधारणसभा |
| नेपाल इन्स्योरेन्स कम्पनी | ४.५२३८% | ०.२३६% | ६५% | वैशाख २१ गतेको साधारणसभा |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी | १०% | ०.५३% | | वैशाख १० गतेको साधारणसभा |
| नागरिक लगानी कोष | २२% | १.१५% | | वैशाख ७ गतेको साधारणसभा |
| नेपाल लाइफ इन्स्योरेन्स कम्पनी | ४२% | २८.५३% | | चैत २८ गतेको साधारणसभा |
| प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) | १३.५२% | ०.८१% | | चैत २६ गतेको साधारणसभा |
| प्राइम लाइफ इन्स्योरेन्स कम्पनी | १२.५% | ०.६२% | | चैत १४ गतेको साधारणसभा |
| तारागाउँ रिजेन्सी होटल लिमिटेड | | ७.३६८% | | चैत १२ गतेको साधारणसभा |
| सिद्धार्थ बैङ्क लिमिटेड | १४% | | | चैत ४ गतेको साधारणसभा |
| फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स | ५०% | १५% | | चैत ४ गतेको साधारणसभा |

## प्रस्तावित बोनस शेयर तथा नगद लाभांश

| कम्पनीको नाम | बोनस शेयर | नगद लाभांश | कैफियत |
|---|---|---|---|
| रिलायन्स फाइनान्स कम्पनी | १२% | ०.६३% | जेठ १६ मा सञ्चालक समितिको निर्णय |
| सिभिल बैङ्क | १०.२५% | ०.५४% | नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत |
| टुरिजम डेभलपमेण्ट बैङ्क | १५ | | चैत २२ गते बसेको सञ्चालक समितिको निर्णय |
| सेन्ट्रल फाइनान्स लिमिटेड | ८.५% | रू. ३४९३९२२ | चैत ५ मा सञ्चालक समितिको निर्णय |
| राष्ट्रिय बीमा कम्पनी | १२०% | ५.२६% | फागुन १० मा सञ्चालक समितिको निर्णय |
| जेबिल्स फाइनान्स लिमिटेड | १०% | ०.५२% | पुस २८ मा सञ्चालक समितिको निर्णय |
| कन्काई विकास बैङ्क | ६.१५% | ०.३२२ % | मङ्सिर १२ मा सञ्चालक समितिको निर्णय |
| समीट माइक्रोफाइनान्स डे. बैङ्क | ३४.४८% | १०.५३% | भदौ ३० मा सञ्चालक समितीको निर्णय |

## शेयर अपडेट

### ७% सानिमा डिबेञ्चर २०७९ लाई पुनः 'एलए माइनस'

काठमाडौं (अस) । सानिमा बैङ्क लिमिटेडले जारी गरेको रू. ३७ करोडको (७% सानिमा डिबेञ्चर २०७९)लाई इक्रा नेपाल लिमिटेडले विगतमा प्रदान गरेको रेटिङ 'एलए माइनस' पुनः प्रदान गरेको छ । उक्त रेटिङ प्राप्त गर्ने धितोपत्र उपकरणहरू समयमा नै वित्तीय दायित्व पूरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित मानिन्छन् । जोखीमका दृष्टिले यस्ता उपकरण न्यून जोखीम भएका मानिन्छन् ।

### नयाँ नेपाल लघुवित्तको हकप्रदलाई ग्रेड ५

काठमाडौं (अस) । नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले जारी गर्न लागेको रू. ६ करोडको हकप्रदलाई इक्रा नेपाल लिमिटेडले ग्रेड ५ प्रदान गरेको छ । यसले कम्पनीको आधारभूत पक्ष कमजोर रहेको बुझाउँछ । कम्पनीले १ बराबर २ दशमलव ५ को अनुपातमा हकप्रद जारी गर्न २०७४ चैत १९ गते धितोपत्र बोर्डमा निवेदन दिएको थियो ।

### लक्ष्मी क्यापिटलको साधारणसभा असार १९ गते

काठमाडौं (अस) । लक्ष्मी क्यापिटल मार्केटको विशेष साधारणसभा असार १९ गते लक्ष्मी बैङ्कको प्रधान कार्यलय हात्तीसारमा हुँदै छ । कम्पनीको जेठ २५ गते बसेको सञ्चालक समितिको बैठकले उक्त निर्णय गरेको हो । कम्पनीले सभामा कम्पनीको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने प्रस्ताव लैजाँदै छ ।

### लक्ष्मी भ्यालुको प्रतिएकाइ खुद मूल्यमा कमी

काठमाडौं (अस) । लक्ष्मी म्युचुअल फण्डअन्तर्गत सञ्चालन हुने लक्ष्मी भ्यालु फण्डको वैशाख मसान्तको तुलनामा खुद सम्पत्ति मूल्य घटेको छ । जेठ मसान्तमा सम्मको प्रतिएकाइ खुद मूल्य रू. १० दशमलव ८६ छ । योजनाको सोही अवधिमा प्राप्त भइसकेको आम्दानी रू. ५ करोड ८१ लाख छ भने प्राप्त नभएको नोक्सानी रू. ९ करोड ३६ लाख छ । जेठ मसान्तमा योजनाको धितोपत्रमा रू. ३१ करोडबराबरको लगानी छ । योजनाले सूचीकृत धितोपत्र र सार्वजनिक निष्कासनमा उक्त लगानी गरेको हो । म्युचुअल फण्डले जेठ मसान्तसम्ममा ३७ ओटा सूचीकृत कम्पनीको ५ लाख ५४ हजार ३ सय ७ कित्ता शेयरमा रू. ३० करोड ९४ लाखभन्दा बढी लगानी गरेको छ । योजनाको बैङ्क मौज्दात रू. १६ करोड ४१ लाख छ भने कुल व्यय रू. ४ करोड ६४ लाख छ । योजनाको व्यवस्थापकमा लक्ष्मी क्यापिटल मार्केट लिमिटेड छ ।

### मिथिला लघुवित्तको नाम परिवर्तन

काठमाडौं (अस) । मिथिला लघुवित्त विकास बैङ्कको नाम परिवर्तन भई मिथिला लघुवित्त वित्तीय संस्था कायम भएको छ ।

### नागवेली लघुवित्तको बूकक्लोज असार ३१ गते

काठमाडौं (अस) । नागवेली लघुवित्त वित्तीय संस्था लिमिटेडले १ बराबर १ को अनुपातमा जारी गर्न लागेको हकप्रद शेयर प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका असार ३१ गते बन्द गर्दै छ । सो दिनभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले हकप्रद शेयरका लागि आवेदन दिन सक्छन् । असार ११ गते बिहान बसेको सञ्चालक समितिको बैठकले बूकक्लोजको निर्णय गरेको हो । कम्पनीको आठौं वार्षिक साधारणसभाले शत प्रतिशत हकप्रद जारी गर्ने प्रस्ताव पारित गरेको थियो । कम्पनीले नेपाल धितोपत्र बोर्डबाट हकप्रद वितरणका लागि जेठ ९ गते स्वीकृति पाएको हो ।

### शिवम् सिमेण्टको आईपीओलाई ग्रेड ३+ रेटिङ

काठमाडौं (अस) । इक्रा नेपालले शिवम् सिमेण्टले जारी गर्न लागेको आईपीओका लागि ग्रेड ३ प्लस रेटिङ प्रदान गरेको छ । यसले कम्पनीको आधारभूत पक्ष औसतभन्दा तल रहेको बुझाउँछ । तर, प्लस चिह्नले तुलनात्मक रूपमा सकारात्मक स्थिति रहेको बुझाउँछ । यस कम्पनीले स्थानीय तथा सर्वसाधारणका लागि प्रिमियमसहित ५२ लाख ८० हजार कित्ता आईपीओ निष्कासन गर्न सेबोनबाट असार ७ गते स्वीकृति पाएको हो । बोर्डले स्थानीयका लागि प्रतिकित्ता रू. ३ सय र सर्वसाधारणका लागि रू. ४ सयमा आईपीओ जारी गर्न स्वीकृति दिएको छ । विक्रीप्रबन्धकमा सिद्धार्थ क्यापिटल लिमिटेड छ ।

### सानिमा बैङ्कलाई पुनः 'ए माइनस'

काठमाडौं (अस) । इक्रा नेपाल लिमिटेडले सानिमा बैङ्क लिमिटेडलाई विगतमा प्रदान गरेको पर्याप्त क्रेडिट गुणताको सङ्केत गर्ने निष्कासनकर्ता रेटिङ 'ए माइनस' पुनः प्रदान गरेको छ । उक्त रेटिङ प्राप्त गर्ने निकायले पर्याप्त क्रेडिट गुणता र औसत क्रेडिट जोखीम वहन गरेको मानिन्छ ।

### नबिल इक्विटीको शेयरमा लगानी ९० करोड

काठमाडौं (अस) । नबिल म्युचुअल फण्डअन्तर्गत सञ्चालन हुने नबिल इक्विटी फण्डले जेठ मसान्तमा रू. ९० करोड ९१ लाख शेयरमा लगानी गरेको छ । योजनाले शेयर, ऋणपत्र, मुद्दती निक्षेप आदिमा उक्त लगानी गरेको हो । योजनाको जेठसम्मको प्राप्त नभएको नोक्सानी रू. १६ करोड ७९ लाख छ । योजनाको प्रतिएकाइ खुद सम्पत्ति मूल्य रू. ८ दशमलव ७९ छ । म्युचुअल फण्डले जेठ मसान्तमा ५७ ओटा सूचीकृत कम्पनीको शेयरमा रू. ६६ करोड ५५ लाखभन्दा बढी लगानी गरेको छ । यस योजनाको बैङ्क मौज्दात रू. १८ करोड १२ लाख छ भने कुल व्यय रू. १४ करोड ७४ लाख छ । योजनाको व्यवस्थापकमा नबिल इन्भेष्टमेण्ट बैङ्किङ लिमिटेड छ ।

### नाडेप लघुवित्तको आईपीओका लागि बुधवारसम्म आवेदन खुला

काठमाडौं (अस) । असार १० गतेदेखि सर्वसाधारणका लागि जारी गरिएको नाडेप लघुवित्त वित्तीय संस्थाको आईपीओका लागि आवेदन दिने बुधवार अन्तिम दिन रहेको छ । छिटोमा असार १३ र ढिलोमा साउन ७ गतेसम्म आवेदन दिन सकिने व्यवस्था रहेको यस आईपीओका लागि तोकेभन्दा बढी आवेदन परेकाले असार १३ सम्म मात्र विक्री खुला हुने भएको हो । विक्रीप्रबन्धक नबिल इन्भेष्टमेण्ट बैङ्किङ लिमिटेडले दिएको जानकारीअनुसार सोमवारसम्म १ लाख ६ हजार आवेदकबाट ४६ लाख कित्ता शेयर खरीदका लागि आवेदन परेको छ ।

कम्पनीले ४ लाख ८० हजार कित्ता आईपीओ जारी गरेको हो । यसमध्ये २४ हजार कित्ता कम्पनीका कर्मचारीका लागि र २४ हजार सामूहिक लगानी कोषका लागि सुरक्षित राखी ४ लाख ३२ हजार कित्ता शेयर सर्वसाधारणका लागि जारी गरेको हो । यस आईपीओमा न्यूनतम २० कित्ता र अधिकतम २ हजार ४ सय कित्तासम्म आवेदन दिन सकिने व्यवस्था छ । आवेदनका लागि विक्रीप्रबन्धकसँगै नेपाल धितोपत्र बोर्डबाट स्वीकृतिप्राप्त सी-आस्बा सेवामा सहभागी सम्पूर्ण बैङ्क तथा वित्तीय संस्थामा सम्पर्क गर्न सकिन्छ । हाल रू. ११ करोड २० लाख रहेको कम्पनीको चुक्तापूँजी आईपीओ विक्रीवितरणपश्चात् रू. १६ करोड पुग्नेछ ।

### ९% सानिमा डिबेञ्चर २०८५ लाई 'एलए माइनस'

काठमाडौं (अस) । सानिमा बैङ्क लिमिटेडले जारी गर्न लागेको रू. २ अर्बको (९% सानिमा डिबेञ्चर २०८५)लाई इक्रा नेपाल लिमिटेडले 'एलए माइनस' प्रदान गरेको छ । उक्त रेटिङ प्राप्त गर्ने धितोपत्र उपकरणहरू समयमा नै वित्तीय दायित्व पूरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित मानिन्छन् । जोखीमका दृष्टिले यस्ता उपकरण न्यून जोखीम भएका मानिन्छन् ।

### नेपाल हाइड्रो डेभलपरको बूकक्लोज आज

काठमाडौं (अस) । असार २९ गते आयोजना हुने ११औं वार्षिक साधारणसभा प्रयोजनका लागि नेपाल हाइड्रो डेभलपरले बुधवार बूकक्लोज गर्दै छ । बूकक्लोजका आधारमा मङ्गलवारसम्म शेयर स्वामित्व भएका सदस्यले मात्र सभामा भाग लिन पाउँछन् । कम्पनीले सभामा आगामी ४ वर्षको कार्यकालका लागि सर्वसाधारण सदस्यका तर्फबाट एकजना र संस्थापक सदस्यका तर्फबाट तीनजना सञ्चालकको निर्वाचन गर्ने प्रस्ताव लैजाँदै छ । रसियन सेन्टर अफ साइन्स एण्ड कल्चर, कमलपोखरी, काठमाडौंमा बिहान ११ बजे शुरू हुने सभामा कम्पनीको गतवर्षको वार्षिक प्रतिवेदन पारित गरिनुका साथै चालू आर्थिक वर्षको लेखापरीक्षणका लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोकिनेछ ।

### अपर तामाकोशीको आईपीओ निष्कासन

काठमाडौं (अस) । अपर तामाकोशी हाइड्रोपावरको आईपीओ असार २४ गतेदेखि निष्कासन हुँदै छ । कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित दोलखा जिल्लाका स्थानीय बासिन्दाका लागि आईपीओ जारी गर्न लागेको हो । कम्पनीले स्थानीय बासिन्दाका लागि १ करोड ५ लाख ९० हजार कित्ता आईपीओ निष्कासन गर्दै छ । आईपीओका लागि साउन ९ गतेसम्म आवेदन दिन सकिन्छ । स्थानीय बासिन्दाले न्यूनतम ३० कित्ता र अधिकतम ३ सय कित्ताका लागि आवेदन दिन सक्छन् । कम्पनीले दोस्रो चरणमा सर्वसाधारण शेयरधनीका लागि १ करोड ५८ लाख ८५ हजार कित्ता आईपीओ निष्कासन गर्दै छ । सर्वसाधारणले न्यूनतम ५० कित्ता र अधिकतम १ हजार कित्ताका आईपीओका लागि आवेदन दिन सक्छन् । धितोपत्र निष्कासन तथा विक्रीप्रबन्धकमा नागरिक लगानी कोष र सहनिष्कासन तथा विक्रीप्रबन्धकमा सनराइज क्यापिटल लिमिटेड छन् । साथै, नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सी-आस्बा सेवामा सहभागी बैङ्क तथा वित्तीय संस्था र तिनका शाखाबाट पनि आवेदन दिन सकिन्छ । हाल कम्पनीको चुक्तापूँजी रू. ७ अर्ब ९४ करोड छ । स्थानीय र सर्वसाधारणका लागि आईपीओ निष्कासन गरेपछि पूँजी रू. १० अर्ब ५९ करोड पुग्नेछ ।

### वेष्टर्न डेभलपमेण्टको साधारणसभा आज

काठमाडौं (अस) । वेष्टर्न डेभलपमेण्ट बैङ्कले बुधवार विविध प्रस्तावसहित १२औं वार्षिक साधारणसभाको आयोजना गर्दै छ । बैङ्कले सभामा आफूसँग गाभिएको साविकको नमस्ते वित्तीय संस्था लिमिटेडको गतवर्षको वार्षिक प्रतिवेदन, १७ दशमलव ४२ प्रतिशत बोनस शेयर र शून्य दशमलव ९२ प्रतिशत नगद लाभांशको प्रस्ताव लैजाँदै छ । बैङ्कले गतवर्षसम्म कायम चुक्तापूँजी रू. ३४ करोड ५३ लाख १२ हजार र साविकको नमस्ते वित्तीय संस्थाको रू. ८ करोड ४० लाख गरी कुल रू. ४२ करोड ९३ लाख १२ हजार चुक्तापूँजीका आधारमा लाभांश वितरणको प्रस्ताव अघि सारेको हो ।

बैङ्कले सभामा संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्ने तीनजना र सर्वसाधारणको प्रतिनिधित्व गर्ने तीनजना सञ्चालकको निर्वाचनसमेत गर्दै छ । प्रस्तावित बोनस शेयरपश्चात् बैङ्कको चुक्ता तथा जारीपूँजी रू. ५० करोड ४० लाख ६८ हजार १ सय ६० पुग्नेछ । चुक्तापूँजी वृद्धि गर्ने प्रस्तावअनुरूप बैङ्कले प्रबन्धपत्र र नियमावलीमा समेत संशोधन गर्दै छ ।

## आगामी साधारणसभा

| कम्पनीको नाम | किसिम | स्थान | मिति | समय | प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|
| वेष्टर्न डेभलपमेण्ट बैङ्क | १२ औं | होटेल माला ईनको सभाहल, घोराही १५, दाङ | असार १३ | ११:३० | लेखा परीक्षकको नियुक्ति, सञ्चालकको निर्वाचन, १७.४२ प्रतिशत बोनस शेयर, ०.९२ प्रतिशत नगद लाभांश र मर्जर | ०७३ चैत २८ |
| नेशनल हाइड्रोपावर कम्पनी | २१ औं | गोदावरी अल्मोनाई एसोसियसन सभाहल, ठमेल | असार १५ | ११:०० | लेखा परिक्षक नियुक्ती, नाफा नोक्सान र नगद प्रवाह विवरण | असार १ - ८ |
| कृति क्यापिटल एण्ड इन्भेष्टमेण्ट्स | विशेष | जेडीए बिल्डिङ, सुन्धारा | असार १५ | २:०० | शेयरधनी समूहको स्वामित्व परिवर्तन | |
| कर्णाली डेभलपमेण्ट बैङ्क | विशेष | स्वस्तिक कटेज, सुर्खेतरोड, नेपालगञ्ज | असार १६ | १०:०० | संस्थापक संचालक नियुक्त | |
| साङ्ग्रिला डेभलपमेण्ट बैङ्क | १३औं | अमृतभोग क्याटरिङ, कालिकास्थान, काठमाडौं | असार १७ | ११:०० | २.५० प्रतिशत बोनस शेयर र ९.३० प्रतिशत नगद लाभांश | असार ४- १७ |
| लक्ष्मी क्यापिटल मार्केट | विशेष | लक्ष्मी बैङ्कको प्रधान कार्यलय, हात्तिसार | असार १९ | ४:३० | प्रबन्धपत्र संशोधन | |
| मञ्जुश्री फाइनान्स कम्पनी | १०औं | थापागाँउ व्याङ्क्वेट, नयाँवानेश्वर | असार २० | १०:०० | ५.७१ प्रतिशत बोनस शेयर, ०.३२ प्रतिशत नगद लाभांश,लेखा परीक्षकको नियुक्ति, पूँजी वृद्धि र मर्जर तथा एक्विजिशन | असार ४ |
| नबिल इन्भेष्टमेण्ट बैकिङ्ग | विशेष | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल | असार २१ | ४:०० | लेखापरिक्षकको नियुक्ती र पारिश्रमीक निर्धारण | |
| श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स | २३ औं | अमृतभोग क्याटरर्स प्रा.लि, कालिकास्थान | असार २२ | १०:०० | २६.५७ प्रतिशत बोनस शेयर, सञ्चालकको निर्वाचन र लेखा परीक्षकको नियुक्ति | असार ४ |
| काबेली विकास बैङ्क लिमिटेड | १० औं | होटल चिप एण्ड वेष्ट, धनकुटा | असार २३ | १:०० | सञ्चालक निर्वाचन, प्रबन्धपत्र र नियमावली संशोधन | असार ९- २३ |
| माउण्ट मकालु डेभलपमेण्ट बैङ्क | ७ औं | होटल चिप एण्ड वेष्ट, धनकुटा | असार २३ | १:०० | लेखापरिक्षकको नियुक्ति, प्रबन्धपत्र र नियमावली संशोधन | असार ९- २३ |
| राधी जलविद्युत कम्पनी | वार्षिक | अमृतभोग क्याटरिङ, कालिकास्थान, काठमाडौं | असार २४ | ११:३० | लेखा परीक्षकको नियुक्ति, सञ्चालकको निर्वाचन, १० प्रतिशत बोनस शेयर, ०.६ प्रतिशत नगद लाभांश र पूँजी वृद्धि | असार ५-२४ |

वर्गीकृत डिस्प्ले

वर्गीकृत डिस्प्ले
प्रतिबक्स (१x५) : रु. १,०००/-*

वर्गीकृत विज्ञापन
साधारण प्रतिशब्द : रु. १०/-* | बोल्ड प्रतिशब्द : रु. १५/-*

*मु. अ. क. बाहेक

युरिक एसिड र पायल्स
के तपाई दम, बाथ, युरिक एसिड, सुगर, पायल्स तथा नसाको रोगबाट पिडित हुनुहुन्छ ? यदि हुनुहुन्छ भने आउनुहोस् हामी प्राकृतिक उपचार विधिबाट माथि उल्लेखित रोगहरुको सफल उपचार गर्छौं ।
सम्पर्क :
जमल, सेतो ढोका भित्र ०१-४२३०२१८, ९८२३१२५८७२
नोटः पायल्सको लागि जम्मा २ दिन औषधि खाए पुग्ने । कुनै पनि प्रकारको साइड इफेक्टको डर मान्नु पर्दैन ।
कार्यालय खुल्ने समयः विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म

जग्गा विक्रीमा
किर्तिपुर नगरपालिका वडा नं. ८ स्थित ५ आना जग्गा विक्रीमा
मूल्य प्रति आना १६,५०,०००/-
नागार्जुन नगरपालिका (रामकोट गा.वि.स. वडा नं. ६), डाँडापौवा बजार स्थित ६ आना जग्गा विक्रीमा
मूल्य प्रति आना १५,५०,०००/-
सम्पर्कः
९८५१००९७८७

ANTARA MUSIC ACADEMY
Course
Vocal/Singing
Basic Guitar Class
Basic Keyboard
Basic Flute
Basic Violin
Special 1 Month Session Break Course
Shift: Morning/Day/Evening
New Baneshwor-10, Buddha Bhawan, 5th floor
p: 01-4488228, 9841432110
e: informantara@gmail.com

चितवनको जग्गा विक्रीमा
पूर्वी चितवन, खोलेसिमल (रत्ननगर, टाँडीबाट ६ कि.मी. उत्तर, भरतपुरबाट ५ कि.मी. पूर्व) स्थित करिब १३ रोपनी (२० कट्ठा) जग्गा विक्रीमा ।
मूल्य प्रतिकट्ठा रू. ३० लाख ।
सम्पर्क :
९८०१०४१६५२

मोटरसाइकल हरायो
मिति २०७५ जेठ २७ गते घरमा पार्किङ गरेको अवस्थामा मेरो निम्न व्यहोरा भएको बजाजको २२० सीसीको कालो रङको पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध गर्दछु ।
सवारी धनी : बिजे इन्जिनियरिङ वर्क शप प्रा.लि.
ठेगाना : बनेपा-९, काभ्रे
सम्पर्क : ९८५१०७०८२९
इन्जिन नं. : DKYCHE48878
च्यासिस नं. : MD2A13EY1HCE58610
सवारी दर्ता नं. : बा ८८ प ७६८२

वर्गीकृत विज्ञापनको लागि सिधा सम्पर्क
०१-४२६७७१७

## एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड

**सञ्चालक समिति**

| | |
|---|---|
| राजीव सापकोटा | अध्यक्ष |
| भूबल राई | सञ्चालक |
| रामप्रसाद खनाल | सञ्चालक |
| हेमराज थापा | सञ्चालक |
| अञ्जली विष्ट गिरी | सञ्चालक |

**व्यवस्थापन**
कमल गौतम
प्रमुख कार्यकारी अधिकृत

**प्रधान कार्यालय** : हात्तीसार, काठमाडौं
**शेयर रजिष्ट्रार** : एनएमबी क्यापिटल
**शाखा** : २१
www.everestinsurance.com

### विगत ५ वर्षको प्रमुख आर्थिक सूचकाङ्क (रू. हजारमा)

| वर्ष | ६९/७० | ७०/७१ | ७१/७२ | ७२/७३ | ७३/७४ |
|---|---|---|---|---|---|
| चुक्तापूँजी | १०१२५० | १०१२५० | १०१२५० | १०१२५० | १२१५०० |
| जगेडा कोष | ६३३६० | ६५७४८ | ६३०६८ | ८६७८३ | ७५०३३ |
| बीमाकोष | ७४५६५ | ९९२६४ | १२०८४८ | १५२३३७ | १७५९१४ |
| खुद आम्दानी | ५१३८३ | ४९३९९ | ४३१६६ | ६२९७८ | ४७१५४ |
| बीमाशुल्क खुद | ८६९०२ | ४०७७९ | ४३३९७ | ५३१४० | ४३५५२ |
| दाबी भुक्तानी खुद | १८९०८१ | १०११२६ | ७१११९ | ३५८७८ | ४६५६४ |
| कुल कायम रहेको बीमालेख (सङ्ख्या) | ८६७१ | ३८९४ | ९७५४ | १४३५१ | १८५५८ |
| प्रतिशेयर आम्दानी (रुपैयाँ) | ५०.७५ | ४८.७९ | ४२.६३ | ६२.२ | ३८.८१ |
| मूल्य आम्दानी अनुपात (गुणा) | ५.०८ | २३.४५ | १७५९ | २९.९ | ६३.१३ |
| प्रतिशेयर किताबी मूल्य (रुपैयाँ) | १९०.३३ | २४९.९६ | २७७७४ | ३३८.८९ | ३७१.६२ |
| बजार मूल्य (रुपैयाँ) | २५८ | ११४४ | ७५० | १८६० | २४५० |













### कम्पनीको आर्थिक अवस्था (रू. हजारमा)

| विवरण | यस वर्ष तेस्रो त्रैमास | अघिल्लो वर्षको तेस्रो त्रैमास | फरक प्रतिशत |
|---|---|---|---|
| चुक्तापूँजी | १३३६५० | १०१२५० | ३२ |
| जगेडा तथा कोष | १०४९७५ | ११०६४९ | (५) |
| बीमा कोष | १९१०८७ | १५२३३७ | २५ |
| खुद मुनाफा | ३०३४५ | २१११२ | ४४ |
| बीमा शुल्क (खुद) | ७८४७१ | ८३८६९ | (६) |
| दाबी भुक्तानी (खुद) | २६४६४ | ३०२०५ | (१२) |
| कुल बीमाशुल्क आर्जन रकम | ४२७३६० | १८८७४१ | १२६ |
| जारी बीमालेख (सङ्ख्या) | ३५५९६ | १२९७२ | १७४ |
| कुल दाबी भुक्तानी रकम | ७६७८१ | ९४३२९ | (१९) |
| भुक्तानी हुन बाँकी दाबी रकम | २६३४१२ | २८१००५ | (६) |
| प्रतिशेयर आम्दानी (वार्षिक) | ३०.२७ | २७८ | ९ |

**प्रमुख गतिविधि**

कम्पनीको वैशाख १० गते सम्पन्न २३औं वार्षिक साधारणसभाले सञ्चालक समितिले प्रस्तावित १० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ । उक्त सभाले बीमा समितिको निर्देशनबमोजिम न्यूनतम चुक्तापूँजी १ अर्ब हासिल गर्ने, संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व अनुपात क्रमशः ५१ र ४९ प्रतिशत कायम गर्ने, पहिलो चरणमा १० प्रतिशत बोनस शेयर वितरणपछि कायम पूँजीको १०५ प्रतिशत संस्थापक हकप्रद विक्री गर्ने र त्यसपछिको जम्मा पूँजीमा पुनः ३०० प्रतिशत साधारण शेयर हुनेगरी हकप्रद जारी गर्ने प्रस्ताव पारित गरेको छ । साथै, कम्पनीको अघिल्लो साधारणसभाबाट पारित भएको ६०० प्रतिशत हकप्रद प्रस्ताव भने खारेज गरिएको छ ।

**कम्पनीले सार्वजनिक गरेको चालू आर्थिक वर्षको तेस्रो त्रैमासिक वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०७४/७५ र २०७३/७४ बीच तुलना गर्दा :**

- कम्पनीले चालू आर्थिक वर्ष २०७४/७५ को तेस्रो त्रैमासमा खुद मुनाफा ४४ प्रतिशत वृद्धि गरी ३ करोड ३ लाख रुपैयाँ कमाएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनीले २ करोड ११ लाख रुपैयाँ मुनाफा कमाएको थियो ।
- पूँजी वृद्धिसँगै कम्पनी प्रतिशेयर आम्दानी बढाउन सफल भएको छ । यो अवधिमा उसको पूँजी ३२ प्रतिशत वृद्धि भएको छ भने प्रतिशेयर आम्दानी ९ प्रतिशत वृद्धि भएको छ । प्रतिशेयर आम्दानी २७ रुपैयाँ ८० पैसाबाट बढेर ३० रुपैयाँ २७ पैसा पुगेको छ ।
- जगेडा ५ प्रतिशत घट्न पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा ११ करोड ६ लाख रहेको जगेडा यो त्रैमासमा १० करोड ४९ लाख पुगेको छ ।
- बीमाकोष २५ प्रतिशत वृद्धि भएर १९ करोड १० लाख रुपैयाँ पुगेको छ ।
- कुल बीमाशुल्क आर्जन रकम १२६ प्रतिशत बढेर ४२ करोड ७३ लाख पुग्दा खुद बीमाशुल्क आम्दानी गत आवको सोही अवधिको भन्दा ६ प्रतिशत घटेर भएर ७ करोड ८४ लाखमा आएको छ ।
- यस त्रैमाससम्ममा कुल दाबी भुक्तानी रकम १९ प्रतिशत घटेर ७ करोड ६७ लाख छ । त्यस्तै, खुद दाबी भुक्तानी २ करोड ६४ लाख छ, जुन अघिल्लो आर्थिक वर्षको भन्दा १२ प्रतिशत कम हो ।
- कुल दाबी भुक्तानी सङ्ख्या १ हजार २ सय १६ छ भने भुक्तानी हुन बाँकी दाबी सङ्ख्या ९ सय १७ छ ।
- तेस्रो त्रैमासमा प्रतिशेयर आम्दानी ३० दशमलव २७ रुपैयाँ, प्रतिशेयर नेटवर्थ ३ सय ७७ दशमलव ५३ रुपैयाँ र प्रतिशेयर कुल सम्पत्तिको मूल्य ७ सय ७७ दशमलव २५ रुपैयाँ छ ।

**निष्कर्ष :**

समीक्षा अवधिमा कम्पनीले कुल बीमाशुल्क आर्जन रकम, जारी बीमालेख सङ्ख्या र व्यवसायको आकार बढाउँदै लगेको बुझ्न सकिन्छ । व्यवसाय वृद्धिसँगै उसले खुद मुनाफा वृद्धि गरेको छ । यसले उसको वित्तीय अवस्था सुधार हुँदै गएको देखाउँछ । तर, बीमा समितिले तोकेबमोजिमको १ अर्ब चुक्तापूँजी हासिल गर्न दुई चरणमा विक्रीको तयारी गरेको हकप्रदपछि कम्पनीको वित्तीय अवस्थालाई सन्तुलन राख्न चुनौती थपिने देखिन्छ ।

### लाभांश विवरण

| आव | बोनस शेयर (%) | नगद लाभांश (%) | जम्मा |
|---|---|---|---|
| ७३/७४ | १० | ०.५३ | १०.५३ |
| ७२/७३ | २० | १.५० | २१.५० |

## प्राविधिक विश्लेषण : घट्दो अवस्थामा एभरेष्ट इन्स्योरेन्स

**प्रतिरोध २ : १६५० । प्रतिरोध १ : १४८० । अन्तिम कारोबार मूल्य : १३१० । टेवा १ : १३०० । टेवा २ : १२००**




**बजारको अवस्था**

२ सातायता एभरेष्ट इन्स्योरेन्सको शेयरमूल्य प्रवृत्तिहीन अवस्थामा थियो, तर मङ्गलवार भने उच्च अङ्क घटेको छ । एभरेष्ट इन्स्योरेन्सको शेयरमूल्य १ हजार ३ सय ५५ रुपैयाँदेखि १ हजार ४ सय १५ रुपैयाँको सीमाभित्र कारोबार हुँदै आएको थियो । मङ्गलवार एभरेष्ट इन्स्योरेन्सको शेयरमूल्य ४६ रुपैयाँ अर्थात् ३ दशमलव ३९ प्रतिशत घटेर १ हजार ३ सय १० मा बन्द भएको छ भने ६ सय २ कित्ता शेयर कारोबार भएको छ ।

**मुभिङ एभरेज**

यस कम्पनीको शेयरमूल्य ५ दिने र २१ दिने मुभिङ एभरेजअनुसार घट्दो प्रवृत्तिमा छ ।

**एटीआर**

एटीआर सूचक घट्दो प्रवृत्तिमा छ, जसले एभरेष्ट इन्स्योरेन्सको शेयरमूल्यमा उतारचढाव घट्दै गएको बुझाएको छ ।

**स्टोकास्टिक**

स्टोकास्टिक सूचक ओभरसोल्ड क्षेत्रमा छ, जसले यस कम्पनीको शेयरमा विक्रेताको चाप उच्च रहेको सङ्केत गरेको छ ।

**ओबीभी**

ओबीभी सूचक प्रवृत्तिहीन अवस्थामा छ, जसले शेयरमूल्य र कारोबारले बजारको दिशाबारे कुनै धारणा बुझाएको पाइँदैन ।

**निष्कर्ष**

विभिन्न प्राविधिक सूचकले यस कम्पनीको शेयरमूल्य घट्दो प्रवृत्तिमा रहेको बुझाएको हुनाले घट्दो प्रवृत्तिमा रहने सम्भावना बढेको देखिन्छ ।

## युनाइटेड इन्स्योरेन्स कम्पनी लिमिटेड

**सञ्चालक समिति**

| | |
|---|---|
| उदयकृष्ण उपाध्याय | अध्यक्ष |
| रमेशशेखर वज्राचार्य | सञ्चालक |
| महेशराज पन्त | सञ्चालक |
| सवीन्द्रसगर तुलाधर | सञ्चालक |
| कमलेश ठाकुर | सञ्चालक |
| नीरज तुलाधर | सञ्चालक |
| विल्सनमान रञ्जित | सञ्चालक |

**व्यवस्थापन**
रमेशप्रसाद भट्टराई
कामु. प्रमुख कार्यकारी अधिकृत

**प्रधान कार्यालय** : ट्रेड टावर, थापाथली
**शेयर रजिष्ट्रार** : ग्लोबल आईएमई क्यापिटल लिमिटेड, जमल
**शाखा** : २३
www. unitedinsurance.com.np

### विगत ५ वर्षको प्रमुख आर्थिक सूचकाङ्क (रू. हजारमा)

| वर्ष | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|---|---|
| चुक्तापूँजी | १००८०० | १०८००० | १०८००० | ३०२४०० | ३०२४०० |
| जगेडा कोष | ५७१३३ | १००९४८ | ११७९१७ | (१६३१९१) | (४९५२१) |
| बीमाकोष | ३५०६६ | ५८२१५ | ८१२२२ | ८१२२२ | २१४७२७ |
| खुद आम्दानी | २७३८४ | ४५८५४ | ४४९४१ | (२५९०६५) | २५६६६५ |
| बीमाशुल्क खुद | १५८२६१ | १७७३९४ | २७१९२८ | २८५२४४ | ३७५५१६ |
| दाबी भुक्तानी खुद | ७५०८६ | ८०४३२ | ७९५७९ | १२९७१० | १३६०३९ |
| कुल कायम रहेको बीमालेख (सङ्ख्या) | २४२९९ | २६५०२ | ४८१०३ | ८२९१६ | ८९८९१ |
| प्रतिशेयर आम्दानी (रुपैयाँ) | २७१७ | ४५.५७ | ४४.५८ | (८६) | ८५ |
| मूल्य आम्दानी अनुपात (गुणा) | ९.९४ | २०.०३ | ८.७९ | ७७० | १५ |
| प्रतिशेयर किताबी मूल्य (रुपैयाँ) | १८७९३ | २६२.८१ | ३०४.४२ | ७५ | १५७ |
| बजार मूल्य (रुपैयाँ) | २७० | ९११ | ३९२ | १३०० | १३०० |













### कम्पनीको आर्थिक अवस्था (रू. हजारमा)

| विवरण | यस वर्ष तेस्रो त्रैमास | अघिल्लो वर्षको तेस्रो त्रैमास | फरक प्रतिशत |
|---|---|---|---|
| चुक्तापूँजी | ३०२४०० | ३०२४०० | ० |
| जगेडा तथा कोष | (३०८६ | २४७४११ | (१०१ |
| बीमाकोष | २४१४३७ | १८१८२४ | ३३ |
| खुद मुनाफा | ९१९९८ | ४५१५२ | १०४ |
| बीमाशुल्क (खुद) | २४८०६४ | २८४९७३ | (१३ |
| दाबी भुक्तानी (खुद) | १२३८५९ | ८९२०६ | ३९ |
| कुल बीमाशुल्क आर्जन रकम | ३८४९९७ | ४८२७८९ | (२० |
| जारी बीमालेख (सङ्ख्या) | ५१२६६ | ४७०५९ | ९ |
| कुल दाबी भुक्तानी रकम | २४३८४९ | १३१७३० | ८५ |
| भुक्तानी हुन बाँकी दाबी रकम | ८०७९३५ | ७५९२८८ | ६ |
| प्रतिशेयर आम्दानी (वार्षिक) | ४०।५६ | १९।९० | १०४ |

### कम्पनीले चालू आर्थिक वर्ष २०७४/७५ को तेस्रो त्रैमासमा खुद मुनाफा ३३ प्रतिशत वृद्धि गरी १४ करोड ३१ लाख रूपैयाँ कमाएको छ ।

**प्रमुख गतिविधि**

युनाइटेड इन्स्योरेन्सले रमेशप्रसाद भट्टराईलाई कामु प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ ।

कम्पनीले जेठ २७ गते वार्षिक साधारणसभा सम्पन्न गरेको छ । उक्त साधारणसभाबाट लगानीकर्ताले लाभांश प्राप्त गरेनन् ।

**कम्पनीले सार्वजनिक गरेको चालू आर्थिक वर्षको तेस्रो त्रैमासिक वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०७४/७५ र २०७३/७४ बीच तुलना गर्दा :**

- चालू आर्थिक वर्ष २०७४/७५ को तेस्रो त्रैमासमा खुद मुनाफा १०४ प्रतिशत बढेर ९ करोड १९ लाख भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनीले ४ करोड ५१ लाख रुपैयाँ मुनाफा कमाएको थियो ।
- जगेडा १०१ प्रतिशते कम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा २४ करोड ७४ लाख रहेको जगेडा यो त्रैमासमा ३० लाख ८६ हजार रुपैयाँ ऋणात्मक छ ।
- बीमाकोषमा ३३ प्रतिशत वृद्धि भएर २४ करोड १४ लाख रुपैयाँ पुगेको छ ।
- कुल बीमाशुल्क आर्जन रकम २० प्रतिशत कम भएर ३८ करोड ४९ लाख पुग्दा खुद बीमाशुल्क आम्दानी गत त्रैमासको भन्दा १३ प्रतिशत कम भएर २४ करोड ८० लाख पुगेको छ ।
- यस त्रैमाससम्ममा कुल दाबी भुक्तानी ८५ प्रतिशत बढेर २४ करोड ३८ लाख छ । त्यस्तै, खुद दाबी भुक्तानी १२ करोड ३८ लाख छ, जुन अघिल्लो आर्थिक वर्षको भन्दा ३९ प्रतिशत धेरै हो ।
- तेस्रो त्रैमासको अन्त्यसम्ममा ५१ हजार २ सय ६६ ओटा बीमालेख जारी गरेको छ ।
- कुल दाबी भुक्तानी सङ्ख्या १ हजार ४ सय ३६ छ भने भुक्तानी हुन बाँकी दाबी सङ्ख्या १ हजार ८ सय ३२ छ ।
- तेस्रो त्रैमासमा प्रतिशेयर आम्दानी (वार्षिक) ४० दशमलव ५६ रुपैयाँ, प्रतिशेयर नेटवर्थ १ सय ६८ दशमलव ५९ रुपैयाँ र प्रतिशेयर कुल सम्पत्तिको मूल्य ५ सय ४६ दशमलव ३६ रुपैयाँ छ ।

**निष्कर्ष :**

समीक्षा अवधिमा कम्पनीको कुल बीमाशुल्क आर्जन रकम घट्नुका साथै जगेडा कोष पनि ऋणात्मक हुनु नकारात्मक पक्षका रूपमा छन् । साथै, कम्पनीको हाल चुक्तापूँजी ३० करोड मात्र रहेकाले बीमा समितिको निर्देशनबमोजिम न्यूनतम चुक्तापूँजी १ अर्ब (आव २०७४/७५ को अन्त्यसम्ममा) हासिल गर्न चुनौती थपिएको छ ।

### लाभांश विवरण

| आव | बोनस शेयर (%) | नगद लाभांश (%) | जम्मा |
|---|---|---|---|
| २०७१/७२ | २० | ० | २० |

## प्राविधिक विश्लेषण : युनाइटेड इन्स्योरेन्स टेवाक्षेत्रमा

**प्रतिरोध २ : १००० । प्रतिरोध १ : ९५० । हालको अन्तिम मूल्य : ९०० । टेवा १ : ९०० । टेवा २ : ८८७**




**बजारको अवस्था**

यस यस कम्पनीको २६ जुन, २०१८ सम्मको दैनिक मैनबत्ती चार्टको आधारमा अन्तिम कारोबार मूल्य ९ सयमा छ । यो अघिल्लो दिनको भन्दा ५ रुपैयाँ अर्थात् शून्य दशमलव ५५ प्रतिशत कम हो । यो दिन ७ सय २७ कित्ता कारोबार भएको छ । यो अघिल्लो दिनको भन्दा ६ सय ६७ कित्ता बढी हो ।

**मूल्यको प्रवृत्ति विश्लेषण :**

अप्रिल १८ मा मूल्यले १ हजार २ सय ४४ को उच्च बिन्दु प्राप्त गरेपछि बजार सच्चिरहेको र अन्तिम मूल्यसम्ममा २७ दशमलव ६५ प्रतिशत कमी आएको छ । हाल मूल्य ९ सयको मनोवैज्ञानिक टेवाक्षेत्रमा देखिन्छ ।

**अन्य प्राविधिक सङ्केतहरू :**

एक्सपोनेन्सियल मुभिङ एभरेज (ईएमए) : ६ र २० दिनको ईएमएहरूभन्दा मूल्यको प्रवृत्ति तल रहेकोले बजार घट्दो प्रवृत्तिमा रहेको देखिन्छ ।

रिलेटिभ स्ट्रेन्थ इण्डेक्स (आरएसआई) : १४ दिनको आरएसआई ३३ अङ्कमा छ । यसको प्रवृत्तिले बजारमा विक्रेताको चाप रहेको सङ्केत गरेको छ ।

मैनबत्ती : अन्तिम दिनको मैनबत्तीले त्यस दिन मूल्यको उतारचढाव कम रहेको सङ्केत गरेको छ ।

परिमाण : २ महीनाको मूल्य प्रवृत्ति हेरेर परिमाण सामान्य रहेको देखिन्छ ।

**निष्कर्ष :**

समग्रमा हेर्दा मूल्य ९ सय ५० भन्दा माथि स्थिर रहेमा बजार केही सकारात्मक हुन सक्ने सम्भावना देखिन्छ । अर्को तत्कालीन मनोवैज्ञानिक प्रतिरोध १ हजारमा रहेको देखिन्छ । त्यस्तै, मूल्य मनोवैज्ञानिक टेवा ९ सयभन्दा तल स्थिर रहेमा बजार अझ केही सच्चिन सक्छ । अर्को तत्कालीन टेवा ८ सय ८७ मा देखिन्छ ।

(**सावधानी** : आधिकारिक रूपमा उपलब्ध तथ्याङ्कहरूको आधारमा एफ् एण्ट टी समूहले गरेको यो विश्लेषण आफैमा पूर्ण होइन । व्यावसायिक निर्णय गर्नुपर्दा लगानीकर्ताले आफैले पनि थप विश्लेषण गर्नुपर्ने हुन्छ ।)

नेपालका प्रतिष्ठित
**व्यावसायिक घराना**
आईएमई समूह

**गैरव्यावसायिक पारिवारिक पृष्ठभूमि भएका दुई दाजुभाइ चन्द्रप्रसाद ढकाल र हेमराज ढकालले व्यावसायिक क्षेत्रमा पाइला हालेको धेरै भएको छैन । तैपनि आईएमई समूहले सबैभन्दा छिटो प्रगति गर्ने व्यावसायिक घरानाका रूपमा आफ्नो पहिचान बनाएको छ ।**




# बैङ्क, बीमा र अटोमोबाइलमा लगानी थप्दै

नेपाली रेमिट्यान्स आप्रवाह बजारको ३५ देखि ४० प्रतिशत हिस्सा ओगट्ने आईएमई समूहले रेमिट्यान्स आप्रवाह व्यवस्थापन तथा अन्य क्षेत्रमा समेत गरेर रू. १ अर्बभन्दा धेरै लगानी गरेको छ । सो लगानीबाट समूहले वार्षिक रू.१ खर्ब २९ अर्ब (१२० करोड डलर) को कारोबार गर्छ ।

आईएमई समूहमा विभिन्न १० क्षेत्रका १६ कम्पनी आवद्ध छन् । समूहका सबै कम्पनीमा गरी ३ हजार ५ सयभन्दा बढीले रोजगारी पाएका छन् । बैङ्क, बीमा र अटोमोबाइलको क्षेत्रमा लगानी बढाएर रू. १० अर्बभन्दा धेरै पुऱ्याउने योजनामा रहेको समूहले आईएमई लाइफ इन्स्योरेन्स, आईएमई जनरल इन्स्योरेन्स, हाथवे ग्रूप र भाटभटेनीसँग सहकार्य गर्छ ।

गैरव्यावसायिक पारिवारिक पृष्ठभूमि भएका दुई दाजुभाइ चन्द्रप्रसाद ढकाल र हेमराज ढकालले व्यावसायिक क्षेत्रमा पाइला हालेको धेरै भएको छैन । तैपनि आईएमई समूहले सबैभन्दा छिटो प्रगति गर्ने व्यावसायिक घरानाका रूपमा आफ्नो पहिचान बनाएको छ ।

### पुस्तागत र संस्थागत संरचना

| | |
|---|---|
| पहिलो पुस्ता | चन्द्रप्रसाद ढकाल, अध्यक्ष<br>हेमराज ढकाल, प्रबन्ध निर्देशक |

### क्षेत्रगत उपस्थिति

**रेमिट्यान्स**
- आईएमई रेमिट्यान्स
- ग्लोबल रेमिट

**बैङ्किङ**
- ग्लोबल आईएमई

**बीमा**
- आईएमई लाइफ इन्स्योरेन्स
- आईएमई जनरल इन्स्योरेन्स

**ट्रेडिङ**
- सीएम ट्रेडिङ इण्टरप्राइज

**ट्राभल एण्ड टूर्स**
- आईएमई ट्राभल एण्ड टूर्स

**लजिष्टिक्स**
- माउण्ट पुमोरी एयर कार्गो

**पर्यटन/पूर्वाधार**
- चन्द्रागिरि हिल्स
- काठमाडौं फन पार्क

**इण्टरटेनमेण्ट**
- डिस होम

**अटोमोटिभ**
- आईएमई अटोमोटिभ्स

**ऊर्जा**
- हिमालयन पावर पार्टनर लिमिटेड (दोर्दी खोला हाइड्रोपावर-२७ मेवा) र रोबष्ट इनर्जी (मिस्त्री खोला-४२ मेवा)
- माउण्टेन इनर्जी प्राइभेट लिमिटेड

### समूहको लगानी योजना

**लगानी योजना :**
- आईएमई वालेट सञ्चालनमा ल्याउने
- व्यवसाय विस्तार गरी रू. १० खर्बभन्दा बढी बनाउने
- बैङ्क, बीमा र अटोमोबाइलमा लगानी बढाउने



**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष
आईएमई समूह

> **वित्त बजारमा लगानी बढाएर व्यवसाय विस्तार गर्ने योजनामा काम गरिरहेका छौं । आईएमई समूहले व्यवसायमा विविधीकरण कायम राख्दै सफलतातर्फको क्रमिक यात्रा गर्नेगरी काम गरिरहेको छ । हामी गुणस्तरीय, सहज र छरितो सेवाका लागि सधैं प्रतिबद्ध छौं ।**

### वार्षिक कारोबार

**आईएमई समूहले**
**१ खर्ब २९ अर्ब**
**वार्षिक कारोबार गर्छ । समूहले ३५ सयभन्दा धेरैलाई प्रत्यक्ष रोजगारी दिएको छ ।**

## समूहको प्रमुख व्यवसाय

### बीमा क्षेत्र

समूहले आईएमई जनरल इन्स्योरेन्स र आईएमई लाइफ इन्स्योरेन्समार्फत् बीमा क्षेत्रमा लगानी गरेको छ । आईएमई समूहले सन् २०१४ मा एनबी इन्स्योरेन्सको ४० प्रतिशत हिस्सा खरीद गरेपछि त्यसैलाई आईएमई जनरल इन्स्योरेन्सको रूपमा पुनः ब्राण्डिङ गरेको हो ।

आईएमई लाइफ इन्स्योरेन्सको स्थापनापछि समूहले बीमाक्षेत्रमा लगानी बढाएको छ । २०७४ भदौ १ गतेदेखि सञ्चालनमा आएको जीवन बीमा कम्पनी आईएएम लाइफ इन्स्योरेन्समा रू. १ अर्ब ४० करोड चुक्तापूँजी छ । जीवन बीमा कम्पनीमा ७० प्रतिशत शेयर संस्थापक र बाँकी ३० प्रतिशत सर्वसाधारणको रहने व्यवस्था छ ।

### चन्द्रागिरि हिल्स



आईएमई समूहले १ वर्षअघिदेखि रू. ३ अर्ब २० करोडको लगानीमा चन्द्रागिरि हिल्स सञ्चालनमा ल्याएको छ । यसअन्तर्गत काठमाडौंको चन्द्रागिरिमा होटल तथा रेष्टुराँ एवम् थानकोटबाट चन्द्रागिरि पुग्ने केबुलकार सेवा पर्दछन् । काठमाडौंदेखि ७ किलोमीटरको दूरीमा, समुद्री सतहदेखि २ हजार ५ सय ५१ मीटरको उचाइमा रहेको चन्द्रागिरि हिल्समा केबुलकार चढेर भालेश्वर महादेवको दर्शन गर्ने र प्राकृतिको आनन्द चाहने पर्यटकको घुइँचो लाग्छ ।

### डिस होम



डिस मिडिया लिमिटेड नेपालमा सबैभन्दा छिटो केवल टेलिभिजन सेवा दिने डिजिटल अपरेटर्स हो । डिस टीभी र होम टीभी सन् २०१० मा आपसमा गाभिएर बनेको 'डिस होम'मा सन् २०११ देखि स्याण्डमार्टिन इण्टरनेशनल पनि शेयरहोल्डर छ । काठमाडौंको तिनकुनेमा मुख्य कार्यालय रहेको डिस मिडियाका देशभर ८० वितरक छन् । डिजिटल भू-उपग्रह प्रसारण सेवा दिन कम्पनीसँग उच्च गुणस्तरको पूर्वाधार छ । यसका ग्राहक सङ्ख्या सन् २०१६ मै साढे ७ लाख नाघेको कम्पनीको दाबी छ ।

### ग्लोबल आईएमई बैङ्क




आईएमई फाइनान्समार्फत बैङ्किङ क्षेत्रमा प्रवेश गरेको आईएमई समूह ग्लोबल बैङ्कको पनि मुख्य प्रवर्द्धक थियो । सन् २०१२ मा ती दुवै संस्था र लर्ड बुद्ध फाइनान्स मर्ज गरेर ग्लोबल आईएमई बैङ्कको स्थापना भएको हो । सो बैङ्कमा पछि कमर्ज एण्ड ट्रष्ट बैङ्क, प्यासिफिक डेभलपमेण्ट बैङ्क र रिलायबल डेभलपमेण्ट बैङ्क पनि मर्ज भएका छन् ।

यो बैङ्कमा आईएमई समूहको रू. १ अर्ब लगानी रहेको छ । ग्लोबल आईएमई बैङ्कको रू. ८ अर्ब ८८ करोड चुक्तापूँजी छ । यो बैङ्कले लण्डनको फाइनान्सियल टाइम्सबाट प्रकाशित हुने द बैङ्कर म्यागेजिनद्वारा प्रदान गरिने 'बैङ्क अफ द इयर अवार्ड २०१४' अवार्ड पाएको छ । त्यसका साथै समूहले लण्डनको इण्टरनेशनल फाइनान्स म्यागजिनबाट 'बेष्ट इण्टरनेट बैङ्क २०१६' को सम्मान पनि पाएको छ ।

### आईएमई रेमिट

आईएमई समूहअन्तर्गतको इण्टरनेशनल मनी एक्स्प्रेस (आईएमई) सन् २००१ बाट सञ्चालनमा आएको हो । आईएमई मनी एक्सप्रेसमा समूहका अध्यक्ष र प्रबन्ध निर्देशक दुवैको लगानी छ । आईएमई मनी ट्रान्सफर गर्ने नेपालको पहिलो प्राइभेट कम्पनी हो ।

समूहले रोजगारीका लागि विदेशिने थुप्रै युवालाई आफ्नो कमाइ सुरक्षित र सहज तवरले नेपालमा आफन्तलाई पठाउन सहयोग गर्ने उद्देश्यले शुरू गरेको व्यवसाय निकै चाँडै स्थापित भयो । अहिले विश्वका विभिन्न ठाउँमा रोजगारी गर्ने नेपालीहरू आफ्नो कमाइ स्वदेश पठाउन आईएमई रेमिटलाई नै रोज्ने गर्दछन् । गैरआवासीय नेपाली कामदारमाझ आईएमई रेमिट लोकप्रिय पनि छ ।

आईएमई रेमिट नेपालमा विप्रेषण भित्र्याउने सरकारी इजाजतप्राप्त औपचारिक संयन्त्र हो । समूहले आईएमई रेमिटलाई विश्वमा जहाँ काम गरे पनि आफ्नो देश र समाजप्रतिको उत्तरदायित्व निर्वाह गर्ने मान्यता स्थापित गराउन सञ्चालनमा ल्याएको बताउँदै आएको छ । ग्राहकलाई उत्कृष्ट सेवा दिँदै आफ्नो उद्देश्यअनुरूप काम गर्न समूह सफल छ ।

समूहले आईएमई रेमिटको सञ्जाल विश्वभर फैलिएको दाबी गर्ने गरेको छ । संसारका विभिन्न स्थानमा यस रेमिटका १ लाख ५० हजारभन्दा धेरै पेआउट स्थल छन्, जहाँबाट समूहले विप्रेषण सङ्कलन तथा वितरण गर्ने गर्दछ । समूहको आईएमई रेमिटमा मात्रै १ हजारभन्दा धेरैले रोजगारी पाएका छन् ।

### ऊर्जा

२०६१ सालमा स्थापना भएको हिमालयन पावर पार्टनर लिमिटेडमा आईएमई समूह प्रमुख शेयर होल्डर हो । यस कम्पनीको मुख्य उद्देश्य भनेको ऊर्जा क्षेत्रको अनुसन्धान, विकास र परामर्श गरी सेवा प्रदान गर्नु हो । गैरआवासीय नेपालीहरूको संस्था एनआरएन इन्भेष्टमेण्ट लिमिटेडले सन् २०१३ मा हिमालयन पावर पार्टनरसँग साझेदारी गरेपछि यो कम्पनी प्राइभेटबाट पब्लिकमा रूपान्तरण भएको हो । यस कम्पनीले लमजुङमा २७ मेगावाटको दोर्दीखोला हाइड्रोपावर परियोजना, रोवस्ट इनर्जीले म्याग्दीमा निर्माण गर्दै रहेको ४२ मेगावाटको मिस्त्री खोला परियोजनामा लगानी गरेको छ ।

### माउण्ट पुमोरी एयर कार्गो

हवाई माध्यमबाट छिटोछरितो सेवा दिन समूहले सन् १९९० मा माउण्ट पुमोरी एयर कार्गो स्थापना गरेको हो । माउण्ट पुमोरी स्थापना हुनुअघिसम्म समूहले आफ्ना ग्राहकलाई जलमार्ग हुँदै विदेशबाट आउने सामग्रीहरू सडक सञ्जालमार्फत नै पुऱ्याउने गर्दथ्यो । यसो गर्दा एकातिर समय र लागत बढी लाग्ने अनि अर्कातिर सरसामान टुटफुट हुने र हराउने जोखीमसमेत रहने भएकाले समूहले माउण्ट पुमोरीलाई विश्वासिलो कार्गो सेवाप्रदायकका रूपमा स्थापना गरेको हो ।

स्थापनाकालदेखि नै कम्पनीले हवाई सुविधा भएका विश्वका जुनसुकै ठाउँबाट ग्राहकलाई कार्गो ढुवानीको सुविधा दिँदै आएको छ । यसले सीएम इण्टरप्राइजेजसँग साझेदारीमा काम गरिरहेको छ । सीएम इण्टरप्राइजेजले स्वदेशी बजारबाट नेपाली उत्पादन खरीद गर्ने र विदेशमा लगेर विक्रीवितरण पनि गर्दछ । आईएमई समूहले सञ्चालन गरेको कार्गो कम्पनी नेपालमा चाँडो विकास हुने कार्गो सेवा प्रदायकमध्ये एक हो । व्यापारिक क्षेत्रमा राम्रो छवि बनाएको यस कम्पनीले अहिले यूरोप, एशिया र अमेरिका महादेशका २ सयभन्दा बढी स्थानबाट कार्गो आदान-प्रदान सेवा दिँदै आएको छ ।

### आईएमई पे

आईएमई डिजिटल सोलुशन (आईएमई डिजिटल) द्वारा आईएमई पे सञ्चालनमा आएको हो । आईएमई पे मोबाइल पैसा हो, जसले व्यक्तिदेखि व्यक्तिमा पैसा हस्तान्तरण गर्ने, विभिन्न अनलाइन माध्यमबाट तथा पसलहरूबाट सामान खरीद गर्दा र आवश्यक सुविधा उपयोग गरेबापतको बिल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने कार्यमा इलेक्ट्रोनिक माध्यमबाट भुक्तानी गर्न सहयोग गर्छ । यस सेवाद्वारा नेपालमा वा लिङ्क गरिएको बैङ्क खातामार्फत कुनै पनि आईएमई पे एजेण्टमार्फत पैसा लोड गर्न वा रकम फिर्ता लिन सकिन्छ । यसका लागि समूहले ग्लोबल बैङ्क अफ काठमाण्डू, आईएमई र सनराइज बैङ्कसँग सहकार्य गर्दछ ।




## आजको खेल

# जर्मनीलाई रोक्ने प्रयासमा दक्षिण कोरिया

समूह 'एफ'अन्तर्गत आज जर्मनी र दक्षिण कोरियाबीच खेल हुँदै छ । यसअघि एक खेलमा जित र एकमा हार बेहोरेर तीन अङ्क जोडेको अन्तरराष्ट्रिय खेलमा जर्मनी दुईपटक विजयी भएको छ भने दक्षिण कोरियाले एकपटक जितेको छ । सन् १९९४ को विश्वकपमा समूह




जर्मनी दक्षिण कोरियालाई पराजित गर्दै नकआउट चरणमा प्रवेश गर्ने लक्ष्य लिएर मैदानमा उत्रिँदै छ भने लगातार दुई खेलमा पराजित भएको दक्षिण कोरिया जर्मनीलाई हराउँदै एउटा जित आफ्नो नाममा दर्ता गर्नुका साथै जर्मनीलाई नकआउट प्रवेश गर्नबाट रोक्ने प्रयासमा हुनेछ ।

यसअघि यी दुईबीचको तीनओटा चरणमा जर्मनीले दक्षिण कोरियालाई ३-२ ले पराजित गरेको थियो भने सन् २००२ को विश्वकपको सेमिफाइनलमा जर्मनीले दक्षिण कोरियालाई १-० ले पराजित गरेको थियो । सन् २००४ को अन्तरराष्ट्रिय मैत्री खेलमा भने दक्षिण कोरियाले जर्मनीलाई ३-१ ले पराजित गरेको थियो ।

# मेक्सिकोलाई पराजित गरे स्वीडेन नकआउट चरणमा

समूह 'एफ'अन्तर्गत अर्को खेलमा आज मेक्सिको र स्वीडेन भिड्दै छन् । यसअघिका दुई खेलमा जित निकालेको मेक्सिको नकआउट




चरण प्रवेश गरिसकेको छ भने एक खेलमा जित र एकमा हार बेहोरेको स्वीडेन यो खेल जितेर नकआउट चरण पुग्ने प्रयासमा छ ।

आजको खेल गुमाएमा स्वीडेनको विश्वकप यात्रा समूह चरणमै सकिनेछ । मेक्सिको आफ्नो अपराजित यात्रा कायम गरी समूह विजेता बन्ने दाउमा छ ।

यसअघि यी दुईले आपसमा खेलेका नौ खेलमध्ये स्वीडेन चारपटक विजयी भएको छ भने मेक्सिकोले दुईपटक जितेको छ । ३ खेल बराबरीमा टुङ्गिएको छ । ९ खेलमध्ये सन् १९५८ को विश्वकपमा भएको पहिलो खेलबाहेक सबै अन्तरराष्ट्रिय मैत्री खेल हुन् । पहिलो खेल स्वीडेनले जितेको थियो भने अन्तिमपटक सन् २००९ को अन्तरराष्ट्रिय मैत्री खेल पनि स्वीडेनले नै जितेको थियो ।

# ब्राजिललाई बराबरी भए पुग्ने, सर्बियालाई जित चाहिने

समूह 'ई'अन्तर्गत आज ब्राजिल र सर्बियाबीच खेल हुँदै छ । एक खेल जितेर एक खेल बराबरी गर्दै चार अङ्क जोडेको ब्राजिल समूहको शीर्ष स्थानमा छ भने एक खेल गुमाएर एक खेल हुनेछ भने सर्बियाका लागि बराबरी पनि १-१ वा त्योभन्दा बढी गोलको बराबरी आवश्यक छ । यतिमात्र नभएर यही समूहको अर्को खेलमा स्वीट्जरल्याण्ड कोष्टारिकासँग पराजित हुनुपर्नेछ ।




जितेको सर्बिया तीन अङ्कका साथ तेस्रो स्थानमा छ । यो खेल जित्ने टीम नकआउट चरण प्रवेश गर्ने भएकाले दुवै टीम जितको खोजीमा हुनेछन् । नकआउट चरण पुग्न ब्राजिलका लागि आजको खेल बराबरीमात्र पनि पर्याप्त

यसअघि ब्राजिल र सर्बियाले आपसमा एकमात्र खेल खेलेका छन् । सन् २०१४ मा भएको उक्त अन्तरराष्ट्रिय मैत्री खेलमा ब्राजिलले सर्बियालाई १-० ले पराजित गरेको थियो ।

# स्वीट्जरल्याण्डविरुद्ध कोष्टारिका

समूह 'ई'अन्तर्गतको अर्को खेलमा आज स्वीट्जरल्याण्ड र कोष्टारिका खेल्दै छन् । ब्राजिलसँग बराबरी र सर्बियालाई पराजित गर्दै ४ अङ्कका साथ समूहको दोस्रो स्थानमा रहेको स्वीट्जरल्याण्ड चरणको यात्रा यही समूहको अर्को खेलले निर्धारण गर्नेछ । तीन अङ्कका साथ तेस्रो स्थानको सर्बियाले ब्राजिलसँग पराजित भएमा वा गोलरहित बराबरी खेलेमा स्वीट्जरल्याण्ड नकआउट




दुवै खेल गुमाएर प्रतियोगिताबाट बाहिरिइसकेको कोष्टारिकालाई पराजित गर्दै नकआउट चरणमा प्रवेश गर्ने प्रयासमा छ । कोष्टारिका भने अन्तिम खेलमा जित निकाल्दै जितविहीन अवस्थाको अन्त्य गरी घर फर्कन चाहन्छ । यो खेल गोलरहित बराबरीमा सकिएमा स्वीट्जरल्याण्डको नकआउट चरण पुग्नेछ । तर, स्वीट्जरल्याण्डले गोलरहित बराबरी खेलेमा र सर्बियाले ब्राजिललाई पराजित गरेमा वा १-१ को वा त्योभन्दा बढी गोलको बराबरी खेलेमा स्वीट्जरल्याण्ड समूह चरणबाट घर फर्कनेछ । यसअघि यी दुईबीच भएका दुई खेलमा दुवै टीमले एक-एकपटक जितेका छन् ।

## रोचक तथ्य :

- रूसमा चलिरहेको समेत गरेर विश्वकप २१ पटक १७ विभिन्न देशमा आयोजना भएको छ ।
- अहिलेसम्म सबै विश्वकप या त दक्षिण अमेरिका अथवा यूरोपेली देशले जितेका छन् । यूरोपले ११ पटक उपाधि चुम्दा दक्षिण अमेरिकाले ९ पटक जितेको छ ।
- आइसल्याण्ड जनसङ्ख्याका आधारमा विश्वकपमा भिड्ने सबैभन्दा सानो देश हो । त्यहाँको जनसङ्ख्या ३ लाख ३४ हजारमात्र छ ।
- अहिलेसम्म विश्वकप जिताउने हरेक कोच विजेता देशकै नागरिक हुन् ।
- विश्वकपमा सर्वाधिक गोलरहित बराबरी खेल्ने देश बेलायत हो । उसले विश्वकपमा खेलेका ६२ खेलमध्ये ११ खेल गोलरहित बराबरी खेलेको छ ।
- विगत ३ विश्वकपमा सर्वाधिक गोल गर्ने टोली जर्मनी हो । यसले २००६ मा १४, २०१० मा १६ र २०१४ मा १८ गोल गरेको थियो ।
- एउटै विश्वकपमा सबैभन्दा धेरै गोल गर्ने खेलाडी जर्मन फूटबलर गेर्ड मुलर हुन् । १९७० को विश्वकपमा मुलरले १० गोल गरेका थिए ।
- उरुग्वेका ओस्कार वाशिङ्टन तबारेजको यो चौथो विश्वकप हो । विश्वकपमा सबैभन्दा धेरै सहभागी हुने उनी पहिलो कोच हुन् ।
- बेलायतको यो १५औं विश्वकप हो । यसपटक समेत गरी बेलायती टोलीको यो लगातार छैटौं सहभागिता हो ।
- विश्वकपमा आफूले खेलेका २४ खेल (यसपटकको बाहेक)मा स्वीडेनले तीन खेलमा मात्रै क्लिनशिट राख्न सफल भएको छ ।
- स्वीट्जरल्याण्डले पछिल्लो समय १९५४ मा विश्वकप क्वार्टरफाइनल खेलेको थियो । त्यतिबेला ऊ आफै विश्वकप आयोजक थियो । त्यसयता यो टोली दोस्रो राउण्डमा पुग्न सकेको छैन ।



समूह 'सी'बाट फ्रान्स र डेनमार्क नकाउट चरणमा प्रवेश गरेका छन् । मङ्गलवार सम्पन्न खेलमा गोलरहित बराबरी खेल्दै दुवै टिम अर्को चरणमा प्रवेश गरेका हुन् । उक्त समूहको अन्तिम खेलमा पेरुले अष्ट्रेलियालाई पराजित गरेपनि ती दुवै देश समूह चरणबाटै बाहिरिए ।

## विश्वकप व्यवसाय

# कसले कति कमाउँछन् ?

फूटबल खेलप्रेमीका लागि उत्सवका रूपमा रहेको फिफा विश्वकपको २१औं संस्करणको प्रारम्भिक चरण सकिनै लागेको छ । आआफ्नो राष्ट्रको गौरवका लागि खेलिने यो खेल अर्बौं मानिसले हेरिरहेका छन् । विश्वकप फूटबल टुर्नामेण्टलाई सबैभन्दा आकर्षक र महँगो खेलका रूपमा लिइन्छ । विश्वकपको संस्थागत नेता फिफाले हरेक ४ वर्षमा आयोजना हुने यस खेलबाट अर्बौं डलर आम्दानी गर्छ भने आयोजक राष्ट्रले १० अर्ब डलर वा सोभन्दा बढी रकमको बिल तिर्छ ।

रूसको ११ ओटा शहरमा विश्वकप २०१८ को आयोजना भइरहेको छ । आगामी जुलाई १५ मा यसको विजेता पनि हामीले थाहा पाइहाल्छौं । यस प्रतियोगिताका लागि रूसमा भएको निर्माण कार्य र तयारीमा ११ अर्ब ८० करोड डलर खर्च भएको अनुमान छ । यस रकममध्ये ७० प्रतिशत खर्च सार्वजनिक क्षेत्रबाट हुने बताइएको छ । यस प्रतियोगिताको विजयी टीमले ३ करोड ८० लाख डलर पाउँछन् भने हरेक सहभागी टीमलाई ८० लाख डलर दिइन्छ । यससँगै विश्वकप कसले जित्ला भन्ने कुराको अड्कलबाजीले पनि बजार तताएको छ । यूबीएस, गोल्डम्यान स्याक्सलगायत केही बैङ्कको त यसमा होडबाजी नै चलेको छ ।



विश्वकप २०१४ मा ब्राजिल नेदरल्याण्डबाट पराजित भएको थियो र जर्मनीले उपाधि चुमेको थियो । यो वर्ष ब्राजिलले अघिल्लो हारको बदला लिँदै फाइनलमा जर्मनीलाई पराजित पारेर ट्रफी घर लैजाने अमेरिकी बहुराष्ट्रिय लगानी बैङ्क गोल्डम्यान स्याक्सले अनुमान गरेको छ । त्यस्तै, स्वीस बैङ्क यूबीएसले यो वर्ष जर्मनीले उपाधि जित्ने अनुमान गरेको छ । उसले ब्राजिल दोस्रो स्थान र स्पेन तेस्रो स्थानमा आउने अनुमान गरेको छ ।

**के हो फिफा ?**

अधिकांश अन्तरराष्ट्रिय फूटबल टुर्नामेण्टको सञ्चालक फिफा सन् १९०० को शुरुआतमा स्थापना भएको हो । २०औं शताब्दीमा फूटबलको लोकप्रियता र यसबाट हुने आम्दानीमा वृद्धि भएसँगै फूटबलको निगरानीका लागि एकल एकाइको व्यवस्था गर्ने उद्देश्यले यसको स्थापना भएको हो ।

हरेक वर्ष लाखौं डलरको आम्दानी गर्ने भए पनि फिफा गैरनाफामूलक संस्थाका रूपमा उभिएको छ । सन् २०१५ मा फिफाका उच्च अधिकारीहरूविरुद्ध भ्रष्टाचार र घुसखोरीको आरोप लागेपछि विश्वकप २०१८ मा फिफाले उच्च अनुसन्धानको सामना गरिरहेको छ । अमेरिकाको न्याय मन्त्रालयले ४१ जना फिफा अधिकारी, सरकारी नेतालगायत अधिकारीहरूमाथि आरोप लगाएको थियो । फिफा विगत ३ वर्षदेखि अनुसन्धानको घेरामा पर्दै आएको छ । सन् २०१४ मा फिफाले आन्तरिक अनुसन्धान सकाएको थियो । तर, उसले यस अनुसन्धानको निष्कर्ष प्रतिवेदन भने सार्वजनिक गर्न चाहेन । केही अधिकारीले त यस प्रतिवेदनलाई 'भौतिक रूपमा अपूरो' रहेको समेत भन्न भ्याए ।

**आयोजक राष्ट्रको खर्च**

विश्वकपमा आयोजक राष्ट्र स्वतः यस खेलका लागि क्वालिफाई त हुन्छ, तर यसका लागि उसले ठूलो मूल्य चुकाउनुपर्छ । यसले आयोजक राष्ट्रमा ठूलो आर्थिक भार निम्त्याउँछ । विश्वकपको आयोजना गर्न चाहने राष्ट्रले फिफालाई करमा छूट दिनुपर्छ । सन् २००६ को विश्वकपको आयोजक राष्ट्र जर्मनीले फिफालाई अनुमानित २७ करोड २० लाख डलर करछूटको प्रस्ताव राखेको थियो । विश्वकपको भेन्यू करमुक्त हुनुपर्ने र फिफाका कर्पोरेट पार्टनरलाई आय तथा विक्रीकरबाट मुक्त गर्नुपर्ने सम्झौता हुन्छ ।

सन् २०१४ मा ब्राजिलमा आयोजित विश्वकपमा रङ्गशालाको निर्माण र यातायातलगायत पूर्वाधारको निर्माणमा १५ अर्ब डलर खर्च भएको थियो । त्यतिबेला मेन गारिञ्चा रङ्गशालाको निर्माणमा सबैभन्दा बढी अर्थात् ५५ करोड डलर खर्च भएको थियो । तर, टुर्नामेण्ट सकिएपछि केही थोरै कार्यक्रममात्र त्यहाँ सम्पन्न गरिए भने हाल त्यो रङ्गशाला बसपार्क बनेको छ ।

रूसले सन् २०१४ मा सोचीमा भएको विण्टर ओलम्पिक्समा ५१ अर्ब डलर खर्च गरेको थियो । अहिलेको विश्वकपमा उसले त्यति रकम त खर्च गर्दैन होला, तर लागत भने बढ्ने क्रममै छ । पछिल्लो तथ्याङ्कअनुसार हालसम्म उसले विश्वकपलाई भनेर झण्डै १२ अर्ब डलर खर्च गरिसकेको छ । यो विश्वकपले रूसी अर्थतन्त्रमा २६ अर्बदेखि ३१ अर्ब डलरसम्म थप्ने अधिकारीहरूले अनुमान गरेका छन् । विश्वकपको तयारीले अहिलेसम्म रूसको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा करीब १ प्रतिशत अर्थात् १४ अर्ब डलर र २ लाख २० हजार रोजगारी पनि थपिएको बताइएको छ । यद्यपि, विश्वकपले अर्थतन्त्रमा दिएको योगदानलाई कसरी मापन गरिएको छ भन्नेबारे अधिकारीले केही पनि खुलाएका छैनन् ।

अहिलेको विश्वकपबाट फिफाले ६ अर्ब डलर कमाउने अनुमान छ । यो सन् २०१४ को आम्दानीको तुलनामा २५ प्रतिशत धेरै हो । यसअघिको विश्वकपमा फिफाले ४ अर्ब ८० करोड डलर कमाएको थियो । यसमा संस्थाको नाफा २ अर्ब ६० करोड डलर र प्रसारण आम्दानी २ अर्ब ४३ करोड डलर थियो । त्यस्तै, प्रायोजन र टिकट विक्रीबाट क्रमशः १ अर्ब ६० करोड डलर र ५२ करोड ७० लाख डलर कमाइ भएको थियो । विश्वकप २०१८ ३ अर्ब २० करोड मानिसले हेर्ने अनुमान गरिएकाले यसपटकको ब्रोडकाष्ट आम्दानी ३ अर्ब डलरमा उक्लिन सक्ने बताइएको छ ।

प्रस्तुति : अस्मिता ढकाल

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, १३ असार २०७५ | Wednesday, 27 June 2018
आर्थिक अभियान


## छोटकरी

### ‘लेखनाथ’ हटाउने प्रस्ताव पारित

कास्की (अस) । पोखरा लेखनाथ महानगरपालिकाबाट ‘लेखनाथ’ शब्द हटाउने प्रस्ताव सर्वसम्मतले पारित भएको छ । मङ्गलवार महानगरपालिकाको तेस्रो नगरसभाले प्रस्ताव पारित गरेको हो । पारित प्रस्तावलाई अब कार्यपालिका बैठकले प्रदेश नम्बर ४ सरकारलाई सिफारिश गर्नेछ । प्रदेशले सङ्घीय सरकारलाई सिफारिश गर्ने र मन्त्रिपरिषद्बाट पास भएपछि राजपत्रमा प्रकाशित गरी नाम परिवर्तन हुनेछ ।

### साँफेबगरको बजेट साढे ४७ करोड

अछाम (अस) । साँफेबगर नगरपालिकाले आगामी आर्थिक वर्ष २०७५/७६ का लागि ४७ करोड ६५ लाख २२ हजारको बजेट पारित गरेको छ । साँफेबगर नगर प्रमुख कुलबहादुर कुँवरले दोस्रो नगरसभामा चालूतर्फ ३४ करोड ३२ लाख र पूँजीगततर्फ १३ करोड ३३ लाख विनियोजन गरेका हुन् ।

नगरपालिकालाई केन्द्र सरकारको सशर्त अनुदान २६ करोड ५४ लाख, वित्तीय समानीकरण अनुदान १० करोड ९० लाख, राजस्व बाँडफाँटबाट ८ करोड ३९ लाख र प्रदेश सरकारबाट राजस्वमार्फत ३७ लाख ८५ हजार रुपैयाँ प्राप्त भएको थियो । कुँवरले चालू आवका केही कार्यक्रमलाई निरन्तरतासँगै केही नयाँ कार्यक्रम पनि सार्वजनिक गरेका छन् ।

### सडक र पुललाई २८ करोड ८५ लाख

तनहुँ (अस) । प्रदेश नम्बर ४ सरकारले तनहुँका सडक र पुललाई २८ करोड ८५ लाख रुपैयाँ विनियोजन गरेको छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक कालोपत्र तथा स्तरोन्नति र पुल निर्माणका लागि रकम विनियोजन गरेको हो ।

छाब्दी मार्ग कालोपत्रका लागि १ करोड, अकला मार्ग कालोपत्रका लागि ५० लाख र शुक्लागण्डकी नगरपालिकास्थित अमर शान्ति मोटरमार्गका लागि २० लाख रुपैयाँ छुट्याइएको छ । छिम्केश्वरी-हिलेखर्क-बाहुन भञ्ज्याङ मार्गका लागि २ करोड १० लाख, मानचौका कुन्छा सत्र सय सडकका लागि ५० लाख र भ्जापुटार चालिसे सडकका लागि १ करोड विनियोजन गरिएको छ ।



तस्वीर : राजेश जिसी/आर्थिक अभियान

**प्यूठान नगरपालिका-८, खप्रेङखोलाका महिला तरकारीखेती गर्दै । प्यूठानका ग्रामीण तथा बजार क्षेत्रका महिलाहरू मौसमी तथा बेमौसमी तरकारी खेतीबाट राम्रो कमाइ हुने भएपछि यसतर्फ आकर्षित भएका छन् ।**

# ८२ रोपनी जग्गाको स्वामित्व खोज्दै कामनपा

**अभियान संवाददाता**

काठमाडौं

सार्वजनिक जग्गा संरक्षण गर्ने उद्देश्यले काठमाडौं महानगरपालिकाको वडा नम्बर १४ ले अतिक्रमण भएको ८२ रोपनी जग्गाको स्वामित्व खोज्न शुरू गरेको छ । मङ्गलवार बिहान कलङ्कीको खड्कुँलो पुलको दायाँतर्फबाट मालपोत जाने मार्गमा एएसटी नामक कम्पनीले निर्माण थालेको भवनको पर्खाल भत्काएर यो कार्यको शुरूवात गरिएको हो ।

मालपोत र नापी कार्यालयबाट आएका सर्वेक्षकले २ आना जग्गा कम्पनीको पर्खालभित्र रहेको बताएपछि भत्काउन थालिएको हो । सो क्रममा नापी कार्यालय कलङ्कीबाट खटिएका सर्वेक्षक पन्नालाल शाहले केही जग्गा सडकमा परेको बताएका थिए । एएसटी प्याकेजिङ खाद्यवस्तुमा प्रयोग हुने तथा स्वादका लागि उपयोग हुने

**एएसटी नामक कम्पनीले निर्माण थालेको भवनको पर्खाल भत्काउन शुरू**

रसायनमा काम गर्ने कम्पनी हो ।

यससँगै वडाले सार्वजनिक भनिएका ८२ रोपनी जग्गाको स्वामित्व खोजी गर्न थालेको वडाध्यक्ष शोभा सापकोटाले बताइन् । उनले भनिन्, ‘वडाको नक्सा ल्याइसकेका छौं । अब नक्सा हेर्दै सार्वजनिक जग्गालाई तारबार गर्छौं । वडामा आउने, मालपोत र नापीमा जाने तथा मान्छेलाई लोभमा पार्नेहरूले सार्वजनिक जग्गा ओगटेका हुन् । मेरो पालामा यसलाई सच्याएरै छोड्छु ।’

स्थानीयले सरकारी कार्यालयबीच समन्वय नहुँदा बीचमा बसेर चलखेल गर्नेलाई सजिलो भएको बताए । पर्खाल भत्काइएको एएसटी कम्पनीको निर्माणाधीन भवनको कुरा गर्ने हो भने पनि भवनको बीचमा राजकुलो रहेको प्रमाण दिन आफू तयार रहेको स्थानीय बताउँछन् । तर, नापी सर्वेक्षक शाहले नयाँ नापी नक्सामा त्यस्तो नदेखिएको जानकारी दिए ।

# एसईईको नतीजा त्रुटिको बचाउ

**अभियान संवाददाता**

काठमाडौं

परीक्षा नियन्त्रण कार्यालय (पनिका)ले शनिवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतीजामा त्रुटि भएको स्वीकार गरेको छ । पनिका र राष्ट्रिय परीक्षा बोर्डले सफ्टवेयरको गल्तीले जीपीएको गणनामा त्रुटि भएको भन्दै बचाउ गरेका छन् ।

बोर्डका अध्यक्ष चन्द्रमणि पौडेलले प्राविधिक कमजोरीले परीक्षाको नतीजा प्रकाशनमा त्रुटि भएको यो नै पहिलो नभएकोले यसलाई ठूलो मान्न नहुने तर्क गरे । नेपाल शिक्षा पत्रकार समूहले एसईई नतीजामा भएको लापरबाहीबारे सरोकारवालासँग मङ्गलवार गरेको अन्तरक्रियामा पौडेलले यस्तो तर्क गरेका हुन् ।

उनका अनुसार सफ्टवेयरको नयाँ भर्सनको कमाण्ड हुनुपर्नेमा पुरानो भर्सनको कमाण्ड प्रयोग भएकाले यस्तो त्रुटि देखिएको हो ।

**छानबिन शुरू**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एसईईको नतीजा प्रकाशनमा भएको त्रुटिको वास्तविकता पत्ता लगाउन सोमवार छानबिन समिति गठन गरेको छ । समितिले अहिले छानबिन गरिरहेको र ५ दिनभित्र छानबिन प्रतिवेदन पेश गर्ने बोर्डका अध्यक्ष पौडेलले जानकारी दिए । ‘छानबिनबाट निस्किएको निष्कर्षअनुसार हामी कारबाही भोग्न तयार छौं,’ उनले भने ।

‘सबै नम्बरमा त्रुटि होइन, विषयगत आधारमा ९०, ८०, ७०, ६०, ५०, ४० प्रतिशतको ग्रेडिङ तथा जीपीएमा एक नम्बर कम भएकाले समस्या देखिएको हो । यस्तो त्रुटिमा विद्यार्थीको नम्बर घटेको छैन, बरू त्रुटि सच्चिएर आउँदा बढेको छ,’ उनले भने ।

उनले नयाँ इञ्जिनीयर अनुभवी नभएको भन्दै त्रुटिको बचाउ गरे । नतीजाको प्राविधिक कार्य गर्दै आएका इञ्जिनीयर अनुप न्यौपानेको सरुवाले गर्दा काममा केही अप्ठ्यारो परेको उनको भनाइ थियो । पाठ्यक्रम विकास केन्द्रका प्राविधिक नसिव आचार्यमार्फत कार्यालयले प्राविधिक काम गराएपछि यस्तो समस्या भएको उनले बताए ।

एसईईको नतीजा सार्वजनिक भएको २४ घण्टापछि परीक्षा नियन्त्रण कार्यालयले नतीजामा त्रुटि भएको तथ्य बाहिर ल्याएको थियो । वर्षौंदेखि परीक्षासम्बन्धी जिम्मेवारी बहन गर्दै आएको निकायबाट भएको यो त्रुटिलाई सामान्य मान्न नसकिने सरोकारवालाको भनाइ छ । परीक्षा बोर्ड तथा पनिकाले गल्ती दोहोरिन नदिन बेलैमा जनशक्ति जुटाउनुपर्ने वा नतीजाबारे समय थप गरेर ३-४ दिनपछि सार्वजनिक गर्नुपर्ने सरोकारवालाको भनाइ छ ।

# पक्की पुल सञ्चालन

**अभियान संवाददाता**

अछाम

अछामको प्रमुख पर्यटकीय क्षेत्र रामारोशन गाउँपालिकालाई जोड्ने कैलाश नदीको सेरी मोटरेबल पुल औपचारिक रूपमा सञ्चालनमा आएको छ । तत्कालीन जिल्ला विकास समितिमार्फत पुल निर्माण सम्पन्न भए पनि सञ्चालन हुन सकेको थिएन । स्थानीय तहको पहलकदमीले पुल सञ्चालनमा आएको हो ।

निर्माण सकिए पनि वारिपारि सडकसँग नजोडिँदा पुल सञ्चालन हुन सकेको थिए । पुल सञ्चालनका लागि चालू आर्थिक वर्षमा रामारोशनले १० लाख, जिल्ला समन्वय समितिले २० लाख, मङ्गलसेन नगरपालिकाले १० लाख र बान्नीगढी जयगढ गाउँपालिकाले ५ लाख विनियोजन गरेका थिए ।

पुल सञ्चालनमा आएपछि रामारोशनका जनता र पर्यटकीय क्षेत्र रामारोशन घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकलाई पनि आवतजावतमा सहज हुने भएको छ ।






# जुलाईमा नेपाल-चीन पारवहन सम्झौतामा हस्ताक्षर

**अभियान संवाददाता**

काठमाडौं

आउँदो जुलाईमा नेपाल-चीन पारवहन सम्झौता प्रोटोकलमा हस्ताक्षर हुने भएको छ । आफ्नो चीन भ्रमणबारे मङ्गलवार संसद्लाई जानकारी दिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले व्यापार तथा पारवहनका विषयमा सन् २०१६ मा भएको सहमतिका आधारमा नै अगाडि बढेको र बाँकी रहेका विषयमा आगामी जुलाईमा पारवहन प्रोटोकलमा सहमति हुने जानकारी दिएका हुन् । चीन भ्रमणका क्रममा सरकारी तवरमा १४ र निजी तवरमा आठ गरी २२ ओटा विषयमा सहमति भएको ओलीको भनाइ छ । हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाल विस्तार गर्ने विषयमा दुई पक्षबीच सहमति भएको जानकारी दिँदै ओलीले रेलमार्ग, सडक सञ्जालको विस्तार, प्रसारण लाइनलगायत विषयमा महत्त्वपूर्ण सम्झौता भएको चर्चा गरे ।

ओलीले रेलमार्ग निर्माणसम्बन्धी सहमति महत्त्वपूर्ण रहेको उल्लेख गरे । उनका अनुसार चिनियाँ अनुदानमा केरुङ-काठमाडौं रेलमार्ग अगाडि बढ्ने र काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग निर्माणसमेत अगाडि बढ्ने विश्वास बढेर गएको छ । स्थल तथा हवाई सञ्जालको विस्तार र उत्तर-दक्षिण सम्पर्क सञ्जाल विस्तारमा सहमति भएको उल्लेख गर्दै ओलीले कोशी, गण्डकी र कर्णाली आर्थिक कोरिडोर निर्माण गर्ने विषयमा सहमति भएको, रसुवागढी-गल्छी ४ सय केभी प्रसारण लाइन निर्माण, सन् २०१९ को मेसम्म तातोपानी नाका खोल्ने, रसुवागढी सडक खण्डको विस्तार, पेट्रोलियम पदार्थको खोज तथा अनुसन्धानमा सहयोग गर्नसमेत नेपाल र चीनबीच सहमति भएको जानकारी गराए ।

यस्तै, कृषिउपजको निर्यातका लागि अत्याधुनिक क्वारेण्टाइन स्थापना, चीनका विभिन्न शहरमा महावाणिज्यदूतावास स्थापना गर्न सहमति भएको उल्लेख गर्दै ओलीले थप छात्रवृत्ति उपलब्ध गराउने र मानव स्रोतको विकासमा समेत चीनले सघाउने भएको जानकारी दिए । सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने लक्ष्य राखेको सम्बन्धमा चीन सरकारले सो कार्यका लागि सहयोग उपलब्ध गराउने र चिनियाँ पर्यटकलाई नेपाल भित्र्याउने विषयमा महत्त्वपूर्ण छलफल भएको प्रधानमन्त्रीले स्पष्ट पारे । भ्रमणका क्रममा भएको सहमति कार्यान्वयनका लागि तिब्बत सरकारले सबै तवरबाट सहयोग गर्ने आफूलाई तिब्बत सरकारका प्रमुखले वचनबद्धता व्यक्त गरेकोसमेत प्रधानमन्त्रीले सदनलाई जानकारी दिए ।

उनका अनुसार नेपाल र चीनको परराष्ट्र मन्त्रालयबीच उच्चस्तरीय संयन्त्र स्थापना र ३ अर्ब युयान सहयोग उपलब्ध गराउने सम्बन्धमा भएको विगतको सहमतिका आधारमा थप १ अर्ब युयान उपलब्ध गराउने सहमति भएको छ । त्यस्तै, कृषि, जलविद्युत्, सञ्चार प्रविधि तथा सडक सञ्जाल तथा भौतिक पूर्वाधारको क्षेत्रमा महत्त्वपूर्ण सहमति भएको उल्लेख गर्दै ओलीले दीर्घकालीन आर्थिक सहयोगको खाका तयार भएको र दुई देशबीचको सम्बन्ध विस्तारमा समेत नयाँ आयाम खडा भएको स्पष्ट पारेका छन् ।

**लगानी बोर्ड खारेज गर्न माग**

नेपाल मजदूर किसान पार्टीले लगानी बोर्ड नेपाल खारेज गर्न सरकारसँग माग गरेको छ । सो पार्टीका सांसद प्रेस सुवालले संसद् बैठकमा विदेशीलाई श्रम र मुनाफा दिने नियतका साथ काम गरिरहेको लगानी बोर्ड नेपालका लागि उपयुक्त नदेखिएकाले तत्काल खारेज गर्न माग गरे ।

मङ्गलवारको प्रतिनिधिसभामा विनियोजन बजेटअन्तर्गत विभिन्न शीर्षकमाथिको छलफलमा भाग लिँदै उनले लगानी बोर्डले स्वदेशी लगानीलाई भन्दा विदेशी लगानीलाई जोड दिने गरेकोमा आपत्ति व्यक्त गरे । उनका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सार्वजनिक निर्माण तथा अनुगमनको काममा पूर्णतः असफल भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले भ्रष्टाचार अन्त्य गरेर मुलुकमा सुशासन बहाल गर्न नसकेकोसमेत उनले आरोप लगाए ।

सांसद सुवालले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको औचित्यमाथि पनि प्रश्न उठाए । प्राधिकरणले पुनर्निर्माणको कामलाई गति नदिएको भन्दै उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत रहेको सो निकायको औचित्य पुष्टि गरेर देखाउन प्रधानमन्त्रीलाई चुनौती दिए ।

# यार्सा सङ्कलन पूर्जीबाट १५ लाख आम्दानी

**प्रवीर ददेल**

रुकुम

जिल्लाको यार्सा सिजन व्यवस्थापन समितिले यार्सा सङ्कलन पूर्जी वितरणबाट १४ लाख ७० हजार रुपैयाँ आम्दानी गरेको छ । यार्सा टिप्ने सर्वसाधारण तथा खरीद गर्ने व्यापारीबाट नगद सङ्कलन गरिएको समितिका अध्यक्ष अमरधन पुनले बताए ।

यार्सा खोज्ने सर्वसाधारणबाट समितिले ९ लाख आम्दानी गरेको छ । बाहिरका सर्वसाधारणबाट



समितिले प्रवेश शुल्क भनेर प्रतिसर्वसाधारण १ हजार ५ सय रुपैयाँ लिएको थियो । ३ हजारभन्दा बढी यार्सा खोज्नेमा ६ सयको हाराहारीमा मात्रै स्थानीय थिए । समितिले स्थानीयलाई प्रवेश शुल्क लिने गरेको छैन ।

यस सिजनमा समितिले यार्सा खरीद गर्ने स्थानीय व्यापारीलाई प्रतिव्यापारी १५ हजार प्रवेश शुल्कबापत रकम लिएको थियो । ३२ जना स्थानीय व्यापारीले १५ हजारका दरले ४ लाख ८० हजार रुपैयाँ समितिलाई बुझाएका थिए । समितिले बाहिरका प्रतिव्यापारीबाट ३० हजार रुपैयाँ शुल्क लिएको थियो । यार्सागुम्बा सङ्कलनबाट जिल्ला वन कार्यालय रुकुमले ३ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले यस सिजनमा १३ किलो यार्साको मात्रै राजस्व सङ्कलन भएको बताएको छ ।


न्यू बिजनेश एज (प्रा) लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | सम्पादक : अजयभद्र खनाल | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-४२६७७१७, फ्याक्स-४२६८७२६ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : एक्सप्रेस कलर प्रेस कं. प्रा.लि., बुद्धनगर, काठमाडौं